# लक्ष्मी कवितासङ्ग्रहका कवितामा प्रकृति चित्रण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य

(एम. फिल.) तहको उपाधिका निम्ति तेस्रो सत्र

पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि

प्रस्तुत

**शोधप्रबन्ध**


शोधकर्ता

दीपक ठकुरी

दर्शनाचार्य तह, तेस्रो सत्र

क्रमाङ्क : ३४


२०८१

# सिफारिसपत्र

नेपाली दर्शनाचार्य तहका विद्यार्थी श्री दीपक ठकुरी (शैक्षिक वर्ष २०७४/०७५) ले *लक्ष्मी कवितासङ्ग्रहका कवितामा प्रकृति चित्रण* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष सिफारिस गर्दछु ।

...............................................

(प्रा. डा. महादेव अवस्थी)

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

मिति : २०८१/०३/२३

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तहका विद्यार्थी श्री दीपक ठकुरीले दर्शनाचार्य तह (एम.फिल.) तेस्रो सत्रको निर्धारित पाठ्यांश ६०९ र ६१० को आंशिक प्रयोजन परिपूर्तिका लागि तयार पार्नुभएको प्रस्तुत *लक्ष्मी कवितासङ्ग्रहका कवितामा प्रकृति चित्रण* शीर्षकको शोधप्रबन्धको आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोधप्रबन्ध मूल्याङ्कन समिति

१. प्रा.डा. कृष्णप्रसाद न्यौपाने ....................................

(विभागीय प्रमुख)

२. प्रा. डा. महादेव अवस्थी ....................................

(शोधनिर्देशक)

३. सहप्रा.डा. रजनी ढकाल ....................................

(आन्तरिक परीक्षक)

४. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ....................................

(बाह्य परीक्षक)

मिति : २०८१/०३/२६

# कृतज्ञताज्ञापन

*लक्ष्मी कवितासङ्ग्रहका कवितामा प्रकृति चित्रण* शीर्षकको शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य (एम.फिल.) तहको तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि तयार पारेको हुँ । प्रस्तुत शोधकार्य आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीको निर्देशनमा तयार पारेको हुँ । उहाँले उच्च प्राज्ञिक निर्देशन दिनुका साथै व्यस्तताका बिच समय उपलब्ध गराई उचित मार्गदर्शन गरेर यो शोधकार्य सम्पन्न भएको हो । उहाँको हार्दिक सहयोग र उच्च प्राज्ञिक मार्गनिर्देशनबाटै यो शोधकार्य सम्पन्न भएकाले सर्वप्रथम म उहाँप्रति विशेष कृतज्ञताज्ञापन गर्दछु । शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा शोधको आन्तरिक परीक्षण गरेर परिमार्जनका लागि सुझाव प्रदान गर्नुहुने सहप्राध्यापक डा. रजनी ढकालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

दर्शनाचार्य तह अध्ययनका क्रममा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिएर शोधकार्य गर्न सधैँ उत्प्रेरित गर्नुहुने आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधकार्यका लागि अमूल्य सुझाव दिई मार्गनिर्देश गर्नुहुने त्रिभुवन विश्वविद्यालयअन्तर्गतको नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने तथा आदरणीय गुरुहरू प्रा.डा. देवीप्रसाद गौतम, प्रा. केशव सुवेदीलगायत मेरा सहपाठी मित्रहरूप्रति पनि म आभारी छु । यसै गरी सहृदयी व्यवहार र सधैँ सहयोगका लागि तत्परता देखाउने नेपाली केन्द्रीय विभागका सम्पूर्ण कर्मचारीलाई धन्यावद ज्ञापन गर्दछु । शैक्षिक उन्नयनका लागि प्रेरित गरिरहनुहुने पिता शेरबहादुर ठकुरी र माता उदयकुमारी रास्कोटीप्रति म आभारी छु । यस शोधपत्रको टङ्कनमा सहयोग गर्नुहुने राममाया शाही, अनिता ठकुरी, ज्ञानेन्द्र भुजेल र विक्रम लावतीप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

शोधकर्ता

दीपक ठकुरी

| | |
|---|---|
| सिफारिसपत्र | क |
| स्वीकृतपत्र | ख |
| कृतज्ञतापत्र | ग |


**पहिलो अध्याय**


| | |
|---|---|
| **शोधपरिचय** | **१-१२** |
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | १-२ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २-१० |
| १.५ शोधको औचित्य | १० |
| १.६ शोधको सीमाङ्कन | १० |
| १.७ सामग्री सङ्कलन विधि | १०-११ |
| १.८ सैद्धान्ति ढाँचा | ११ |
| १.९ विश्लेषण विधि | ११ |
| १.१० शोधप्रबन्धको रूपरेखा | १२ |


**दोस्रो अध्याय**


| | |
|---|---|
| ***लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका रसात्मक स्वरूपको चित्रण** | **१३-३२** |
| २.१ विषयपरिचय | १३ |
| २.२ प्रकृतिका रसात्मक स्वरूपसम्बन्धी मान्यता | १३ |
| २.२.१ रसको परिचय र रसोपकरण | १३-१७ |
| २.२.२ रसका प्रकार | १७-२० |
| २.३ *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका रसात्मक स्वरूप | २०-२१ |
| २.३.१ प्रकृतिको शृङ्गारिक स्वरूप | २१-२३ |
| २.३.२ प्रकृतिको हास्य स्वरूप | २३-२४ |
| २.३.३ प्रकृतिको करुण स्वरूप | २४-२६ |
| २.३.४ प्रकृतिको रौद्र स्वरूप | २६-२७ |
| २.३.५ प्रकृतिको वीर स्वरूप | २७-२८ |

२.३.६ प्रकृतिको भयानक स्वरूप २८-२९
२.३.७ प्रकृतिको बीभत्स स्वरूप २९-३०
२.३.८ प्रकृतिको अद्‌भुत स्वरूप ३०
२.३.९ प्रकृतिको शान्त स्वरूप ३०-३२
२.६ निष्कर्ष ३२

## तेस्रो अध्याय

**_लक्ष्मी कवितासङ्ग्रह_का कवितामा प्रकृति चित्रणका पद्धति** ३३-५७
३.१ विषयपरिचय ३३
३.२ प्रकृति चित्रणका पद्धतिसम्बन्धी मान्यता ३३-३८
३.३ *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका पद्धति ३८
३.३.१ प्रकृतिको वस्तुपरक चित्रण ३८-३९
३.३.२ प्रकृतिको आत्मपरक चित्रण ३९-४०
३.३. ३ प्रकृतिको मानवीकरण ४०-४१
३.३.४ प्रकृतिको स्त्रीलिङ्गीकरण ४१-४२
३.३.५ प्रकृतिको प्रतीकात्मक चित्रण ४२-४५
३.३.६ प्रकृतिको मूर्तीकरण र अमूर्तीकरण ४५
३.३.७ प्रकृतिको इन्द्रिय संवेद्य चित्रण ४५-४६
३.३.७.१ प्रकृतिको दृश्य संवेद्य चित्रण ४६-४८
३.३.७.२ प्रकृतिको स्पर्श संवेद्य चित्रण ४८-४९
३.३.७.३ प्रकृतिको ध्वनि संवेद्य चित्रण ४९-५१
३.३.७.४ प्रकृतिको गन्ध संवेद्य चित्रण ५१-५३
३.३.७.५ प्रकृतिको स्वाद संवेद्य चित्रण ५३
३.३.८ आलम्बनका रूपमा प्रकृति ५३-५५
३.३.९ उद्दीपनका रूपमा प्रकृति ५५-५६
३.४ निष्कर्ष ५६-५७

## चौथो अध्याय

**_लक्ष्मी कवितासङ्ग्रह_का कवितामा प्रकृतिसम्बन्धी दृष्टिकोण** **५८-६५**

४.१ विषयपरिचय ५८

४.२ प्रकृतिप्रतिको दृष्टिकोणसम्बन्धी अवधारणा ५८

४.३ *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिप्रतिको दृष्टिकोण ५८

४.३.१ ज्ञानको स्रोतका रूपमा प्रकृति ५८-५९

४.३.२ ईश्वरका रूपमा प्रकृति ५९-६०

४.३.३ सम्पन्नताको स्रोतका रूपमा प्रकृति ६०-६१

४.३.४ औषधीका रूपमा प्रकृति ६१

४.३.५ सौन्दर्य भण्डारका रूपमा प्रकृति ६२

४.३.६ सृजकका रूपमा प्रकृति ६२-६३

४.३.७ मित्रका रूपमा प्रकृति ६३-६४

४.४ निष्कर्ष ६४-६५

**पाँचौँ अध्याय**

**सारांश तथा निष्कर्ष** ६६-७३

५.१ सारांश ६६-६८

५.२ निष्कर्ष ६८-७०

सन्दर्भसामग्री सूची ७१-७३

## पहिलो परिच्छेद
## शोधपरिचय

### १.१ विषयपरिचय

लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा चित्रित प्रकृतिका रसात्मक स्वरूपको विवेचना गरी प्रकृति चित्रणका पद्धतिका आधारमा यस सङ्ग्रहका कविताको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको विषय हो । लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नेपाली कविता विधाका बहुआयामिक कवि हुन् । १९९१ मङ्सिर १५ गते *गोरखापत्र*मा 'पूर्णिमाको जलधि' र १९९१ साल फागुनमा *शारदा* मासिक पत्रिकामा 'गरीब' कविता प्रकाशित भएबाट उनको कविता यात्रा औपचारिक रूपमा प्रारम्भ भएको हो । उनले काव्यअन्तर्गत फुटकर कविता, खण्डकाव्य र महाकाव्य रचना गरेका छन् । देवकोटाका *वसन्ती* (२००९), *पुतली* (२००९), *भिखारी* (२०१०), *छहरा* (२०१६), *चिल्ला पातहरू* (२०२१), *मनोरञ्जन* (२०२४), *नवरस* (२०२५), *आकाश बोल्छ* (२०२५), *छाँगासँग कुरा* (२०२९), *कटक* (२०२६), *गाइने गीत* (२०२४), *भावना गांगेय* (२०२४), *सुनको बिहान* (२०३३) र *लक्ष्मी कवितासङ्ग्रह* (२०३३) गरी चौधवटा कवितासङ्ग्रह प्रकाशित छन् ।

*लक्ष्मी कवितासङ्ग्रह*मा देवकोटाद्वारा २०१३ देखि २०१६ सम्ममा लेखिएका ८८ वटा कविता सङ्गृहीत छन् । ती कवितामध्ये प्रकृतिलाई विषयवस्तु बनाइएका र प्राकृतिक सौन्दर्यको वर्णन गरिएका ४० वटा कवितालाई यस शोधकार्यका लागि छनोट गरिएको छ । प्रस्तुत शोधकार्यमा प्रकृतिको रसात्मक स्वरूप, प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको दृष्टिकोणका आधारमा *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लेषण गरिएको छ ।

'प्रकृति' शब्द अङ्ग्रेजी भाषाको 'Nature' को नेपाली रूपान्तरण हो । मानवद्वारा निर्माण नगरिएका प्रकृतिप्रदत्त पृथ्वी, तारा, आकाश, जून, अन्तरिक्ष, हावा, पानी, इन्द्रेनी, वन, खोलानाला आदि नै प्रकृति हुन् । मानवनिर्मित परिदृश्यबाहेक हाम्रो वरपरको संसार नै प्रकृति हो । प्रकृतिअन्तर्गत अमूर्त वस्तुसमेत पर्छ । *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रण के कसरी गरिएको छ भन्ने खोजी गर्नु नै यस शोधको मुख्य विषय हो ।

### १.२ समस्याकथन

*लक्ष्मी कवितासङ्ग्रहका कवितामा प्रकृति चित्रण* भन्ने शोध शीर्षक प्राज्ञिक अध्ययनका दृष्टिबाट अत्यन्त महत्त्वपूर्ण छ । प्रकृतिका रसात्मक स्वरूप, प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको दृष्टिकोणका आधारमा *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा के कसरी प्रकृतिको चित्रण गरिएको छ

भन्ने प्राज्ञिक जिज्ञासामा यस शोधको समस्या केन्द्रित रहेको छ । प्रस्तुत शोधका शोध समस्याहरू निम्नानुसार रहेका छन् :

(क) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका केकस्ता रसात्मक स्वरूपको चित्रण गरिएको छ ?

(ख) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका केकस्ता पद्धतिको उपयोग गरिएको छ ?

(ग) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिप्रति केकस्ता दृष्टिकोण व्यक्त गरिएको छ ?

## १.३ शोधको उद्देश्य

*लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका विविध पद्धतिको खोज गरी तिनैलाई आधार बनाएर कविताको विश्लेषण गर्नु प्रस्तुत शोधको मूल उद्देश्य रहेको छ । ती मूल उद्देश्यलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(क) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका रसात्मक स्वरूपको विश्लेषण गर्नु,

(ख) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणको पद्धतिका उपयोगका बारेमा समीक्षा गर्नु,

(ग) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणसम्बन्धी दृष्टिकोण पहिल्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

देवकोटाद्वारा रचित फुटकर कविताबारे विधागत स्वरूप, बिम्ब, प्रतीक, स्वच्छन्दतावादका कोणबाट चर्चा, परिचर्चा, अध्ययन, अनुसन्धान तथा विश्लेषण भइसकेका छन् । इन्द्रविलास अधिकारी, कुमारबहादुर जोशी, कृष्णराज अधिकारी, घनश्याम नेपाल, दुर्गाप्रसाद अर्याल, नेत्रप्रसाद न्यौपाने, महादेव अवस्थी, रामनाथ ओझा, रामप्रसाद ज्ञवाली, सञ्जय राई बान्तवा, टुनराज भट्टराई, रामकृष्ण अधिकारी, चूडामणि बन्धु, नरेन्द्रराज प्रसाईंलगायतका अनुसन्धाता तथा समालोचकले उनका कवितालाई विविध कोणबाट विश्लेषण गरेको पाइन्छ तर अनुसन्धाता तथा समालोचकले प्रकृति चित्रणलाई मुख्य विषय बनाएर विस्तृत रूपमा विश्लेषण गरेको पाइँदैन ।

*लक्ष्मी कवितासङ्ग्रह*का कविताबारे प्रकृतिको रसात्मक स्वरूप, प्रकृतिको इन्द्रिय संवेद्य चित्रण, प्रकृतिको प्रतीकात्मक चित्रण, प्रकृतिको मानवीकरण, प्रकृतिको स्त्रीलिङ्गीकरण, प्रकृतिको मूर्तीकरण तथा अमूर्तीकरण र प्रकृतिप्रतिको दृष्टिकोणमा केन्द्रित भएर हालसम्म विस्तृत अध्ययन नभए पनि विभिन्न कोणबाट *लक्ष्मी कवितासङ्ग्रह*का कविताबारे भएका पूर्वाध्ययन तथा विश्लेषणका साथै रस, बिम्ब, प्रतीक, इन्द्रिय संवेद्यता र मानवीकरणमा आधारित रहेर गरिएका

अनुसन्धानले प्रस्तुत शोधमा समस्याको पहिचान, सैद्धान्तिक ढाँचा निर्धारण र कविता विश्लेषणका लागि सहयोग पुऱ्याएका छन् । ती पूर्वकार्यलाई कालक्रमका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

दिवाकर प्रधान (सन् १९९४) ले *अध्यात्म चेतनामूलक आधुनिक नेपाली कविताको विश्लेषण तथा मूल्याङ्कन* शीर्षकमा विद्यावारिधि तहको शोधकार्यमा लक्ष्मीप्रसाद देवकोटाका *शाकुन्तल* महाकाव्य तथा *मुनामदन* र *लुनी* खण्डकाव्यमा व्यक्त अध्यात्म चेतनाको चर्चा गरेका छन् । *लक्ष्मी कवितासङ्ग्रह*का 'शून्यमा शून्य सरी', 'पानी', 'फागुन फुल्छ संसार सारा', 'एक असारको बिहान' र 'शाहजहाँको इच्छा' कवितामा व्यक्त अध्यात्म चेतनाको विश्लेषणसमेत गरेका छन् । देवकोटाका कवितामा प्रकृतिको जडमुखी वर्णन मात्र नभई प्रकृतिलाई चैतन्य स्वरूपमा पनि अवलम्बन गरेर सत्य र सुन्दरको आध्यात्मिक मूल्यलाई प्रतिष्ठापित गरिएको निष्कर्ष प्रस्तुत गरेका छन् । देवकोटाको कवितामा चित्रित प्रकृतिको शान्त स्वरूप निरूपण गर्न भने यस शोधकार्यले सहयोग पुऱ्याएको छ ।

कुमारबहादुर जोशी (२०५३) ले *देवकोटाका काव्यकृतिमा प्रकृति* नामक पुस्तकमा देवकोटाका फुटकर कविता, खण्डकाव्य र महाकाव्यमा चित्रित प्रकृतिको चर्चा गरेका छन् । यसमा प्रकृतिको बहुमुखी प्रयोग र आत्मपरक प्रकृति चित्रण देवकोटाको महत्त्वपूर्ण पक्ष भएको उल्लेख गरिएको छ । *लक्ष्मी कवितासङ्ग्रह*का 'सन्ध्या', 'वसन्त', 'वर्षा', 'नीलकाँटाको आवाज', 'गधा बोल्छ', 'तारा', 'हुरीको गीत', 'ज्वरशमना प्रकृति', 'वसन्तपूर्णिमाप्रति', 'पानी', 'इन्द्रेनी', 'झञ्झाप्रति', 'एक बिहान', 'गौँथली र देवकोटा', 'दोर्जीलिङको बाघचूलीमा', 'सघन तमिस्राप्रति', 'धोबिनीले पगली बोली', 'एशिया' र 'कुखुरो' कविताको विषयवस्तु र भावपक्षको सङ्क्षेपमा चर्चा गरिएको छ । देवकोटाले असङ्ख्य फुटकर कविता तथा अनेकानेक खण्डकाव्यदेखि महाकाव्यसम्ममा प्रकृतिको विशाल साम्राज्यको स्थापना गरेर नेपाली साहित्यमा नयाँ कीर्तिमान कायम गरेको उल्लेख गरिएको छ । प्रकृतिको काखमा समस्त सांसारिक दुःखदर्दको शमन गर्ने सामर्थ्य विद्यमान रहेको र समस्त विश्वब्राह्माण्ड परमप्रकृति परमेश्वरको मन्दिर हो भन्ने प्रकृतिप्रतिको दृष्टिकोणसमेत प्रस्तुत गरिएको छ । जोशीको यस अध्ययनले प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको लेखकीय दृष्टिकोण पहिल्याउन सहयोग पुऱ्याएको छ ।

ईश्वर बराल (२०५५) ले 'काव्यक्षेत्रमा श्री देवकोटाज्यू' शीर्षकको समालोचनात्मक लेखमा देवकोटा प्रकृतिबाट जीवनको सतहमा आउने भएकाले वर्डस्वर्थ कविको स्मरण पाठकलाई हुने चर्चा गरेका छन् । देवकोटाका कवितामा प्रकृतिको आडले मानव-जीवनको हर्ष विषाद, प्रेम वियोग,

करुणा, राष्ट्रियता इत्यादिको चित्रण हुने उल्लेख गरिएको छ । बरालले गरेको उक्त पूर्वकार्यले देवकोटाका कवितामा प्रकृति चित्रण र प्रकृतिका विविध रसात्मक स्वरूपको चित्रण रहेको सङ्केत पाइन्छ ।

कुमारबहादुर जोशी (२०५७) ले *देवकोटाका कविता-यात्राको विश्लेषण र मूल्याङ्कन* कृतिमा देवकोटाका ६४४ फुटकर कविता, २१ खण्डकाव्य र ६ महाकाव्यलाई सिर्जनाक्रमका प्रत्येक दशकका प्रत्येक वर्षलाई आधार मानी कविता यात्राका चार दशकको सङ्क्षिप्त चर्चा गरेका छन् । उनले देवकोटाका कविता यात्राका मोड उपमोडलाई पाँच खण्डमा विभाजन गरी प्रत्येक मोडका स्वरूप तथा प्रवृत्ति र प्राप्तिबारे विश्लेषण गरेका छन् । देवकोटाको पाँचौं मोडको दोस्रो उपमोडमा विषयवस्तुका दृष्टिले प्रकृति पुनः एक मुख्य तत्त्वका रूपमा देखापरेको र देवकोटाले प्रकृतिको प्रयोग नवीन सन्दर्भमा गरेको सङ्केत गरिएको छ । देवकोटाका कवितामा प्रकृतिको मानवीकरण, प्रकृति-मानव-दिव्यताको तादात्म्यको प्रतिपादन, प्राकृतिक सौन्दर्य माधुर्यप्रतिको आकर्षण र त्यसको सौन्दर्यमूलक भावोल्लास, प्राकृतिक बिम्ब एवं प्रतीकहरूद्वारा मानवीय अन्तर्जीवन र समाजका विविध भाव सन्दर्भको व्यञ्जना भएको निष्कर्ष प्रस्तुत गरिएको छ । देवकोटाका कवितामा प्रकृतिलाई नै मानव सभ्यता र मानवीय आन्तरिक मूल्यको उत्प्रेरक स्रोत ठान्ने दृष्टिकोणसमेत व्यक्त भएको उल्लेख गरिएको छ ।

सञ्जय राई (सन् २००२) ले *महाकवि लक्ष्मीप्रसाद देवकोटाका फुटकर कवितागत बिम्ब-विधानको विश्लेषणात्मक अध्ययन* शीर्षकमा विद्यावारिधि तहको शोधकार्यमा देवकोटाका फुटकर कवितामा प्रयुक्त बिम्बविधानको व्याख्या विश्लेषण गरेका छन् । यसमा ‘वसन्त’, ‘पागल’, ‘दोर्जीलिङको बाघचूली’, ‘प्रलयवेदना’, ‘दाल-भात-डुकू’, ‘अतिथिहरू’, ‘फूलकी कोपीप्रति’, ‘एक असारको बिहान’, ‘प्रार्थनाकी निशि’, ‘ग्रहण नुहाउँदीप्रति’, ‘राजा ! केवल एक कलम देऊ’, ‘शून्यमा शून्य सरी’, ‘बिहानको आकाशलाई’, ‘सन्ध्या’, ‘शाहजहाँको इच्छा’, ‘रातकी आत्माप्रति’, ‘माघ खुलेको बिहानको जप’, ‘हुरीपछिको गृहागमन’, ‘हुरीको गीत’, ‘जित्नु छ साथी ! जित्नु छ साथी !’ र ‘भूतलाई झटारो’ कवितामा प्रयुक्त विविध बिम्बको विश्लेषण गरिएको छ । राईले बिम्बविधानसम्बन्धी गरेका गहन एवम् विस्तृत प्रस्तुत समीक्षा इन्द्रिय संवेद्य बिम्बको अध्ययन विश्लेषणका निम्ति महत्त्वपूर्ण सैद्धान्तिक आधार सामग्री बन्न सक्दछ । उनको अध्ययन यस शोधकार्यमा प्रकृतिको इन्द्रिय संवेद्य चित्रणको सैद्धान्तिक आधार निर्माणका निम्ति उपयोगी भएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६०) ले *कविता सिद्धान्त र नेपाली कविताको इतिहास* नामक पुस्तकमा कविताको सैद्धान्तिक पक्ष र नेपाली कविताको चर्चा गरेका छन् । उनले देवकोटाबाट शास्त्रीयतावादी कठोर बन्धनलाई तोड्दै नेपाली कवितामा स्वच्छन्दतावादी धाराको थालनी भई आधुनिक कालको प्रारम्भ भएको उल्लेख गरेका छन् । लुइटेलले देवकोटाका कवितामा प्रकृतिका शान्त, रम्य, रौद्र, भीषण आदि रूपको चित्रण भावप्रबलताका साथ आत्मपरक ढङ्गले गरिएको निष्कर्ष निकालेका छन् । लुइटेलको यस किसिमको विश्लेषणले पनि *लक्ष्मी कवितासङ्ग्रह*का कविता प्रकृति चित्रणका पद्धतिका आधारमा विवेच्य रहेको सङ्केत पाइन्छ ।

महादेव अवस्थी (२०६१) ले *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता* पुस्तकमा लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिताको विकासक्रमको चर्चा गरेका छन् । यस पुस्तकमा *लक्ष्मी कवितासङ्ग्रह*का 'साँढे', 'पागल', 'इन्द्रेनी', 'झञ्झाप्रति', 'हुरीको गीत', 'अतिथिहरू', 'गौँथली र देवकोटा', 'दोर्जीलिङको बाघचूली' जस्ता कविताद्वारा देवकोटाले स्वच्छन्दतावादी प्रगतिवादी स्वरलाई कवितात्मक स्तरीयताका साथ प्रकट गरेको उल्लेख छ । देवकोटाद्वारा स्वच्छन्दतावादअन्तर्गत प्रकृति, मानवता र ईश्वरीयताका त्रिकोणात्मक वृत्तिभित्रै रही प्राचीन र प्राकृतिक सभ्यता-संस्कृति एवं जीवनप्रतिको प्रेम अनि स्वतन्त्रता, समानत र भ्रातृत्वका भावनामा आधारित मानवतावादप्रतिको समर्थन र मानवीयतामै आधारित ईश्वरीय आस्तिकताप्रतिको आस्थालाई कम नियन्त्रित र अधिकतम उन्मुक्त एवं तीव्र कल्पनाशील आत्मपरक, आवेगमूलक र वेगशाली अभिव्यक्ति शैलीद्वारा रमरम बौद्धिकताको स्पर्शसमेत दिई प्रकट गरिएको उल्लेख छ । यस पुस्तकमा देवकोटाका कवितामा प्रकृति चित्रण भएको र तीव्र कल्पनाशी आत्मपरक अभिव्यक्ति शैली अपनाइएको सङ्केत गरेका छन् । अवस्थीको यस किसिमको अध्ययनले प्रस्तुत शोधकार्यमा प्रकृति चित्रणका पद्धति पहिल्याउन सहयोग पुऱ्याएको छ ।

सालिकराम पौडेल (२०६२) ले 'देवकोटाको शाहजहाँको इच्छा कविता : एक चर्चा' शीर्षकको समालोचनात्मक लेखमा देवकोटाको यस कवितामा सृष्टि र सौन्दर्य, जीवन र मृत्यु तथा प्रणय र शोकसम्बन्धी स्वच्छन्दतावादी रहस्यवादी चिन्तन प्रकट भएको उल्लेख गरेका छन् । शोकले आवेष्टित विप्रलम्भ शृङ्गारिक रसयुक्त यस कवितामा वैयक्तिक शोकलाई साधारणीकरण गरी सार्वभौमीकरण गर्ने प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । पौडेलको यस किसिमको अध्ययनले प्रस्तुत शोधकार्यमा प्रकृतिको शृङ्गारिक स्वरूप पहिल्याउन सहयोग गरेको छ ।

कुमारबहादुर जोशी (२०६५) ले देवकोटाको जीवनादर्श र जीवनदर्शन' शीर्षकको समालोचनात्मक लेखमा देवकोटालाई पूर्वीय प्राचीन आर्य-संस्कृतिमा अगाध आस्था राख्ने एवम्

ईश्वरवादीका रूपमा चिनाएका छन् । देवकोटाका 'यात्री', 'मार्ग' आदि कवितामा ईश्वरवादी जीवनदर्शन प्रकट भएको उल्लेख गरिएको छ । देवकोटा २००४ को श्रावणदेखि २००६ को दसैँपूर्वसम्म यथार्थवादी, सुधारवादी एवम् प्रगतिवादी बनेको र 'साँढे', 'झञ्जावीर', 'सघन तमिस्राप्रति', 'जित्नु छ साथी ! जिताउनु छ साथी', 'मध्य रातमा', 'उद्‌बोधन' आदि कविता लेखेको जनाइएको छ । जोशीको यस अध्ययनले प्रस्तुत शोधकार्यमा प्रकृतिसम्बन्धी देवकोटाको दृष्टिकोण पहिल्याउन सहयोग पुऱ्याएको छ ।

आनन्ददेव भट्ट (२०६६) ले 'काव्यात्मक आलोकमा महाकवि देवकोटा' *(मधुपर्क)* शीर्षकको लेखमा देवकोटालाई एक असाधारण, अद्वितीय, सारस्वत प्रतिभायुक्त, कल्पनाशीलता, सौन्दर्यचेतना, विचार र शैलीभित्रको साङ्गीतिकता, अभिव्यक्तिको अजस्र वेगमय प्रवाह, शब्द छनोटको स्वःस्फूर्त कुशलता, शैलीको नव्यता र प्रयोगात्मकता, साहित्यको गूढतम् भाव र दिव्य सन्देशयुक्त अभिव्यक्तिका वेगमय साहित्यकारका रूपमा चिनाएका छन् । भट्टको यस अध्ययन देवकोटाको काव्यात्मक प्रवृत्तिसँग सम्बन्धित छ । उनले देवकोटाका कृतिमा प्रकृति चित्रण रहेको सामान्य सङ्केत गरेका छन् । भट्टको यस अध्ययनले प्रस्तुत शोधकार्यमा प्रकृति चित्रणसम्बन्धी अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

राजेन्द्र सुवेदी (२०६६) ले *काव्य, निबन्ध केन्द्रका देवकोटा* पुस्तकमा *लक्ष्मी कवितासङ्ग्रह*का 'नीलकाँटाको आवाज', 'गधा बोल्छ', 'एक सुन्दरी च्यामिनीप्रति', 'पापको गुनासो', 'एक सुन्दरी वेश्याप्रति', 'ज्यापु', 'सार्की' र 'सिस्नोको गुनासो' कवितालाई उपेक्षित वस्तुका सन्दर्भबाट विश्लेषण गरेका छन् । वनस्पति र मानवका पारस्परिक सम्बन्धको बिचमा विकास भएको उपेक्षित संवेदनाको कडी 'नीलकाँटाको आवाज' भएको चर्चा गरिएको छ । मानवको आचारणमा रहेको स्वार्थलाई मौन रूपमा निरीक्षण गर्ने र मानवीय दुराचारको सूचनालाई प्रद्योतन गर्ने तर मान्छेले प्रतिपादन गरेका उपेक्षा भावको संवेदनालाई 'सिस्नोको गुनासो' कवितामा प्रकट भएको विचार व्यक्त गरिएको छ । मानव, मानवेतर प्राणी, वनस्पति र अमूर्त तत्त्व पाप, पुण्य, धर्म, संस्कार जस्ता अनेकौँ वस्तुहरूको प्रतिपादन गर्ने कविता देवकोटाको सिर्जनाका नमुना भएको निष्कर्ष प्रस्तुत गरिएको छ । सुवेदीको यस किसिमको अध्ययन प्रस्तुत शोधकार्यमा प्रकृतिको बीभत्स स्वरूप पहिल्याउन उपयोगी भएको छ ।

मोदनाथ प्रश्रित (२०६६) ले *महाकवि देवकोटाको वैचारिक विकास* पुस्तकमा 'प्रभुजी ! मलाई भेडो बनाऊ', 'यात्री', 'परिवर्तन', 'आँधी', 'झञ्झाप्रति', 'सुनको बिहान', 'वसन्त' आदि कवितामा व्यक्त वैचारिक पक्षको चर्चा गरेका छन् । देवकोटालाई शास्त्रीय ईश्वरलाई नकारी

मानवेश्वर मान्ने कविका रूपमा चिनाइएको छ । देवकोटाद्वारा ईश्वर, निरङ्कुशतन्त्र, साम्राज्यवाद, पुरोहितवाद, जातीय असमानता र भेदभावको भण्डाफोर गरिएको निष्कर्ष प्रस्तुत गरिएको छ । प्रश्रितको यस अध्ययनले प्रस्तुत शोधकार्यमा प्रकृतिप्रतिको देवकोटाको दृष्टिकोण पहिल्याउन सहयोग पुगेको छ ।

कृष्णप्रसाद आचार्य (२०६७) ले 'लक्ष्मीप्रसाद देवकोटा : ज्वरशमना प्रकृति' *(कुञ्जिनी)* शीर्षकको लेखमा 'ज्वरशमना प्रकृति' कविताको विषयवस्तु, भावभूमि, संरचना र शैलीबारे विश्लेषण गरेका छन् । यस कवितामा प्रकृतिका साथै प्राकृतिक सौन्दर्यको वर्णन गर्दै समाजमा व्याप्त असामाजिकताको उन्मूलनका निम्ति प्रकृतिबाट पाठ सिक्नुपर्ने विचार व्यक्त गरिएको छ । कवितामा क्रान्ति र विद्रोह, हास्यव्यङ्ग्य, प्रगतिवादको मोह जस्ता प्रवृत्तिबाट वाक्कदिक्क भई वा थकित बनी फेरि शान्त प्रकृतितर्फको ऋषि चेतमै फर्कन आग्रह गरिएको छ । आचार्यको यस विवेचनाले 'ज्वरशमना प्रकृति' कवितामा अभिव्यक्त भएको प्रकृतिप्रतिको दृष्टिकोण र प्रकृतिको रौद्र स्वरूपको पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

कुमारबहादुर जोशी (२०६७) ले *देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना* पुस्तकमा *लक्ष्मी कवितासङ्ग्रह*मा *सङ्गृहीत* फुटकर कविताको कृतिगत लय, आयाम र गुणस्तरको सङ्क्षेपमा चर्चा गरेका छन् । यस क्रममा उनले ती कविताको विषयवस्तुबारे सामान्य सूचना दिएका छन् । प्रकृतिको मानवीकरणका साथै भूगोल र मौसमविज्ञानसँग सन्दर्भित प्रकृतिको सुन्दर चित्रण, नवनव बिम्बको प्रभावशालिता तथा भावको सघनता, अभिव्यक्तिको संयमितता र परिष्कृतताका दृष्टिले सशक्त कविता लेखिएको निष्कर्ष निकालेका छन् । जोशीको यस किसिमको विश्लेषणले पनि *लक्ष्मी कवितासङ्ग्रह*का कविता प्रकृति चित्रणका कोणबाट विवेच्य रहेको सङ्केत पाइन्छ ।

खगेन्द्र निरौला (२०६७) ले 'वर्तमान र झञ्झाप्रति' *(कुञ्जिनी)* शीर्षकको लेखमा 'झञ्झाप्रति' कविताको भाव र वर्तमान समयमा त्यसको सान्दर्भिकताबारे विश्लेषण गरेका छन् । यस लेखमा देवकोटाले प्रगतिवादी स्वर प्रस्तुत गरेको उल्लेख छ । प्रस्तुत कवितामा क्रान्तिमूल वीर रस अङ्गी तथा रौद्र, भयानक, शान्त, एवं हास्य रस र अलङ्कार प्रयोग भएको छ । कविताको विधातात्त्विक कोणबाट विश्लेषण गरिएको यस लेखबाट 'झञ्झाप्रति' कविताको अध्ययनका लागि प्रकृतिको रसात्मक स्वरूप पहिल्याउन केही आधार मिलेको छ ।

चूडामणि बन्धु (२०६७) ले *देवकोटा* कृतिमा देवकोटाको व्यक्तित्व र कृतित्वको चर्चा गरेका छन् । उनले *लक्ष्मी कवितासङ्ग्रह*का 'राजा ! केवल एक कलम देऊ', 'एक सुन्दरी च्यामिनीप्रति', 'कमजोरी', 'मानिस विराट्', 'मेरो धम्म', 'पानी', 'दाल-भात डुकू', 'एक असारको बिहान', 'वैशाख

चतुर्दशीकी चाँदनीसँग'लगायतका कविताको रचनागर्भको प्रसङ्ग उल्लेख गरेका छन् । बन्धुले यस कृतिमा देवकोटाको व्यक्तित्वसँगै कृतित्वबारे प्रस्ट्याउने क्रममा प्राकृतिक विषयवस्तु समेटिएका कवितामा प्रकृति चित्रण भएको उल्लेख गरेका छन् । बन्धुको यस किसिमको अध्ययन प्रस्तुत शोधकार्यमा प्रकृतिको विविध रसात्मक स्वरूप पहिल्याउन उपयोगी भएको छ ।

पुष्पा भुसाल (२०६८) ले *कुञ्जिनी खण्डकाव्यमा प्रकृति चित्रण* शीर्षकमा स्नातकोत्तर तहको शोधकार्यमा *लक्ष्मी कवितासङ्ग्रह, भिखारी, मुनामदन, म्हेन्दु, लुनी* र *शाकुन्तल* कृतिमा प्रकृति चित्रण रहेको सङ्केत गरेकी छन् । भुसालले *लक्ष्मी कवितासङ्ग्रह*का 'एक बिहान', 'सन्ध्या', 'गौँथली र देवकोटा', 'ज्वरशमना प्रकृति' र 'झञ्झाप्रति' कवितामा प्रकृति चित्रण रहेको र देवकोटा प्रकृतिको उज्यालो पक्षको चित्रणमा मग्न रहेको निष्कर्ष निकालेकी छन् । देवकोटाका कवितामा प्रकृतिलाई दुःखसुखको साथीका रूपमा प्रस्तुत गरिएको छ भन्ने निष्कर्ष पनि निकालिएको छ । प्रस्तुत शोध कार्यका सन्दर्भमा भुसालले गरेको पूर्वाध्ययनले केही प्रतिनिधिमूलक प्रकृतिपरक कविताको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

ज्ञानेन्द्रप्रसाद पौडेल (२०६८) ले *लक्ष्मीप्रसाद देवकोटाको ज्वरशमना प्रकृति कविताको संरचनात्मक अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधकार्यमा *लक्ष्मी कवितासङ्ग्रह*को 'ज्वरशमना प्रकृति' कवितालाई संरचनाका दृष्टिले विश्लेषण गरेका छन् । यस शोधकार्यमा अलङ्कार, बिम्बविधान र उद्देश्यको विश्लेषण गरिएको छ । यस शोधमा स्वच्छन्दतावदी प्रकृतिकेन्द्री जीवनदृष्टिमा पर्याप्त निजत्वका साथ पूर्वीय आध्यात्मिक चेतको मिश्रण गरी लेखिएको 'ज्वरशमना प्रकृति' कवितामा मानवजातिलाई प्रकृतिको सामीप्यमा रहन आह्वान गरिएको छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

कुरेश पाण्डे (२०७१) ले *लक्ष्मी कवितासङ्ग्रहको कृतिगत विश्लेषण* शीर्षकमा स्नातकोत्तर तहको शोधकार्यमा *लक्ष्मी कवितासङ्ग्रह*का कविताका कृतिगत सन्दर्भ, विषयवस्तुगत भावविचार र शिल्पगत दृष्टिकोटबाट अध्ययन गरेका छन् । यस क्रममा प्रकृतिकेन्द्रित ३२ वटा कविता रहेको सङ्केत गरेका छन् । पाण्डले गरेको पूर्वाध्ययनले प्रस्तुत शोधकार्यमा प्रकृतिपरक कविताको पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

नरेन्द्रराज प्रसाइँ (२०७१) ले *देवकोटाको जीवनशैली* कृतिमा देवकोटाको बाल्यकाल, शिक्षा, पारिवारिक जीवन, व्यक्तित्व, सोख र रुचि, प्राज्ञिक यात्रा, सम्मान, कृति, वंशावली जस्ता पक्षको जानकारी दिएका छन् । यस कृतिमा देवकोटाले पृथ्वीमा सबैभन्दा मनोहर फूल नै नारीलाई ठान्ने तथा सभ्यतालाई स्त्रीसँग दाँज्ने गरेको जनाइएको छ । देवकोटाले नारीलाई इन्द्रेनी,

सन्ध्यालगायतका प्रतीकबाट कवितामा प्रस्तुत गर्ने गरेका छन् । प्रसाईंले गरेको पूर्वाध्ययनले प्रस्तुत शोधकार्यका लागि प्रकृतिको मानवीकरण र प्रकृतिको प्रतीकात्मक चित्रण पहिल्याउन सहयोग पुऱ्याएको छ ।

शिव सत्याल (२०७२) ले *सृष्टि अनेकको दृष्टि शिवको* कृतिमा देवकोटाका साहित्यिक मान्यता उल्लेख गरेका छन् । यस कृतिमा देवकोटाको कला, साहित्य, नाटक, कवि, काव्य प्रवृत्ति, कथा, कविता, समालोचना र समालोचक, कल्पना, साहित्यहेतु र सौन्दर्यबारे धारणा प्रस्तुत गरिएको छ । सत्यालले गरेको पूर्वाध्ययनले प्रस्तुत शोधकार्यका लागि देवकोटाका कवितामा प्रकृति र दार्शनिक विचार प्रकट भएको सङ्केत गरेका छन् ।

जयराम आचार्य (२०७३) ले *लक्ष्मी कवितासङ्ग्रहका कवितामा स्वच्छन्दतावाद* शीर्षकको शोधकार्यमा स्वच्छन्दतावादका प्रकृति चित्रण, विद्रोहात्मकता, कल्पनाशीलता, आत्मपरकता, मानवतावाद, सौन्दर्यात्मकता, रहस्यात्मकता, आध्यात्मिकता र साङ्गीतिकता जस्ता विशेषताका आधारमा *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लेषण गरेका छन् । आचार्यले यस शोधकार्यमा प्रकृतिको सौम्य र रौद्र रूपको चित्रणसमेत गरेका छन् । उनले प्रकृतिका दुई किसिमका रसात्मक स्वरूपको अध्ययन गरेको पाइएको छ । उनले *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा मानवीकरणको सघन प्रस्तुति रहेको, प्रकृतिका साथै कवि प्रकृतिबाट प्रभावित भई आत्मपरक चित्रण गरेको र रूप, गन्ध, ध्वनि, स्वाद जस्ता इन्द्रिय संवेद्यता रहेको निष्कर्ष निकालेका छन् । आचार्यले गरेको पूर्वाध्ययनले प्रस्तुत शोधकार्यका लागि प्रकृतिका सौम्य तथा रौद्र स्वरूप र प्रकृतिको इन्द्रिय संवेद्य चित्रणका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

चूणमणि बन्धु (२०७६) ले *लक्ष्मी कवितासङ्ग्रह*को 'भूमिका' मा *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विषयवस्तु, सङ्कलन र प्रकाशनबारे जानकारी दिएका छन् । यस लेखमा बन्धुले देवकोटाका धेरैजसो कविताले युगको यथार्थ प्रकट गरेको र केही कविता प्रकृति, प्रेम र सौन्दर्यलाई छुँदै कल्पनाको उच्च उडान लिने तथा अविदितको यात्रा गर्ने स्वभावको भएको उल्लेख गरेका छन् । बन्धुले *लक्ष्मी कवितासङ्ग्रह*का कवितालाई प्रकृति चित्रणका दृष्टिले समीक्षा नगरे पनि प्रकृतिप्रेमको प्रसङ्ग उठान गरेका आधारमा यस सङ्ग्रहका कवितालाई प्रकृति चित्रणका सन्दर्भबाट विश्लेषण गर्न सकिने सङ्केत पाइन्छ ।

देवकोटाको *लक्ष्मी कवितासङ्ग्रह*बारे पूर्वाध्ययनका रूपमा छनोट गरिएका सामग्रीहरू पुस्तक, शोधपत्र र पत्रपत्रिकाबाट लिइएका छन् । यस्ता पूर्वकार्यमा *लक्ष्मी कवितासङ्ग्र*का कवितालाई स्वच्छन्दतावाद, संरचनावाद, प्रगतिवाद, अध्यात्म चेतना, बिम्ब र प्रतीकका माध्यमबाट

विश्लेषण गरिएको छ । प्राप्त पूर्वाध्ययनमा *लक्ष्मी कवितासङ्ग्रह*का कवितालाई विषयवस्तुका आधारमा विभाजन गरी प्रकृतिपरक कवितालाई रस, आलम्बन र उद्दीपन विभाव, प्रतीक, इन्द्रिय संवेद्यता, मूर्तीकरण, अमूर्तीकरण, स्त्रीलिङ्गीकरण र मानवीकरणका आधारमा विश्लेषण गरिएको पाइँदैन । यसै कारण प्राप्त पूर्वाध्ययनका पृष्ठभूमिमा *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लषेण गरी मौलिक निष्कर्ष प्रस्तुत गर्नतर्फ यस शोध उन्मुख रहेको छ ।

### **१.५ शोधको औचित्य**

देवकोटाको *लक्ष्मी कवितासङ्ग्रह*का कविता साहित्यिक र प्राज्ञिक अनुसन्धानका दृष्टिले निकै महत्त्वपूर्ण छन् । यस सङ्ग्रहका कवितालाई स्वच्छन्दतावादी दृष्टिले सघन अध्ययन गरिएको पाइएको छ । यस सङ्ग्रहबारे प्रकृतिको रसात्मक स्वरूप, प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको दृष्टिकोणका आधारमा कहीँ कतै प्राज्ञिक अध्ययन अनुसन्धान भएको पाइएको छैन । यस सन्दर्भमा *लक्ष्मी कवितासङ्ग्रह*का कवितालाई प्रकृतिका रसात्मक स्वरूप, इन्द्रिय संवेद्यता, प्रकृतिको प्रतीकात्मक चित्रण, प्रकृतिको मानवीकरण, स्त्रीलिङ्गीकरण र मूर्तीकरण तथा अमूर्तीकरणका दृष्टिले अध्ययन गर्न, दर्शनाचार्य तहको शैक्षिक आवश्यकता पूरा गर्न र पछिल्ला अध्येतालाई समेत प्रकृति चित्रणका सन्दर्भमा मार्गनिर्देशका लागि आवश्यक तथ्य र सूचना उपलब्ध हुने भएकाले प्रस्तुत शोधको औचित्य रहेको पुष्टि हुन्छ ।

### **१.६ शोधकार्यको सीमाङ्कन**

*लक्ष्मी कवितासङ्ग्रह*का प्रकृतिपरक कविताहरूलाई प्रकृतिको रसात्मक स्वरूप, प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको दृष्टिकोणका आधारमा विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको सीमाङ्कन हो । यस सङ्ग्रहमा समाविष्ट अठासीओटा कवितामध्ये चालिसओटा कवितालाई प्रस्तुत अध्ययनमा विश्लेषणका निम्ति समेटिएको छ । *लक्ष्मी कवितासङ्ग्रह*का राजनीतिक, सामाजिक, मिथकीय र दार्शनिक विषयवस्तु भएका कविताको विश्लेषण नगरिनु प्रस्तुत शोधको सीमा हो ।

### **१.७ सामग्री सङ्कलन विधि**

प्रस्तुत शोधको मुख्य सामग्री लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित *लक्ष्मी कवितासङ्ग्रह* हो । यसमा तरङ्गका कवितासहित अठासीओटा कविता सङ्गृहीत छन् । तीमध्ये प्रकृतिपरक कविताहरू मात्र अध्ययनका लागि छनोट गरिएको छ, जसमा 'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'माघ खुलेको बिहानको जप', 'फूलकी कोपीप्रति', 'झञ्झाप्रति', 'प्रार्थनाकी निशि', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'हुरीको गीत', 'वसन्त', 'बिहानको आकाशलाई', 'ग्रहण नुहाउँदीप्रति', 'पानी', 'चराको भजन', 'रातकी आत्माप्रति', 'एक असारको बिहान', 'सावन', 'फागुन फुल्छ संसार सारा',

'वर्षा', 'एक बिहान', 'जुरेलीको गान', 'दार्जीलिङको बाघचूलीमा', 'सघन तमिस्राप्रति', 'धोबिनीको पगली बोली', 'रजनीसँग', 'पोखरा', 'ज्वरशमना प्रकृति', 'हुरीपछिको गृहागमन', 'रानीवनमा', 'उघ्रेर बिग्रेको बिहान', 'एक तरङ्ग', 'बादलको स्वागत', 'सिस्नोको गुनासो', 'गौँथली र देवकोटा', 'म लहरा भए', 'क्षितिजतिर', 'तारा तारा', 'अतिथिहरू', 'गधा बोल्छ' र 'शुक्रबार एघार बजे राति' पर्दछन् । सोद्देश्य नमुना छनोट विधिका आधारमा यिनै कवितालाई विश्लेषणका निम्ति छानिएको छ । यसै गरी प्रस्तुत शोधमा सामग्रीहरूको खण्डन, मण्डन, व्याख्या, विश्लेषण तथा मूल्याङ्कन गर्नाका लागि *लक्ष्मी कवितासङ्ग्रह*का कविताबारे अनुसन्धाताका शोध तथा समालोचकका समालोचनात्मक सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यी आधारभूत तथा द्वितीयक सामग्रीहरू पुस्तकालीय स्रोतमा आधारित रहेकाले यो शोध पुस्तकालयीय कार्यसँग सम्बन्धित रहेको छ ।

## १.८ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधमा समस्याहरूको समाधानका क्रममा सामग्रीहरूको विश्लेषणका लागि प्रकृतिको रसात्मक स्वरूप, प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको दृष्टिकोणसम्बन्धी मान्यतालाई सैद्धान्तिक आधार बनाइएको छ । यस क्रममा प्रकृतिका विविध रसात्मक स्वरूप, प्रकृतिको इन्द्रिय संवेद्य चित्रण, प्रकृतिको प्रतीकात्मक चित्रण, स्त्रीलिङ्गीकरण, मूर्तीकरण तथा अमूर्तीकरण र मानवीकरणका सन्दर्भमा कविताको विश्लेषण गरिएको छ ।

## १.९ विश्लेषण विधि

प्रस्तुत शोध गुणात्मक ढाँचामा आधारित रहेको छ । यस शोधमा रसको सैद्धान्तिक उपकरण र प्रकार तथा प्रकृति चित्रणका पद्धतिका आधारमा गुणात्मक ढाँचामा केन्द्रित रही सामग्रीको व्याख्या विश्लेषणद्वारा निष्कर्ष निकालिएको छ । यस शोधका शोधसमस्याको समाधान पहिल्याउने क्रममा सन्दर्भ सामग्रीको विश्लेषण गर्दा *लक्ष्मी कवितासङ्ग्रह*का कविताका पाठ तथा कवितांशको विश्लेषण गरिएको हुँदा यो शोध मूलतः व्याख्या विश्लेषणमा आधारित रहेको छ । यस शोधमा निर्धारण गरिएका तीनवटा शोधसमस्यामध्ये पहिलो समस्याको विश्लेषण रसको सैद्धान्तिक पक्षसँग सम्बन्धित विभाव, अनुभाव र रसका प्रकारका आधारमा गरिएको छ । दोस्रो शोधसमस्याको विश्लेषणका सन्दर्भमा प्रकृति चित्रणका विविध पद्धतिमा आधारित भई विश्लेषण गरिएको छ । तेस्रो शोध समस्याको व्याख्या तथा विश्लेषणका सन्दर्भमा प्रकृतिप्रतिको लेखकीय दृष्टिकोण तथा विचारलाई आधार लिइएको छ ।

### १.१० शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित गर्न विश्लेषित सामग्रीहरूलाई निम्नानुसार पाँचओटा परिच्छेदमा सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका रसात्मक स्वरूपको चित्रण

तेस्रो परिच्छेद : *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका पद्धति

चौथो परिच्छेद : *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिप्रतिको दृष्टिकोण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भसामग्री सूची

# दोस्रो परिच्छेद

# *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका रसात्मक स्वरूपको चित्रण

## २.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा प्रकृति चित्रणका रसात्मक स्वरूपको चर्चा गरिएको छ । रस सिद्धान्तलाई आधार मानेर प्रकृतिको रसात्मक स्वरूप पहिचान गरिएको छ । प्रकृतिका शृङ्गारिक, वीर, करुण, रौद्र, हास्य, अद्भुत, बीभत्स, भयानक र शान्त स्वरूपको विस्तृत रूपमा व्याख्या विश्लेषण गरिएको छ ।  संस्कृत काव्यशास्त्रमा स्थापित रसको चर्चा गर्ने सन्दर्भमा प्रस्तुत परिच्छेदमा रसको परिचय, रसोपकरण र रसका प्रकारको सङ्क्षेपमा चिनारी दिइएको छ ।

## २.२ प्रकृतिका रसात्मक स्वरूपसम्बन्धी मान्यता

प्रकृतिका रसात्मक स्वरूप पहिल्याउन रस सिद्धान्तको सहयोग लिनुपर्ने हुन्छ । रस सिद्धान्तबिना प्रकृतिका रसात्मक स्वरूप निर्क्योल गर्न कठिन हुन्छ । रसका आधारमा प्रकृतिका रसात्मक स्वरूपलाई नौ भेदमा वर्गीकरण गर्ने गरिएको छ । प्रकृतिका रसात्मक स्वरूपको चित्रणसम्बन्धी मान्यताअन्तर्गत रसको परिचय, प्रकार र रसका उपकरण पर्दछन्, जसलाई यस परिच्छेदमा सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

### २.२.१ रसको परिचय र रसोपकरण

'रस' शब्दको प्रयोग विभिन्न अर्थमा गर्ने गरिएको छ । दर्शनशास्त्रमा रसलाई पदार्थको गुणका रूपमा चिनाइएको छ । आयुर्वेदमा यसलाई औषधीको अनिवार्य गुण मानिएको छ । उपनिषद्ले यसलाई ईश्वरका रूपमा लिएको छ । साहित्यमा रसलाई आनन्दको पर्यायवाची शब्दका रूपमा अर्थ्याइएको पाइन्छ । रस आनन्ददायी आस्वाद्य पदार्थ हो । अनेक व्यञ्जन औषधी द्रव्यहरूको योगबाट विचित्र आस्वाद्य हुने रस तयार भएझैँ भावहरूको अभिनयबाट परिपुष्ट भई स्थायी भाव विशेषको मानसिक आनन्दमय आस्वाद्य जो तयार हुन्छ, त्यो रस पदार्थ हो (सिग्द्याल, २०२८, पृ. १४५) । साहित्यशास्त्रीय रूपमा रस विषयको विवेचना आचार्य भरतले गरेका हुन् । विभाव, अनुभाव र व्यभिचारी भावको संयोगले रस निष्पत्ति हुन्छ । स्थायी भाव, अनुभाव र सञ्चारी भावहरू नै रसप्राप्तिमा प्रयुक्त हुने भएकाले यिनीहरूलाई रसको उपकरण मानिन्छ । साहित्य शास्त्रीय दृष्टिकोणअनुसार रसका उपकरणहरूलाई निम्नानुसार चिनाउन सकिन्छ :

## १. स्थायी भाव

सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्तिलाई भाव भनिन्छ । स्थायी भावहरूले अनुकूल किसिमका आलम्बन विभाव तथा उद्दीपन विभावसँग सम्बन्धित सामग्री प्राप्त भएपछि अभिव्यक्त भएर हृदयमा अपूर्व आनन्दलाई सञ्चार गर्छन् । स्थायी भावलाई विरोधी वा अविरोधी कुनै पनि भावले बिथोल्दैन र ती कहिले रहने र कहिले हराउने नभई आरम्भदेखि अन्त्यसम्म निरन्तर रहिरहन्छन् (शर्मा र लुइटेल, २०७६, पृ. ४४) । रति, उत्साह, शोक, विस्मय, क्रोध, हाँसो, घृणा, भय र शम गरी नौ प्रकारका स्थायी भावहरू हुन्छन् । प्रेमार्द्रता अथवा प्रियवस्तुप्रति हृदयको उत्कट उन्मुखता रति भाव हो । वाणि आदि विकृत दर्शन एवम् चिन्तनबाट हुने चित्तविकास हाँसो हो । प्रियवस्तुसँगको विछोडबाट उत्पन्न चित्तको बेचैनी शोक भाव हो । क्रोध विरोधीप्रति प्रतिशोधको भावना देखाउने स्वरूपको हुन्छ । प्रारम्भ हुँदा सिर्जना हुने हृदयको आवेग वा उद्योगसँग उत्साह भाव सम्बन्धित छ । कुनै भीषण वस्तुको विभीषिका शक्तिबाट उत्पन्न हुने चित्तको व्याकुलता भय भाव हो । जुगुप्सा भाव घृणास्पद वस्तुलाई देखेर वा सुनेर उत्पन्न हुने विस्मयजनित घृणाभावसँग सम्बन्धित हुन्छ । अलौकिक पदार्थको दर्शनबाट उत्पन्न चित्तको विस्तार नै विस्मय भाव हो । शम भाव विषयवस्तुप्रतिको निस्पृहतासँग सम्बन्धित रहेको हुन्छ । रस निष्पत्ति प्रक्रियामा स्थायी भावलाई मुख्य तथा आन्तरिक कारण मान्ने गरिएको छ ।

## २. विभाव

‘वि’ उपसर्ग लागेको ‘भू’ धातुबाट ‘विभाव्यते अनेन’ अथवा ‘विभावयति इति’ यस व्युत्पत्तिबाट ‘विभाव’ शब्दको निर्माण भएको हो । विभावको व्युत्पत्तिगत अर्थ भावनालाई प्रस्फुटित पार्नु भन्ने हुन्छ । नरनारीमा रहने रति, क्रोध, घृणा, करुणा आदि अन्तर्वृत्तिलाई प्रस्फुटित पार्न माध्यम बन्ने व्यक्तित्व र परिवेश नै विभाव हो । विभावले दर्शक तथा पाठकका अन्तस्करणमा संस्कारका रूपमा स्थिर भएर रहने चित्तवृत्तिलाई प्रस्फुटित पारेर आस्वादनयोग्य तुल्यादिन्छन् (उपाध्याय, २०६७, पृ. २८) । स्थायी भावलाई प्रकट वा प्रकाशित गर्ने कारण, हेतु वा निमित्तलाई विभाव भन्ने गरिएको छ । रसानुभूतिको बाह्य कारणका रूपमा विभाव रहेको हुन्छ । विभावकै कारणबाट सहृदयका वासनाका रूपमा रहेका स्थायी भावहरू उद्रेक भई रसदशामा पुग्ने गर्दछन् । त्यसैले विभावलाई रसास्वादका कारण मानिएको हो । विभाव दुई किसिमका हुन्छन् :

### (क) आलम्बन विभाव

साहित्यिक विधामा प्रयुक्त पात्रहरू स्थायी भावको उद्रेकका लागि आलम्बन विभावका रूपमा रहेका हुन्छन् । नायकमा स्थायी भावको प्रकटनमा नायकका लागि नायिका वा नायिकाका

लागि नायक आलम्बन विभाव बन्दछन् भने सामाजिक हृदयमा वासनात्मक रूपमा विद्यमान स्थायी भाव प्रकटनका लागि यिनै नायक नायिका आलम्बन विभाव बन्ने गर्दछन् । आलम्बन विभाव विषय र आश्रय गरी दुई किसिमका हुन्छन् । जसलाई लक्ष्य गरेर स्थायी भाव अङ्कुरित हुन्छ, त्यसलाई विषय भन्ने गरिएको छ । स्थायी भाव उत्पन्न हुने व्यक्तिलाई आश्रय भनिन्छ (उपाध्याय, २०६७, पृ. २९) । साहित्यमा प्रकृतिलाई मानव प्रेम, मानव क्रोध, मानव भय, मानव भक्ति, मानव आश्चर्य, मानव निर्वेद र मानव जिज्ञासाको आलम्बनका रूपमा प्रस्तुत गरिएको हुन्छ । मानव हृदयमा प्रकृतिप्रति प्रेमभावको वासना या संस्कार रूप रहेको हुन्छ । मानवका यही प्रेमभाव प्रकृतिका रमणीय रूपको दर्शन गर्दा जागृत हुन्छ र विभिन्न रूप, आकार, वर्ण, नाद आदिद्वारा उद्दीप्त हुन्छ । मानवले आफ्ना प्रियजनप्रति क्रोध भाव देखाएझैँ कहिलेकाहीँ प्रकृतिप्रति यस्तो भाव देखाउँछ र यसलाई नाश गर्न तम्सन्छ । यसै कारण प्रकृतिलाई मानव क्रोधको आलम्बनका रूपमा प्रस्तुत गर्ने गरिएको छ । त्यस्तै प्रकृतिको भयोत्पादक एवं विनाशकारी रूप देखेर हृदयमा भय उत्पन्न हुन्छ । प्रकृतिको उग्र चेष्टा, भीषण आकृति तथा विनाशकारी कृत्यले मानव मनमा जागृत भयलाई उद्दीप्त पार्दछ (सक्सेना, सन् २०१९, पृ. १७२-१७५) । यसै कारण कम्प, रोमाञ्च, स्वरभङ्ग, पलायन जस्ता अनुभाव र मूर्च्छा, जडता आदि सञ्चारी भाव परिपुष्ट हुन्छ ।

**(ख) उद्दीपन विभाव**

स्थायी भावलाई उकास्ने कारणलाई उद्दीपन विभाव भनिन्छ । आलम्बनका रूप, गुण, भूषण आदिका साथै चन्द्र, चन्द्रिका, नदीतट, वन उपवन, पर्वत, नदनदी, भ्रमर, कोकिल आदि प्राकृतिक तत्त्व तथा वातावरण र देशकाल आदि उद्दीपन विभाव हुन् (उपाध्याय, २०६७, पृ. २९) । प्रकृति विविध प्रकारका मानव भावका आलम्बनका रूपमा प्रस्तुत भएझैँ उहीँ प्रकारले उद्दीपनका रूपमा पनि प्रकट हुन्छ । आदि कालदेखि नै प्रकृतिलाई मानव भावका उद्दीपनका रूपमा वर्णन गरिँदै आइएको छ । प्रकृतिले प्रेमोल्लास, आनन्द, काम, मद, उत्साह आदि सुखात्मक भावको उद्दीप्त गर्दछ । प्रकृतिको छटा, रूपोत्कर्ष, आनन्दोल्लास, मादक माधुर्य, वन उपवन मानवको सुख संवर्धनको उपकरण बन्दछ । प्रकृति दुःखात्मक मानव भावको उद्दीपनका रूपमा पनि प्रस्तुत भएको हुन्छ । यसले शोक, आकुलता, भय, कायरता, ईर्ष्या, स्मृति, ग्लानि, निराशा, काम तथा मिलनलालसा आदि भावको उद्दीप्त गर्दछ ।

**३. अनुभाव**

'अनु' उपसर्ग लागेको 'भू' धातुबाट 'अनुभाव्यते' वा 'अनुभावयति' यस व्युत्पत्तिबाट 'अनुभाव' शब्दको निर्माण भएको हो । 'अनुभाव' को व्युत्पत्तिजन्य अर्थ कुनै भावको अनुभव गराउनु भन्ने हुन्छ । नाटकमा अभिनय गर्दा उत्पन्न हुने भावलाई व्यक्त गर्ने विभिन्न चेष्टालाई पनि अनुभाव भनिन्छ । कम्प, स्वेद, रोमाञ्च, स्वरभङ्ग, विभ्रम, मद, कुतूहल, चकित आदि अनुभावहरू

हुन् (गौतम, २०७४, पृ. ६३) । अनुभावलाई कायिक, वाचिक, सात्त्विक र आहार्य गरी चार प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । मनोभावलाई शरीरका अङ्गका विभिन्न चेष्टा र प्रतिक्रियाबाट व्यक्त गर्नु नै कायिक हो । आँखा रातो हुनु, दाँत कटकटाउनु आदि कायिकका उदाहरण हुन् । मनका भावलाई बोलीका विभिन्न प्रतिक्रियाबाट व्यक्त गर्नु वाचिक हो । आवाज अनौठो हुनु, घाँटी अवरुद्ध हुनु आदि वाचिकका उदाहरण हुन् । त्यस्तै मानसिक आवेग व्यक्त गर्नु सात्त्विक हो । स्तम्भ, स्वेद, रोमाञ्च, स्वरभङ्ग, कम्प, वैवर्ण्य, आँसु, प्रलय आदि सात्त्विकका उदाहरण हुन् । आहार्यअन्तर्गत विभिन्न पहिरनद्वारा भाव व्यक्त गर्ने तरिकाहरू पर्दछन् ।

**४. सञ्चारी वा व्यभिचारी भाव**

'सम्' उपसर्ग लागेर 'चर्' धातुबाट 'संचरित' यस व्युत्पत्तिद्वारा 'सञ्चारी' शब्द बन्छ । 'वि' र 'अभि' उपसर्ग लागेको 'चर्' धातुबाट 'व्यभिचरति' यस व्युत्पत्तिद्वारा 'व्यभिचारी' शब्द बन्दछ । शब्दार्थअनुसार सञ्चारी भनेको बराबर चलायमान रहने तत्त्व हो भने व्यभिचारी भनेको नियमित रूपमा स्थिर नरहेर चलनशील हुने तत्त्व हो । स्थिर रूपले रहने रति आदि स्थायी भावमा कहिले प्रकट र कहिले अप्रकट हुने र सदैव गतिशील रहने हुनाले यसलाई व्यभिचारी भाव भनिन्छ (उपाध्याय, २०६७, पृ. ३०) । स्थायी भावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायी भावलाई व्यभिचारी भाव भनिन्छ । व्यभिचारी भाव निम्नानुसार हुन्छन् :

| | | |
|---|---|---|
| १. निर्वेद | : | ज्ञान, आपत्ति आदिबाट उत्पन्न वैराग |
| २. आवेग | : | उत्पात आदिबाट उत्पन्न हडबड |
| ३. दैन्य | : | गरिबी आदिबाट उत्पन्न दीनता |
| ४. श्रम | : | मिहिनेतबाट उत्पन्न थकाइ |
| ५. मद | : | नसा आदिबाट उत्पन्न मात |
| ६. जडता | : | अनिष्ट आदिबाट उत्पन्न जड अवस्था |
| ७. उग्रता | : | सुर्‍याइँबाट उत्पन्न प्रचण्ड अवस्था |
| ८. मोह | : | डर, दुःख आदिबाट विचेत हुने अवस्था |
| ९. विबोध | : | निद्राबाट ब्युँझिने चेतन अवस्था |
| १०. स्वप्न | : | निद्रामा सपना देख्ने अवस्था |
| ११. अपस्मार | : | मानसिक दुःखबाट उत्पन्न रोग |
| १२. गर्व | : | सम्पत्ति, प्रभाव आदिबाट उत्पन्न घमण्ड |
| १३. मरण | : | आघातबाट भएको मृत्यु |

| | | |
|---|---|---|
| १४. अलसता | : | परिश्रमबाट उत्पन्न आलस्य |
| १५. अमर्ष | : | धैर्य शून्य हुने अवस्था, असह्य भएको बोध |
| १६. निद्रा | : | थकाइबाट निद्रित हुने अवस्था |
| १७. अवहित्था | : | आन्तरिक भाव लुकाउने काम |
| १८. औत्सुक्य | : | इच्छित प्राप्तिको उत्कण्ठा |
| १९. उन्माद | : | सनकबाट उत्पन्न विक्षिप्तता |
| २०. शङ्का | : | अनिष्टको कल्पना |
| २१. स्मृति | : | पूर्वज्ञानको सम्झना |
| २२. मति | : | विवेकपूर्व कर्तव्य निश्चित गर्ने काम |
| २३. व्याधि | : | विभिन्न विकारबाट उत्पन्न रोग |
| २४. त्रास | : | चट्याङ आदिबाट उत्पन्न डर |
| २५. व्रीडा | : | लाज, शरम |
| २६. हर्ष | : | मनमा उत्पन्न खुसी |
| २७. असूया | : | अर्काको उन्नति देखेर उत्पन्न हुने डाह |
| २८. विषाद | : | उपायहीन अवस्थाबाट उत्पन्न खिन्नता |
| २९. धृति | : | धैर्य, सन्तोष |
| ३०. चपलता | : | मनको चञ्चलता |
| ३१. ग्लानि | : | अङ्गको शिथिलता |
| ३२. चिन्ता | : | दुःखद् वा शोकपूर्ण विचार |
| ३३. तर्क | : | सन्देहबाट उत्पन्न तर्कना |

### २.२.२ रसका प्रकार

रसवादलाई संस्कृति साहित्यको सबैभन्दा पुरानो सिद्धान्त मानिएको छ । रसका प्रकारको सन्दर्भमा विद्वान्हरूबिच मतैक्य पाइँदैन । आचार्य विश्वनाथले रस नौ प्रकारको हुने मत राखेका छन् । आचार्य भरतदेखि जगन्नाथसम्म आठ र नौ हुँदै समग्रमा रसका प्रकार नौवटा मानी विश्लेषण गर्ने गरिएको छ । ती यस प्रकार छन् :

### १. शृङ्गार रस

रति स्थायी भाव हुने रसलाई शृङ्गार रस भनिन्छ । यसमा परस्परमा बाँधिएका नायक नायिकाको वर्णन गरिएको हुन्छ । सर्वसंवेद्य भएकाले शृङ्गार रसलाई रसराजाको संज्ञा दिइन्छ ।

यसका सम्भोग वा संयोग र विप्रलम्भ वा विरह गरी दुई भेद रहेका छन् । शृङ्गार रसका उपकरण निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| आलम्बन विभाव- | नायक वा नायिका |
| उद्दीपन विभाव- | एकान्त ठाउँ, बगैँचा, वसन्त ऋतु, जून, जुनेली रात, कोइलीको कुहुकुहु, भमराको भुनुनु |
| अनुभाव- | कर्के हेराइ, आँखा सन्काइ, आँखा झिम्काइ, परस्पर हेराइ, आँखीभौँ उफ्राइ |
| व्यभिचारी भाव- | व्रीडा, मोह, हर्ष, चिन्ता, औत्सुक्य, उन्माद, मद, गर्व, स्वप्न, आवेग, चपलता |

### २. वीर रस

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ, त्यसैबाट वीर रसको उत्पत्ति हुन्छ । उत्साह स्थायी भाव हुने रस नै वीर रस हो । वीर रसका उपकरण निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| आलम्बन विभाव- | शत्रु, विरोधी, दुःखी, पीडित |
| उद्दीपन विभाव- | शक्ति, बल, सौर्य, अहङ्कार |
| अनुभाव- | सजगता, सहायताको खोजी, गर्वपूर्ण बोली, रोमाञ्च |
| व्यभिचारी भाव- | व्रीडा, मोह, हर्ष, चिन्ता, औत्सुक्य, उन्माद, मद, गर्व, स्वप्न, आवेग, चपलता |

### ३. करुण रस

सन्तान, प्रियजन, प्रिय वस्तुसितको वियोग वा तिनको विपत्ति वा मरण देखेर वा सुनेर अथवा प्रिय वस्तुको विनाश देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुने गर्दछ । करुण रसको स्थायी भाव शोक हो । करुण रसका उपकरण निम्नानुसार छन् :

| | |
|---|---|
| आलम्बन विभाव- | विनष्ट व्यक्ति वा वस्तु |
| उद्दीपन विभाव- | विनष्ट व्यक्ति वा वस्तुको सम्झना, सम्झेर हुने डाहा, पीडा, छटपटी |
| अनुभाव- | रुनु, कराउनु, विलाप गर्नु, मुर्च्छा पर्नु, आँसु झार्नु, काम्नु, लड्नु |
| व्यभिचारी भाव- | निर्वेद, मोह, ग्लानि, स्मृति, चिन्ता, विषाद्, दैन्य, उन्माद |

**४. रौद्र रस**

क्रोध स्थायी भाव हुने रस नै रौद्र रस हो । आमाबुबा, दिदीबहिनी वा आत्मीय जनको अपमान वा वध आदि अनिष्ट कार्य भएमा रौद्र रसको अभिव्यक्ति हुने मानिएको छ । रौद्र रसका उपकरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| आलम्बन विभाव- | शत्रु, विरोधी, विपक्षी |
| उद्दीपन विभाव- | शत्रुको हमला वा घात, कठोर बोली |
| अनुभाव- | दाह्रा किट्नु, ओठ टोक्नु, पाखुरा सुर्किनु, हतियार उठाउनु, हाँक दिनु |
| व्यभिचारी भाव- | आवेग, तर्क, दैन्य, जडता, चपलता, हर्ष |

**५. हास्य रस**

हाँसो स्थायी भाव हुने रस नै हास्य रस हो । शारीरिक, मानसिक र भाषिक विकृति वा विसङ्गतिबाट हास्य रस उत्पन्न हुन्छ । हास्य रसका उपकरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| आलम्बन विभाव- | विकृत वा हाँस उठ्दो अनुहार, क्रियाकलाप र बोली भएको व्यक्ति |
| उद्दीपन विभाव- | विकृत आकार, प्रकार, रूप, रङ, चेष्टा, क्रियाकलाप |
| अनुभाव- | आँखाको खुम्चाइ वा चिम्लाइ, थोरै हँसाइ, अनुहार विकृत पार्नु |
| व्यभिचारी भाव- | निद्रा, आलस्य, अवहित्था |

**६. अद्भुत रस**

विस्मय स्थायी भाव हुने रसलाई अद्भुत रस भनिन्छ । अलौकिक अथवा विचित्र वस्तु, दृश्य, आवाज वा घटनालाई देखीसुनी उत्पन्न हुने विस्मयात्मक चित्तवृत्ति अद्भुत रस हो । अद्भुत रसका उपकरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| आलम्बन विभाव- | अनौठो वा असाधारण व्यक्ति, वस्तु, ठाउँ, आवाज |
| उद्दीपन विभाव- | विस्मय, आश्चर्य, विचित्रता |
| अनुभाव- | आँखा ठुला हुनु, ट्वाल्ल पर्नु, पसिना आउनु, अक्क न बक्क हुनु, काम छुट्नु |
| व्यभिचारी भाव- | आवेग, तर्क, दैन्य, जडता, चपलता, हर्ष |

**७. बीभत्स रस**

घृणा वा जुगुप्सा स्थायी भाव हुने रसलाई बीभत्स रस भनिन्छ । घृणित वस्तु वा व्यक्तिलाई देखेर वा तिनका हाउभाउ हेर्दा बीभत्स रस उत्पन्न हुन्छ । निकै दुब्लो मानिस, सिँगाने केटाकेटी,

फोहोरी जनावर आदि देख्दा यस किसिमको रस उत्पन्न हुन्छ । बीभत्स रसका उपकरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| आलम्बन विभाव- | घिनलाग्दो वा दुर्गन्धित प्राणी, मलमूत्र, रगत, सडेको मासु, घाट |
| उद्दीपन विभाव- | दुर्गन्ध, विकृति |
| अनुभाव- | नाक थुन्नु वा खुम्चाउनु, आँखा चिम्लिनु, मुख फर्काउनु |
| व्यभिचारी भाव- | आवेग, मोह, ग्लानि, व्याधि, चिन्ता |

**८. भयानक रस**

डरलाग्दा व्यक्ति, घटना, वस्तु वा दृश्य देख्दा भयानक रस उत्पन्न हुन्छ । यसको स्थायी भाव भय हो । राक्षस, भूत, अत्याचारी मानिस, एकान्त, ठुला दुर्घटना, भुइँचालो, बाढी पहिरोका घटना सुन्दा वा देख्दा भयानक रस उत्पन्न हुन्छ। भयानक रसका उपकरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| आलम्बन विभाव- | डरलाग्दा व्यक्ति वा जनावर, भूतप्रेत, अत्याचारी मानिस, |
| उद्दीपन विभाव- | डर, त्रास, शङ्का |
| अनुभाव- | रङ फुस्रो हुनु, काम छुट्नु, स्वर बिग्रिनु, रौँ ठाडा हुनु, पसिना आउनु, रुनु, कराउनु |
| व्यभिचारी भाव- | त्रास, दैन्य, आवेग, मोह, चिन्ता, शङ्का |

**९. शान्त रस**

शम वा निर्वेद स्थायी भाव हुने रसलाई शान्त रस भनिन्छ । संसारको अनित्यता र निस्सारताको बोधबाट शान्त रस उत्पन्न हुन्छ । शान्त रसका उपकरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| आलम्बन विभाव- | अनित्य संसार, वैराग्यभाव, तत्त्वज्ञान |
| उद्दीपन विभाव- | सत्सङ्ग, तीर्थ, शास्त्र चिन्तन, नीति शिक्षा, ईश्वर दर्शन |
| अनुभाव- | त्याग, रोमाञ्च, भीरुता |
| व्यभिचारी भाव- | निर्वेद, हर्ष, दया, मति, स्मृति, धृति |

## २.३ लक्ष्मी कवितासङ्ग्रहका कवितामा प्रकृतिका रसात्मक स्वरूप

*लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका विविध रसात्मक स्वरूपको चित्रण गरिएको छ । शृङ्गारिक, वीर, करुण, रौद्र, हास्य, अद्भुत, बीभत्स, भयानक र शान्त गरी प्रकृतिका नौ किसिमका

रसात्मक स्वरूपको चित्रण पाइएको छ । तीमध्ये प्रकृतिको हास्य र बीभत्स स्वरूप कमै मात्रामा पाइएको छ । प्रकृतिका शृङ्गारिक, रौद्र, भयानक, र अद्भुत स्वरूप धेरैजसो कवितामा पाइएको छ ।

### २.३.१ प्रकृतिको शृङ्गारिक स्वरूप

*लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण गरिएको पाइन्छ । 'इन्द्रेनी', 'फूलकी कोपीप्रति', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्त पूर्णिमाप्रति', 'वसन्त', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'फागुन फुल्छ संसार सारा', 'जुरेलीको गान', 'रजनीसँग' र 'सन्ध्या' कवितामा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण छ । यहाँ केही प्रतिनिधिमूलक कवितामा चित्रित प्रकृतिको शृङ्गारिक स्वरूपको चर्चा गरिएको छ । 'वैशाख चतुर्दशीकी चाँदनीसँग' कवितामा प्रकृतिको शृङ्गार स्वरूपको चित्रण यसरी गरिएको छ :

"सुधावादिनी हे ! स्वर्गकी चरी,
किन हँसिली वदन ?"
"प्रेमी जोडीहरूको देख्दछु
मधुर मिलन !" (पृ. १३)

प्रस्तुत कवितांशमा प्रकृतिको शङ्गारिक स्वरूपको चित्रण गरिएको छ । वैशाख चतर्दुशीकी चाँदनीलाई सुधावादिनी र स्वर्गकी चरी गरी दुई नामले सम्बोधन गर्दै किन हाँसेकी भनेर प्रश्न गरिएको छ । चाँदनीले प्रेम जोडीहरूको मधुर मिलन देखेर हाँसेकी भन्ने जवाफ दिएको छ । यहाँ चाँदनीसहितको रातमा प्रेमी प्रेमिकाहरू प्रेमालापमा लीन भएको सङ्केत पाइन्छ । प्रेमीजोडीलाई प्रेमक्रीडामा लीन हुन चाँदनी रातले झनै सहयोग गरेको छ । यसरी यहाँ प्रेमी जोडीलाई आलम्बन विभाव र चाँदनी र चाँदनी रातलाई उद्दीपन विभावका रूपमा प्रस्तुत गरिएको छ ।

'रातकी आत्माप्रति' कवितामा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण यसरी गरिएको छ :

सपनाकी ए रानी ! आऊ
डरमा अल्पी प्यारा !
जुहार-परीझैँ ढल्की थोरै
छातीमा,
'भएँ म तेरी' भनिद्यौ मेरी
फेरो मारी,
कविको झुकेको घाँटीमा ! (पृ. ५८-५९)

प्रस्तुत कवितांशमा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण गरिएको छ । रातलाई मानवीकरण गरिएको छ । मानवीकृत रातको आत्मालाई पृथ्वीमा आउन अनुरोध गरिएको छ । कविका लागि मानवीकृत रातकी आत्मा जुहार परी हो । जुहार परीसँग प्रेमालाप गर्न उत्कट इच्छा व्यक्त गरिएको छ । जुहार परी छातीमा टाँसिएको कल्पना गर्दै रातकी आत्मालाई कविकी प्रेमिकाका रूपमा प्रस्तुत गरिएको छ । जुहार परीले कविलाई 'म तेरी भएँ' भनिदिए हुन्थ्यो भन्ने स्वप्निल कामनासमेत गरिएको छ । यसरी कवितामा कवि र मानवीकृत रातकी आत्मालाई प्रेमजोडीका रूपमा प्रस्तुत गरिएको हुँदा मानवीकृत रातकी आत्मा र कवि आलम्बन विभाव हुन् । छाती, एकान्त ठाउँ आदि उद्दीपन विभाव हुन् ।

यसै गरी 'इन्द्रेनी' कवितामा प्रकृतिको शृङ्गारिक स्वरूपलाई यसरी प्रस्तुत गरिएको छ :

अश्रुत सप्तस्वर निर्झरिणी

के यो ?

घाम-छायाको मायाको के

शादी सुन्दर

रङ्ग-निर्झर ?

दुःखसुख झरझर ?

स्वर बरबर ? (पृ. २)

प्रस्तुत कवितांशमा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण गरिएको छ । यसै क्रममा घामछायाबिचको प्रेम प्रसङ्गको वर्णन गरिएको छ । कहिल्यै नसुनिएको सप्तस्वरको आवाजसँगै झरना झरझर गरिरहेको छ । यसै बेला घामछायाको विवाह भएको छ । विवाह निकै सुन्दर देखिएको छ । इन्द्रेनीरूपी झरनाले प्राकृतिक परिवेशलाई झनै सुन्दर बनाएको छ । यहाँ घाम र छायालाई आलम्बन विभावका रूपमा प्रस्तुत गरिएको छ । इन्द्रेनी र निर्झरिणीलाई उद्दीपन विभावका रूपमा प्रस्तुत गरिएको छ । घामछायाको अस्तित्व सँगसँगै देखा पर्छ । घामछाया एकअर्काका लागि प्रेमी प्रेमिका बनेका छन् । उनीहरूको प्रेम अमर छ । यसरी प्रेम र विवाहको प्रसङ्गबाट रति भावको आस्वादन गराइएको छ ।

यसै गरी ‘वसन्त’ कवितामा पूराकथाको प्रसङ्गद्वारा प्रकृतिको शृङ्गारिक स्वरूपलाई यसरी प्रस्तुत गरिएको छ :

शिवले पट्टल खोल्ने काल !
गौरी लाली लिन्छ हिमाल !
उर्वशीको प्रथम झलकमा विक्रमको झैँ मुटु डल्लो
घाउ बनीकन सूर्य अडेको, टक्क छ,
हेर न,
अस्ताचलको चुली उपल्लो ! (पृ. २६)

प्रस्तुत कवितांशमा शिव-गौरी र उर्वशी-विक्रमको प्रेम प्रसङ्गको पूराकथाद्वारा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण गरिएको छ । शिवले पट्टल खोल्दा गौरी हिमाल देखिन्छ । रविकिरणका कारण गौरी निकै लाल भएको छ । यहाँ गौरीलाई पर्वतीको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । शिव र गौरीको प्रेम प्रसङ्ग कोट्याइएको छ । स्वर्गकी परी उर्वशी पृथ्वीमा आउँदा विक्रम उनलाई देखेर मन्त्रमुग्ध भएको घटना सङ्क्षेपमा प्रस्तुत गरिएको छ । शिव-गौरी र उर्वशी-विक्रम आलम्बन विभाव हुन् भने गौरी हिमाल र अस्ताचलको चुली उद्दीपन विभाव हुन् ।

**२.३.२ प्रकृतिको हास्य स्वरूप**

हाँसो स्थायी भावद्वारा अभिव्यञ्जन हुने रसलाई हास्य रस भनिन्छ । भरतले यसलाई शृङ्गार रसको गौण रस मानेको पाइन्छ । वाक्विकृति, चेष्टाविकृति, वेषविकृति एवम् अन्य प्रकारका विकृतिको वर्णन गरिएमा हास्य रसको आस्वादन गर्न सकिन्छ । *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिको हास्य स्वरूपको चित्रण कमै मात्रामा पाइएको छ । ‘नीलकाँटाको आवाज’ कवितामा प्रकृतिको हास्य स्वरूपलाई यसरी प्रस्तुत गरिएको छ :

बेकार सराप्छौ तिमी मलाई,
सुन रे मेरा शठ भाइ !
मुनिको मनको काँढा मै हुँ
खोल्ने दोस्रो लोचनलाई
फूल-अन्धा छन् दुनियाँ सारा । (पृ. ३)

प्रस्तुत गद्यांशमा हास्य रस व्यक्त भएको सामान्य सङ्केत पाइन्छ । नीलकाँटाले मानिसलाई ‘मेरा शठ भाइ’ भनेर सम्बोधन गरेको छ । निर्जीव वस्तुले मानिसलाई मुर्ख भन्दा एक किसिमको हाँसो सिर्जना हुन्छ । नीलकाँटाको आवाजलाई आलम्बन विभावका रूपमा प्रस्तुत गरिएको छ । यहाँ

हाँसोभन्दा पनि व्यङ्ग्य बढी पाइन्छ । निलकाँटा अर्थात् सांसारिक दुःखको महत्त्व बुझ्न नसक्नेलाई मुर्ख भनेर सम्बोधन गरिएको छ ।

'गधा बोल्छ' कवितामा व्यङ्ग्यार्थद्वारा हाँसो सिर्जना गरी प्रकृतिको हास्य स्वरूप यसरी प्रस्तुत गरिएको छ :

घाम र हावा कपडा हाम्रो, तिम्रो शरीरमा काँढा ल !
प्रकृतानन्दी तारस्वरमा, सच्चा कलाको मर्मज्ञ,
बोल्छु गधा म फुइँ नझिक ?
हामी गधाको बुद्धि सिक !
गिर्न उडेथ्यौ यसरी ल !
मालिक मानिस ! ही ! ही ! हः !
ही ही हः हः ! ही ही हः ! (पृ. २५)

प्रस्तुत कवितांशमा गधाले आफ्ना मालिक मानिसलाई सम्बोधन गर्दै बोलिरहेको छ । मानिसले विकास गरेको सभ्यता र त्यसका नकारात्मक पक्षमाथि व्यङ्ग्य गरिएको छ । मानिसलाई आफूबाट सिकेर प्रकृतिप्रेमी हुन भनिएको छ । यसरी गधाले मानिसलाई गिज्याउँदा एक किसिमको हाँसो भाव जागृत हुन्छ । कविताभर नै गधाले मानिसको बुद्धि, कार्यशैली, सभ्यता, संस्कार, विकासलाई गिज्याइरहेको हुँदा व्यङ्ग्यपछि हाँसो स्थायी भाव उद्रेक हुन्छ । यहाँ गधा आलम्बन विभाव र उसले मानिसप्रति गरेको व्यङ्ग्यवाण उद्दीपन विभावका रूपमा रहेको छ ।

### २.३.३ प्रकृतिको करुण स्वरूप

शोकबाट अभिव्यञ्जन हुने रसलाई करण रस भनिन्छ । इष्ट व्यक्ति वा वस्तुको विनाश, दुःखद अवस्थाको दर्शन वा वर्णनबाट करुण रस आस्वादन हुन्छ । यसको स्थायी भाव शोक हो । अनिष्ट भएको व्यक्ति वा वस्तु आलम्बन विषय हो र दुःखी व्यक्ति आलम्बनको आश्रय हो । मृत या विनष्ट व्यक्ति वा वस्तुको शव, अनिष्टको चर्चा, विनष्ट व्यक्ति वा वस्तुको गुणकथन आदि उद्दीपन विभाव हुन् । 'ज्वरशमना प्रकृति' कवितामा प्रकृतिको करुण स्वरूपको चित्रण यसरी गरिएको छ :

"चून र इँट संसार होइन, गणित हिसाब
दिवस अन्धा हृदय गन्धा,
निधारमा हाम्रो संसारी ज्वरो, कुत्सित स्वभाव !
रोगायो मानिस गिरिवनबाट पुगेर सुदूर (पृ. १५८)

प्रस्तुत कवितांशमा प्रकृतिको करुण स्वरूपको चित्रण गरिएको छ । प्रकृतिलाई त्यागेर वा प्रकृतिबाट टाढा रहेर सभ्यता र उन्नतिको भऱ्याङ चढ्ने क्रममा मानिस अझै गरिबीको प्रकोप, गन्धा हृदय, अन्धो दृष्टि र कुत्सित भावले आक्रान्त भएको छ । मानिस अभाव, ताप, दुःख, वेदना र विफलता जस्ता संसारी ज्वरोको भुङ्ग्रोमा पिल्सिएको छ । मानिस निकै रोगाएको छ । यहाँ मानिसको दयनीय अवस्थाको चित्रण गरिएको छ । मानिसलाई कठैबरा भन्न खोजिएको छ । यसरी प्रकृतिवियोगका कारण अभाव, दुःख, खराब विचार, अन्धो दृष्टि र रोगग्रसित मानिसको दयनीय अवस्थाको चित्रण गरी भावकमा शोक स्थायी भाव जागृत गराइएको छ । प्रकृतिलाई आलम्बन विभाव र संसारी ज्वरोलाई उद्दीपन विभावका रूपमा प्रस्तुत गरिएको छ ।

यसै गरी 'उघ्रेर बिग्रेको बिहान' कवितामा प्रकृतिको करुण स्वरूपलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

> रोगी हुन्छ बिहान, दुर्बल तथा रुन्चे, निकम्बा अब !
> आँधी हो कि कराउने ? विफल भो विस्फोटको गौरव !
> काँपी थुर्थुरि घाम भाग्छ दुनियाँ आशा टुसैमा मरी !
> आगो बाल्नुपऱ्यो घरैघर बसी, को खप्छ यो थुर्थुरी ! (पृ. १६१)

प्रस्तुत कवितांशमा प्रकृतिको करुण स्वरूपको चित्रण गरिएको छ । उघ्रिसकेको बिहान बिग्रिँदा नरमाइलो महसुस भएको छ । बिहान कुरूप बनेको छ, जसलाई देख्नासाथ दाया जागेर आउँछ । यहाँ सफा र सुन्दर बिहानलाई गुमाउनुपरेको पीडाबोध गर्न सकिन्छ । त्यस्तै उघ्रेको बिहानले प्रजातन्त्र आएको समयलाई सङ्केत गरेको छ भने बिग्रेको बिहानले प्रजातन्त्र प्राप्तिपश्चात्को देशको दुरवस्थालाई बोध गराएको छ । प्रजातान्त्रिक व्यवस्थाले पनि देशको समृद्धिको नक्सा कोर्न नसेको भावबोध हुन्छ । प्रजातन्त्र रोगी, दुर्बल र निकम्मा हुने अनुमान गरिएको छ । महाविस्फोटपछि सम्पूर्ण उपलब्धि गुम्ने खतरा बढेको छ । यसरी देश र जनताको कारुणिक अवस्थाको चित्रणद्वारा करुण रसको आस्वादन गराइएको छ ।

यसै गरी 'सिस्नोको गुनासो' कवितामा प्रकृतिको करुण स्वरूप यसरी प्रस्तुत गरिएको छ :

> कविजी ! जँच्दिनँ तिम्रा नजरमा
> काँढादार छु, ज्वलित छु लाटो
> तिमीझैँ जनले तत्त्व नबुझ्दा
> सिस्नो रोई मर्नै आँट्यो
> पुरुष वचनले छाती फाट्यो । (पृ. २११)

प्रस्तुत कवितांशमा प्रकृतिको करुण स्वरूपको चित्रण गरिएको छ । सिस्नोको गुनासो सुन्दा भावक पाठकका मनमा दयाभाव जागृत हुन्छ । सबैबाट तिरस्कृत सिस्नो रोई रोई मर्न लागेको छ । सिस्नोलाई निकै दयनीय अवस्थामा पुऱ्याइएको छ । अनेक आक्षेप लगाइएको छ । मानिसका आक्षेपले सिस्नोलाई रुवाएको छ । यहाँ सिस्नोलाई दलित, गरिबी र दुःखी व्यक्तको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । सिस्नोमार्फत दलित, गरिब, दुःखीको क्रन्दन तथा गुनासो व्यक्त भएको छ । सिस्नो अर्थात् दलित, गरिब र दुःखी व्यक्ति आलम्बन विभाव हो । तितो वचन उद्दीपन विभाव हो ।

### २.३. ४ प्रकृतिको रौद्र स्वरूप

क्रोध स्थायी भाव हुने रस नै रौद्र रस हो । शत्रु पक्षकाले आफूमाथि गरेको अन्याय, अत्याचार, शत्रुवत् व्यवहार अथवा अपराध, अपमान, निन्दाबाट उत्पन्न हुने क्रोधबाट रौद्र रसको उत्पत्ति हुन्छ । यसमा अपमान गर्ने वा निन्दा गर्ने विरोधी आलम्बन विभाव हुन् । विरोधी, विपक्षी वा शत्रुको काम गराइ, रुखो बोली उद्दीपन विभाव हुन् । हुरीको गीत' कवितामा प्रकृतिको रौद्र स्वरूपको चित्रण यसरी गरिएको छ :

प्रलङ्कर शङ्कर-शिरको धूमिल जटाको उच्छाल,
प्रलयको छ पताका मेरो उडान, पागल उत्ताल,
मुस्कन्छु झलझल भीषण निजी शोभाले प्रसन्न नारी,
सगर सागर सोहोरी सन्कैं, भँवरी परेर भारी
उग्रलाई अभिसारी, (पृ.२१)

प्रस्तुत कवितांशमा प्रकृतिको रौद्र स्वरूपको चित्रण गरिएको छ । यहाँ हुरीलाई तत्कालीन युगको अन्याय नाश गर्ने कालीका रूपमा चित्रण गरिएको छ । हुरी शङ्कर-शिरको धूमिल जटाको उच्छालसँगै प्रलयको पताका उडाउँदै आएको छ । हुरीको उडान अत्यन्त वेगवान् छ । हुरीद्वारा सागरदेखि सगरसम्म व्याप्त समाज तथा मानव जीवनका विसङ्गति र फोहोरलाई पखालेर बढारेर सृजन-नवजीवनका मूल्य सौन्दर्यबीजलाई परिपोषित गर्ने अभिव्यक्ति पाइन्छ । पृथ्वीमा व्याप्त अन्याय, अत्याचार, विकृति र विसङ्गतिप्रति हुरी रिसाएको छ । हुरी तिनलाई नाश गरेर नवसिर्जन गर्न चाहन्छ ।

यसै गरी 'झञ्झाप्रति' कवितामा प्रकृतिको रौद्र स्वरूपको चित्रण यसरी गरिएको छ :

आ ! फिँजारी घनका झाँक्रा, सगर-सागर गाँसी
उग्ररूपिणी ! प्रलयसदनि ! वर्षकी वेदनाराशि !
नाश् रे शेष शिशिर, भंडारी ! शोध् रे पृथिवी-वासी ! (पृ.६)

प्रस्तुत कवितांशमा झञ्झाको रौद्र स्वरूपको चित्रण गरिएको छ । झञ्झालाई घनका झाँक्रा फिँजारेर आउन र पृथ्वी एवं पृथ्वीवासीमा भएको फोहोरको शोधन गर्न अनुरोध गरिएको छ । पृथ्वीमा रहेको शेष शिशिर र अन्याय अत्याचार एवं शोषण उत्पीडनको विनाश गर्न पनि आह्वान गरिएको छ । झञ्झालाई समाज र राष्ट्रको फोहोर बढार्न प्रलयकारी तुफानका रूपमा चित्रण गरिएको छ । झञ्झाद्वारा शिशिरको अन्त्य भएपछि नवीन एवं मधुर ऋतु वसन्तको अभ्युदय हुने भाव व्यक्ति भएको छ । समाजमा व्याप्त विकृति, विसङ्गति, अन्याय र अत्याचारप्रति क्रोध प्रकट गरिएको हुँदा रौद्र रसको परिपाक भएको पाइन्छ ।

### २.३.५ प्रकृतिको वीर स्वरूप

होशियारीपूर्वक कार्य, मन्त्रशक्तिको प्रयोग, धैर्य, गर्व, पराक्रमको कथनजस्ता कार्यले उत्साह भाव पैदा भई वीर रसको सृष्टि हुन्छ । कुनै काम गर्न उद्यत वा पौरखपूर्ण कार्य गर्ने व्यक्तिको उल्लासपूर्ण भावले उत्साहको सृष्टि गर्दछ । आफ्नो वा राष्ट्रको स्वार्थ बचाउन वा सङ्कटमा परेको व्यक्तिको उद्धार आँट, साहस, दृढता, पौरखपूर्ण उत्साह नै वीर रसको स्थायी भाव हो । प्रतिद्वन्द्वीलाई परास्त गर्ने नायकका क्रियाकलापद्वारा वीर रस उत्पन्न हुन्छ (भण्डारी, २०७७ पृ. ६१) । *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिको वीर स्वरूपको चित्रण गरिएको पाइन्छ । यस सङ्ग्रहका 'बादलको स्वागत', 'झञ्झाप्रति' आदि कवितामा प्रकृतिको वीर स्वरूपको चित्रण पाइन्छ । 'बादलको स्वागत' कवितामा प्रकृतिको वीर स्वरूपलाई यसरी प्रस्तुत गरिएको छ :

> धर्ती दुहौँला, छाती फुहौँला धानी असारे कुर्ली टाल !
>
> बर्खा, बिजुली, धूप सहौँला,
>
> धूमका मुनितिर रोप्न नुहौँला, पोषन भूका भोका बाल !
>
> जबतक हाम्रो हात कोदाली, टर्ला जगमा रे अनिकाल ! (पृ.२०२)

प्रस्तुत कवितांशमा प्रकृतिको वीर स्वरूपको चित्रण गरिएको छ । किसान धर्ती दुहुन, छाती फोरेर असारमा धान रोप्न निकै उत्साही भएको देखिन्छ । किसान बर्खा, बिजुली र धूप सहन तयार छन् । हातमा कोदाली रहेसम्म धर्तीमा अनिकाल नपर्ने भाव व्यक्ति गरिएको छ । किसानको पौरखी हातको महिमा गाइएको छ । अन्नबाली फलाएर पृथ्वीको भोक टार्न उद्यत किसानमार्फत उत्साहको भाव जागृत गराइएको छ ।

यसै गरी 'झञ्झाप्रति' कवितामा प्रकृतिको वीर स्वरूपलाई यसरी प्रस्तुत गरिएको छ :

> जाग् रे ! जाग् रे ! वायुबघिनी ! गर्जी रे ! झञ्झाकी काली !

मानव अझ छ मानवन्त्र ! आँखामा डालेर जाली !

सडल जगत् जा बढारी ! जर्जर दलका दल ! (पृ.७)

प्रस्तुत कवितांशमा प्रकृतिको वीर स्वरूपको चित्रण गरिएको छ । झञ्झालाई जाग्न अनुरोध गरिएको छ । मानिस भौतिक जीवनशैलीप्रति आकृष्ट भएकाले उसको आँखामा जाली बाँधिएको भाव व्यक्त भएको छ । मानवले समाज र देशमा व्याप्त अन्याय, अत्याचार र विकृति फाल्न सकेको छैन । यसै कारण झञ्झालाई कालीझैँ साहसी भई सडल जगत् बढार्न प्रेरित गरिएको छ । पृथ्वीका फोहोर बढार्न उद्यत झञ्झामा कालीमा भएको झैँ जोस र उत्साह देख्न पाइन्छ । झञ्झामा देखिएको उत्साह तथा जोसका कारण भावक तथा पाठकमा उत्साह भाव जागृत हुन्छ र अन्याय, अत्याचार र विकृति हटाउन उत्साहित हुने भाव प्रकट भएको छ ।

### २.३.६ प्रकृतिको भयानक स्वरूप

भय स्थायी भाव हुने रस नै भयानक हो । भयानकको अर्थ डरलाग्दो हो । डरलाग्दा वस्तु वा दृश्य देख्दा, ठुलो अपराध गरेपछि सजायको कल्पना गर्दा मनमा उत्पन्न हुने छटपटी वा व्याकुलताको अनुभूति भएसँगै भयानक रसको उत्पत्ति हुन्छ । डरलाग्दा व्यक्ति, वस्तु वा प्राणी आलम्बन विभाव हुन् भने त्यस्ता वस्तुले गर्ने डरलाग्दा क्रियाकलापचाहिँ उद्दीपन विभाव हुन् । 'वर्षा' कविता प्रकृतिको भयानक स्वरूपको चित्रण यसरी गरिएको छ :

आशङ्काले भुरभुर गुँदै सम्झिँदा पङ्ख नाना

जाओ बच्चाहरू नतरसून् गर्जिँदा स्वर्ग-छाना,

लर्बर गर्दा कुशल कमिला ! लौ गरे है हतार,

तेसै ओर्ली चिर चकँरिदो चील ! होला अबेर । (पृ.७१)

प्रस्तुत कवितांशमा प्रकृतिको भयानक स्वरूपको आंशिक चित्रण गरिएको छ । वर्षाको समयमा आकाशमा गड्याङगुडुङ गर्दा बच्चाहरू भयभीत हुन्छन् । चराहरू सुरक्षाका लागि आआफ्नो वासस्थानतर्फ लाग्दछन् । कमिलाहरू हतारहतार काम गरिरहेका हुन्छन् । यसरी वर्षामा स्वर्ग-छाना गर्जँदा बालबालिका, चरा र कमिलामा भय उत्पन्न हुन्छ । यहाँ स्वर्गछाना, गड्याङगुडुङ आवाज र गाढा कालो बादललाई उद्दीपन विभावका रूपमा चित्रण गरिएको छ ।

यसै गरी 'झञ्झाप्रति' कवितामा झञ्झालाई डरलाग्दो रूप धारण गरेर आउन अनुरोध गर्दै प्रकृतिको भयानक स्वरूपको चित्रण यसरी गरिएको छ :

आ ! फिँजारी घनका भाँक्रा, सगर-सागर गाँसी !

उग्ररूपिणी ! प्रलयसदनि ! वर्षकी वेदनाराशि !

नाश् रे शेष शिशिर भंडारी ! शोध् रे पृथिवी-वासी ! (पृ. ६)

**२.३.७ प्रकृतिको बीभत्स स्वरूप**

गन्हाउने वस्तु, सिनो, फोहोरी मानिस आदि पटक्कै मन नपर्ने घृणित वस्तुमा आँखा पर्दा मनमा एक प्रकारको क्षोभ उत्पन्न हुन्छ । यही क्षोभलाई घृणा भनिन्छ । बीभत्स रसको स्थायी भाव घृणा हो । आलम्बन विभावका रूपमा दुर्गन्धी वस्तु वा फोहोरी मानिस आदि पर्दछन् । ती सडेगलेका वस्तुमा किरा देखिनु, त्यसबाट दुर्गन्ध आउनु उद्दीपन विभाव हुन् । 'सिस्नोको गुनासो' कवितामा प्रकृतिको बीभत्स स्वरूपको चित्रण यसरी गरिएको छ :

दप्किरहेछन् शीतका दाना !

कविले गरीकन गिल्ली गाना !

झुसे, पोलाहा, छुच्चो भन्छन्,

दाँजी कुसुमसँग विषसरि गन्छन्,

हुँला असुन्दर, पीरो तातो ! (पृ.२१०)

प्रस्तुत कवितांशमा सिस्नोको बीभत्स स्वरूपको चित्रण गरिएको छ । सिस्नोलाई गिल्ला गरिएको छ । छुच्चो, पोलाहा र झुसेको उपनाम दिइएको छ । कसैले माया नगरेको र सबैबाट उपेक्षा भएका छ । आलम्बन विभावका रूपमा सिस्नोको चित्रण गरिएको छ भने सिस्नोमा हुने झुस र जलनशक्तिलाई उद्दीपन विभावका रूपमा प्रस्तुत गरिएको छ ।

'नीलकाँटाको आवाज' कवितामा प्रकृतिको बीभत्स स्वरूपलाई यसरी प्रस्तुत गरिएको छ :

छीः छीः दूरदूर गरिएको हुँ !

सबले आँखा तरिएको हुँ !

आदिम मनुको बदमाशीले

तर पृथिवीमा बरिएको हुँ !

दिव्य शल्यको दैनिक साधनमा

स्रष्टाले दरिएको हुँ ! पृ. ३)

प्रस्तुत कवितांशमा नीलकाँटाको बीभत्स स्वरूपको चित्रण गरिएको छ । नीलकाँटा अर्थात् सांसारिक दुःखलाई सबैले घृणा गर्ने गरेको भाव व्यक्ति भएको छ । सबैले नीलकाँटलाई घृणाले हेर्ने

गरिएको छ । नीलकाँटालाई घृणित र तिरस्कृत वस्तुका रूपमा चित्रण गरिएको हुँदा बीभत्स रस्वादन हुन्छ । आलम्बन विभावका रूपमा नीलकाँटा र नीलकाँटामा भएको घोचनशक्तिलाई उद्दीपन विभावका रूपमा चित्रण गरिएको छ ।

**२.३.८ प्रकृतिको अद्‌भुत स्वरूप**

कुनै अनौठो वा अचम्मलाग्दो पदार्थ वा वस्तु वा कुनै व्यक्तिको रूप देख्दा आश्चर्यचकित भएर जुन भाव उत्पन्न हुन्छ, त्यसबाट अद्‌भुत रसको उत्पत्ति हुन्छ । अद्‌भुत रसको स्थायी भाव विस्मय वा आश्चर्य हो । आलम्बन विभावका रूपमा विचित्र वस्तु वा व्यक्ति र असाधारण दृश्य देखिन्छन् । अनौठा व्यक्ति वा वस्तुले गर्ने क्रियाकलाप र अनौठा ठाउँ उद्दीपन विभाव हुन् । 'एक बिहान' कवितामा प्रकृतिको अद्‌भुत स्वरूप यसरी प्रस्तुत गरिएको छ :

उषा चढिन् रे सल्लो !
स्वर्ग भयो आकाश उपल्लो !
त्यसको छाया,
ताल धरामा, तल्लो !
सुन्दरताले झस्केको, वायुमण्डल
हाल्यो !
प्रतिस्पर्शले क्या बादल बल्ली,
फुल्दै झल्क्यो ! फुल्दै झल्क्यो ! (पृ. ७५)

प्रस्तुत कवितांशमा प्रकृतिको अद्‌भुत स्वरूपको चित्रण गरिएको छ । उषामय किरण सल्लाको टुप्पोमा पुग्दा आकाश स्वर्ग जस्तो देखिन्छ । उषामय किरणका स्पर्शले बादलका सेता टाकुरा स्वर्गका कुनै महल जस्तै देखिएको भाव व्यक्त गरिएको छ । यहाँ उषा, बादल र आकाशको अद्‌भुत किसिमले वर्णन गरिएको छ । उषा सल्लो चढ्दै गरेको दृश्य निकै अनौठो लाग्छ । यसरी यहाँ उषामय किरण, बादल र आकाशको सौन्दर्यलाई अद्‌भुत तवरले प्रस्तुत गरिएका हुँदा विस्मय भाव उद्रेक भई अद्‌भुत रसको आस्वादन हुन्छ ।

**२.३. ९ प्रकृतिको शान्त स्वरूप**

शम वा निर्वेद स्थायी भाव हुने रसलाई शान्त रस भनिन्छ । संसारको अनित्यता र निस्सारताको बोधबाट शान्त रस उत्पन्न हुन्छ । शान्त रसमा आलम्बन विभावका रूपमा सांसारिक अनित्यता, वैराग्य भावना, निस्सारता आदि आएका हुन्छन् । धर्मकर्म, तीर्थस्थल, तीर्थयात्रा, तपोवन, देवदर्शन, सत्सङ्ग आदि उद्दीपन विभाव हुन् । सांसारिक त्याग, विषयमा अरुचि अनुभाव हुन् ।

त्यस्तै सञ्चारी भाव हर्ष, स्मृति, विरक्ति आदि हुन् । प्रकृतिको शान्त स्वरूपलाई 'एक तरङ्ग' कवितामार्फत यसरी प्रस्तुत गरिएको छ :

खसिरहेथेँ, खसिरहेथेँ
स्वार ‼ स्वार ‼
रिक्ततामा झारिरहेथेँ !
नष्टाकार !
बेपिँध शून्यको पिँधनिर
अन्धकार ! (पृ. १६२)

प्रस्तुत कवितांशमा कवि ठोस जमिनबाट स्वारस्वार अन्धकारमा खसिरहेको वर्णन गरिएको छ । कविले कल्पना वा तन्द्रामा यस्तो महसुस गरेको बुझिन्छ । कसैले उनलाई रिक्ततातर्फ झारिरहेको सङ्केत पनि पाइन्छ । त्यो नष्टाकार झराइ थियो, जसले बेपिँध शून्यको पिँधनिर पुऱ्याउने देखिन्छ । रिक्तता, नष्टाकार, बेपिँध शून्य, अन्धकारजस्ता पदावालीद्वारा शून्यताको बोध गराइएको छ, मृत्युको बोध गराइएको छ । व्यञ्जनाका दृष्टिले हेर्दा उनलाई मृत्युको मुखमा पुऱ्याइएको छ, जसको गहिराइ अनन्त छ, जहाँबाट फर्केर आउन सकिन्न । त्यहाँसम्म पुऱ्याउने तत्त्व घातक रोग हुन सक्ने देखिन्छ । यसरी संसारबाट परलोकको यात्रातर्फ अगि बढिरहेको, जीवनबाट मृत्युतर्फ धकेलिरहेको सङ्केतबाट भावकको मनमा निर्वेद स्थायी भाव जागृत हुन्छ । रिक्त ठाउँ र अन्धकार उद्दीपन विभावका रूपमा प्रस्तुत भएका छन् ।

'माघ खुलेको बिहानको जप' कवितामा प्रकृतिको शान्त स्वरूपको चित्रण निम्नानुसार गरिएको छ :

मृत्यु चिसो हुन्छ भन्छन्,
तातो अमृत थाली !
झारपात भज्न लागे गायत्रीको मन्त्र,
किरणतर्फ आफूलाई माटामा उचाली !
ए वरेण्य भर्गस् ! सविता !
प्रेर भन्छु आत्मलाई, जहाँ, छौ ज्योतिको थाली
विनत छु, सिकाऊ देव !
जित्न मृत्यु जाली । (पृ. ६)

प्रस्तुत कविताांशमा अध्यात्म जगत्सँगको अभिमुखता पाइन्छ । जीवन र मृत्युको दोसाँधमा रहेको व्यक्तिले सजिलै मृत्युमाथि विजय हासिल गर्न चाहेको भाव व्यक्ति भएको छ । यसका लागि कुनै उपाय छैन । सविता अर्थात् सृष्टिकर्तासँग विनत भएर मृत्युजाली जित्ने उपाय सिकाउन अनुरोध गरिएको छ । भारपातले गायत्री मन्त्र जपेर ज्योतितर्फ उचालेका छन् । कवि स्वयम् पनि अध्यात्म शक्तिको शरणमा परी आध्यात्मिक संसारमा पाइने आनन्दको ज्योतिको अनुभूत गर्न चाहन्छन् । अध्यात्म जगत्प्रतिको अनुराग प्रस्तुत गरिएको हुँदा शान्त रस आस्वादन गर्न सकिन्छ ।

**२.६ निष्कर्ष**

*लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका विविध रसात्मक स्वरूप पहिल्याइएको छ । 'इन्द्रेनी', 'फूलकी कोपीप्रति', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्त पूर्णिमाप्रति', 'वसन्त', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'फागुन फुल्छ संसार सारा', 'जुरेलीको गान', 'रजनीसँग' *र* 'सन्ध्या' कवितामा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण पाइन्छ । *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिको हास्य स्वरूपको चित्रण कमै पाइन्छ । समाज र देशको विकृति, विसङ्गति र मानिसको आधुनिक विज्ञानसँगको अन्धो प्रेमप्रति गरिएको व्यङ्ग्यपश्चात् हास्य सिर्जना भएको पाइन्छ ।

'सिस्नोको गुनासो', 'उघ्रेर बिग्रेको बिहान' र 'ज्वरशमना प्रकृति' कवितामा प्रकृतिको करुण स्वरूपको चित्रण पाइन्छ । प्रकृतिलाई बिम्ब तथा प्रतीक बनाएर जनता, समाज र देशको दुरवस्थाको चित्रणमार्फत प्रकृतिको करुण स्वरूपको चित्रण गरिएको पाइन्छ । 'हुरीको गीत' र 'झञ्झाप्रति' कवितामा प्रकृतिको रौद्र स्वरूप पाइन्छ । 'बादलको स्वागत' र 'झञ्झाप्रति' कवितामा प्रकृतिको वीर स्वरूपको चित्रण छ । 'वर्षा' र 'झञ्झाप्रति' कवितामा प्रकृतिको भयानक स्वरूपको चित्रण छ । 'नीलकाँटाको आवाज' र 'सिस्नोको गुनासो' कवितामा प्रकृतिको बीभत्स स्वरूपको चित्रण गरिएको छ । 'एक बिहान' कवितामा प्रकृतिको अद्भुत स्वरूपको चित्रण पाइन्छ । 'एक तरङ्ग', 'रातकी आत्माप्रति', 'माघ खुलेको बिहानको जप' आदि कवितामा प्रकृतिको शान्त स्वरूपको चित्रण पाइएको छ ।

## तेस्रो परिच्छेद

## *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका पद्धति

### ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका पद्धतिको चर्चा गरिएको छ । यस क्रममा इन्द्रिय संवेद्यताका आधारमा *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लेषण गरिएको छ । इन्द्रिय संवेद्यतालाई पञ्चेन्द्रियका आधारमा दृश्य संवेद्यता, श्रव्य संवेद्यता, स्पृश्य संवेद्यता, घ्रातव्य संवेद्यता र आस्वाद्य (रसना) संवेद्यता गरी पाँच प्रकारमा वर्गीकरण गरिएको छ । यसै गरी प्रकतिलाई वस्तुपरक र आत्मपरक गरी दुई किसिमले प्रस्तुत गरिएको हुन्छ । सोही पद्धतिका आधारमा *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लेषण गरिएको छ । त्यस्तै प्रकृतिको मानवीकरण, प्रकृतिको प्रतीकात्मक चित्रण, मूर्तीकरण तथा अमूर्तीकरण र स्त्रीलिङ्गीकरण के कसरी गरिएको छ भन्ने अध्ययन पनि यस परिच्छेदमा गरिएको छ ।

### ३.२ प्रकृति चित्रणका पद्धतिसम्बन्धी मान्यता

मानवेतर जीवन जगत्का अर्थात् मनुष्यबाहेक ब्रह्माण्डका यावत् वस्तु प्रकृतिमा समेटिन्छन् । ब्रह्माण्डका समस्त दृश्य र इन्द्रिय ग्राह्य वस्तु प्रकृतिका अङ्ग हुन् । काव्यमा प्रकृतिलाई विभिन्न पद्धतिद्वारा चित्रण गरिएको हुन्छ । प्रकृति चित्रणका क्रममा आत्मपरक, वस्तुपरक, इन्द्रिय संवेद्यता, प्रतीक, मानवीकरण, स्त्रीलिङ्गीकरण, मूर्तीकरण तथा अमूर्तीकरण, आलम्बन र उद्दीपनका रूपमा प्रकृति आदि पद्धति अपनाइने गरिएको छ । ती पद्धतिलाई यहाँ सङ्क्षेपमा चर्चा गरिएको छ :

#### १. प्रकृतिको वस्तुपरक र आत्मपरक चित्रण

प्रकृतिको वास्तविक सौन्दर्यलाई विशुद्ध, निर्मल, अविकृत, स्वच्छ र यथार्थ चित्रण गर्नु नै प्रकृतिको वस्तुपरक वा तन्मय स्वरूपको चित्रण हो । प्रकृतिको वास्तविक सौन्दर्यलाई त्यसै रूपमा चित्रण गरिन्छ । यसमा प्रकृतिकै लागि प्रकृति प्रयोग भएको हुन्छ, जसमा प्रकृतिको विशुद्ध, निर्मल, अविकृत र यथार्थ रूप निखारिएको हुन्छ । कविको कुनै पनि निजी भावना विशेषले यसलाई बिटुल्याएको हुन्न । विशाल गगन, विस्तृत धरती, सुन्दर पर्वत-माला, प्रशान्त वनस्थली, ग्रामीण परिवेश आदि विषयहरू यस फाँटमा आउँछ । कविका कल्पना अथवा मनोगत भावना यसमा समावेश गरिँदैन ।

प्रकृतिको कुनै पक्षको चित्रण गर्दा मनोगत भाव वा धारणाको प्रस्तुत गर्नु नै आत्मपरक वा मन्मय चित्रण हो । यसमा प्रकृतिलाई मानवीकृत रूपमा र नाना मानवीय मनोभाव तथा विभिन्न स्थिति परिस्थितिका अभिव्यञ्जकका रूपमा प्रकृतिको मानवीकरणका साथै त्यसको दिव्याकरण र प्रकृति-मानव-दिव्यताको समीकरण गर्ने गरिन्छ । प्रकृतिलाई आमा, अभिभावक, अध्यापक, ईश्वर, मित्र, औषधी, सौन्दर्यको खानी आदिका रूपमा लिने गरिएको पाइन्छ ।

**२. प्रकृतिको इन्द्रिय संवेद्य चित्रण**

प्रकृतिको इन्द्रिय संवेद्य चित्रण इन्द्रिय संवेद्य बिम्बसँग सम्बन्धित छ । तसर्थ यहाँ इन्द्रिय संवेद्य बिम्बको चर्चा गरिएको छ । काव्यको सन्दर्भमा बिम्ब एक अत्यन्त महत्त्वपूर्ण संघटनात्मक तत्त्व हो । यो अङ्ग्रेजी शब्द 'इमेज' को नेपाली अनुवाद हो । बिम्बको शाब्दिक अर्थको निम्ति चित्र, प्रतिमा आदि अन्य पर्याय शब्दको प्रयोग गरिन्छ । बिम्बको व्यापक अर्थमा संसारका सम्पूर्ण घटक तथा त्यसका क्रिया व्यापारहरू अन्तर्भुक्त हुन सक्दछन् । मानवीय क्रियाकलाप मात्र नभएर संसारका प्रत्येक वस्तुलाई समेट्न सक्ने बिम्बको क्षेत्र व्यापक हुन्छ ।

बिम्ब एक शब्दचित्र हो । कविले जब आफ्नो अनुभूतिलाई शब्दद्वारा चित्रात्मक स्वरूपमा अभिव्यक्त गर्दछ तब बिम्बको सिर्जना हुन्छ । बिम्बले शब्दस्तरमा मात्र नभएर अनुभूति, भावना, घटना आदिमा पनि जीवनको चित्र प्रस्तुत गर्दछ । बिम्बको मुख्य आधार इन्द्रियगत ज्ञान हो । जुनै रूप, अवस्था वा विधानमा भए तापनि इन्द्रियपरक सम्बन्ध र त्यसको अनुभूति वा ज्ञान बिम्बको अनिवार्य धर्म हो (राई, सन् २००२, पृ.९०-९९) । बिम्ब वस्तुको आन्तरिक सादृश्य प्रत्यक्षीकरण हो । यसलाई ऐन्द्रिय माध्यमद्वारा आध्यात्मिक अथवा वा तार्किक सत्यतर्फ पुग्ने एक मार्गसमेत भन्ने गरिएको छ । बिम्बमा अमूर्त विचार अथवा भावनाको पुनर्संरचना हुन्छ ।

बिम्बले अभिव्यक्तिमा थप आयाम प्रदान गरी साहित्यिक क्षमताको अभिवृद्धि गर्दछ । सतही रूपमा प्रतीकजस्तै देखिए तापनि बिम्बले प्रतीकभन्दा अलग्ग उद्देश्य र प्रयोजन अँगालेको हुन्छ । प्रतीकात्मक वस्तुले भौतिक रूपमा असम्बद्ध कुनै भावलाई अभिव्यक्त गर्दछ भने बिम्बले शब्दचित्रको संरचना गरी शब्द वा वाक्यांशको आफ्नै स्वाभाविक अर्थमा उभिएर भावको क्रमिकता, वितरण र उँचाइ गहिराइको आयाम थपेर कलात्मक सशक्तता बढाउँछ । बिम्बको प्रयोजनमा प्रायोजित वस्तुले प्रतीकले जस्तै सोझै भाव बोक्नुको साटो शब्दचित्रका आफ्नै भावहरूलाई मनोवैज्ञानिक ढङ्गले समानान्तर प्रवाहित तुल्याउँछ र शब्दचित्रहरूको मिश्रित र सामञ्जस्यपूर्ण प्रवाहले अभिव्यक्त गर्न खोजिएको भावलाई समानान्तर भावहरूमा घोलिएर अझ प्रखर अभिव्यक्ति दिन्छ (बराल, २०७९, पृ. ५८१) । बिम्ब निर्माणमा ज्ञानेन्द्रियहरूको भूमिका र क्रियाशीलतालाई

आधार मानेर इन्द्रिय संवेद्यताका दृष्टिले बिम्बको वर्गीकरण गरिएको हो । बिम्बको आस्वादन बोधन कुनै न कुनै ज्ञानेन्द्रियबाटै हुने भएकाले बिम्बलाई इन्द्रियहरूकै सापेक्षतामा मूल्याङ्कन गर्नु वा छुट्याउनु उपयुक्त हुन्छ । यी ऐन्द्रियिक बिम्बहरू पञ्चेन्द्रिय, पञ्चतत्त्व र पञ्चमहाभूतसँग सम्बद्ध छन् । इन्द्रियसापेक्ष अनुभूति बिम्बको मूल आधार हो । बिम्बको मूल कार्य नै अमूर्त, अस्फुट र अस्पष्ट अनुभूतिलाई मूर्त, स्फुट र स्पष्ट बनाउनु हो ।

**(क) दृश्य बिम्ब**

दृश्य बिम्बलाई चाक्षुष बिम्ब पनि भनिन्छ । यो बिम्ब दृश्य तत्त्व वा रूप तत्त्वसँग सम्बन्धित रहेको हुन्छ । ऐन्द्रियिक संवेदनाका दृष्टिले चक्षुद्वारा अनुभूत हुनु यस बिम्बको अभिलक्षण हो । यस्ता बिम्बहरूमा सादृश्य सम्बन्ध प्रबल हुन्छ । आँखाले प्रत्यक्ष अनुभव गर्ने र त्यसको माध्यमबाट सौन्दर्यबोध हुने चाक्षुष बिम्बहरूको प्रयोग काव्यमा व्यापक रूपमा गरिन्छ । चाक्षुष बिम्ब वा दृश्य बिम्बमा कुनै आकार वा आकृति मात्र होइन, रङहरूको पनि बोध हुन्छ । दृश्य बिम्ब आस्वादनको प्रमुख आधार दृष्टिपरक इन्द्रिय भएकाले यो बिम्बलाई दृश्य बिम्ब भनिएको हो । दृश्य बिम्बहरू आकारवान् भएकाले यिनीहरू ठोस, मूर्त र स्पष्ट हुन्छन् (पहाडी, २०७१, पृ. ७४) । चाक्षुष संवेदनामा आधारित दृश्य बिम्ब सरूप हुन्छ । त्यसमा वस्तुको रूप, रङ आकार आदिको बिम्ब निर्माण हुन्छ । चाक्षुष बिम्ब ऐन्द्रिय तथा भाव संवेद्य आधारका अन्य बिम्बहरूमा पनि उपस्थित रहन्छ । यसर्थ काव्यमा चाक्षुष बिम्ब अपरिहार्य र अनिवार्य उपकारक तत्त्व मानिन्छ ।

**(ख) श्रव्य बिम्ब**

श्रव्य बिम्बलाई नाद बिम्ब पनि भनिन्छ । नाद बिम्ब ऐन्द्रिय संवेदनको अत्यन्त सूक्ष्म स्तरबाट उद्भुत हुन्छ । कर्णेन्द्रियसँगको सोझो सम्पर्क हुनाले यसलाई श्रव्य वा ध्वनि बिम्ब पनि भनिन्छ । ध्वनि संवेदनाको सबैभन्दा सूक्ष्म स्तर हो । ध्वनि शब्दको प्राणतत्त्व हो । शब्दले कुनै न कुनै दृश्य चित्रलाई बुझाएझैँ ध्वनिले पनि कुनै न कुनै ध्वनि चित्रलाई बुझाउँछ (राई, सन् २००२, पृ.२४१) । श्रव्य बिम्बको अनुभूति वा आस्वादन मूलतः श्रवणेन्द्रियबाट गरिन्छ । वर्ण-ध्वनि, छन्दोबद्ध लय, तुकान्त, कुनै ध्वनि वा आवाज आदिबाट श्रव्य बिम्ब उत्पन्न हुन्छ । झरनाको कलकल, चराको चिरबिर, पशुका आवाज, मान्छेका चित्कार, सवारीसाधनका आवाज, चट्याङको गड्याङगुडुङ आदि श्रव्य बिम्बमा पर्दछन् ।

**(ग) स्पृश्य बिम्ब**

ऐन्द्रिय स्पर्श संवेदनाद्वारा स्पृश्य बिम्ब निर्माण हुन्छ । यसलाई स्पर्शसंवेद्य बिम्ब पनि भनिन्छ । स्पर्शजन्य संवेदनाका माध्यमबाट यस्ता बिम्बको निर्माण हुन्छ । बिम्ब आस्वादनको प्रमुख

आधार त्वक् इन्द्रिय वा स्पृश्यता भएकाले यस्ता बिम्बमा खस्रो, मसिनु, तातो, चिसो, जाडो, गर्मी, न्यानो, शीत, नरम, कडा, भुँवादार जस्ता स्पर्शजन्य वस्तुहरू समेटिन्छन् । कुनै वस्तुले छुँदा हुने आनन्द र पीडा गरी यस्ता बिम्ब दुई थरी हुन्छन् ।

**(घ) घ्राण बिम्ब**

घ्राणतत्त्वसँग सम्बद्ध यस बिम्बलाई गन्ध बिम्ब पनि भन्ने गरिएको छ । यस्ता बिम्बको आस्वादनमा हाम्रो घ्राणेन्द्रिय सक्रिय हुन्छ । सुगन्धित वा दुर्गन्धित वस्तुहरू यसमा बिम्बको रूपमा प्रयुक्त हुन्छन् ।

**(ङ) रसना बिम्ब**

यस प्रकारको बिम्बलाई रस बिम्ब पनि भनिन्छ । रस बिम्ब रसनाको अनुभूतिमा आधारित बिम्ब हो । पदार्थको अम्लता, मधुरता आदि आस्वादपरक विशेषताको ज्ञान रसनाबाट हुन्छ । रसनाबाट प्राप्त आस्वादको अवधि क्षणिक हुन्छ । यसै कारणले रस बिम्बको बोध पनि क्षणिक नै हुन्छ । काव्यमा खानपानको प्रसङ्गको वर्णन अत्यन्त कम हुन्छ । त्यसर्थ रस्य बिम्बको प्रयोग पनि कम देखिन्छ । काव्य समालोचकहरूले यस बिम्बलाई कटुता, तिक्तता आदिमा मात्र सीमित नराखी अनुभूतिपरक बिम्बका रूपमा पनि लिएका छन् ।

**३. प्रकृतिको प्रतीकात्मक चित्रण**

प्रकृतिलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्ने गरिएको छ । यो पद्धतिको सम्बन्ध प्रतीकसँग सम्बन्धित रहेको छ । धारणा, पक्ष, विलक्षणता आदि अमूर्त कुराको प्रतिनिधित्व गर्ने तर शाब्दिक र दृश्यात्मक रूपमा अप्रकट अर्थका अनेकौँ तहहरू रहेको साहित्यिक युक्ति नै प्रतीक हो । प्रतीकमा मूर्त वस्तु वा घटना आएको हुन्छ र त्यसले भाषिकभन्दा धेरै परका अर्थ दिन्छ । अभिधाभन्दा निकै टाढाका भिन्नभिन्न र अमूर्त अर्थ बुझाउन सक्ने बिम्ब नै प्रतीक हो । प्रतीकको अर्थ प्राकृतिक नभई मान्छेले थपेको हुनाले त्यो संस्कृति, स्थान, समय, परम्परा आदिका आधारमा फरक पर्न सक्छ (एटम, २०७४, पृ. १५९) । प्रतीकलाई यादृच्छिक, वर्णनात्मक र आन्तरिक गरी तीन भेदमा वर्गीकरण गर्न सकिन्छ । यादृच्छिक प्रतीक कला तथा विज्ञान दुवै क्षेत्रमा पाइन्छन् । यसको स्रोत धेरै र कार्य नगण्य हुन्छ । भाषिक तथा कलागत सहचार्यको क्रमिकता गठन गर्ने उद्देश्यले मात्र यस्ता प्रतीकहरू बनाइएका हुन्छन् । यी प्रतीकहरू वस्तुको सोझो अर्थ वा प्रतिकृति मात्र हुन्छन् । वर्णनात्मक प्रतीक स्पष्ट हुन्छन् । कला र धार्मिक क्षेत्रका प्रतीकहरू मुख्यतः वर्णनात्मक हुन्छन् अनि केही मात्रामा विज्ञानबाट पनि यस्ता प्रतीकहरू आधृत हुन्छन् । आन्तरिक प्रतीकअन्तर्गत आन्तरिक

र संश्लिष्ट चरित्रको विधान रहन्छ । यसको दृष्टि गहनतातिर उन्मुख हुन्छ । यस प्रकारको प्रतीकको मुख्य र स्पष्ट चरित्र यसले प्रदान गर्ने अर्थ र वस्तुको प्रतिनिधित्वमा नदेखिएर वस्तु स्वयंमा हुने यसको उपस्थितिसहित प्रकटित हुन्छ । आन्तरिक प्रतीकले प्रेक्षकलाई वस्तुको प्रतिदर्शन मात्र नगराएर अन्तर्दर्शन गर्ने क्षमतामा पुऱ्याउँदछ ।

### ४. प्रकृतिको मानवीकरण

कुनै पनि वस्तु वा जनावरलाई मान्छेका रूपमा व्यवहार गर्ने साहित्यको प्रविधिलाई मानवीकरण भनिन्छ । मानवीकरण रूपक अलङ्कारकै एक प्रकार हो । यसले अमूर्त विचारलाई भौतिक नाममा चित्रण गर्छ भने जनावरलाई मान्छेजस्तै बोल्न लगाउन वा कार्यरत गराउन सक्छ । यो काव्यिक कथनमा रूपकीय, विशिष्टीकृत र चित्रमय अभिव्यञ्जना दिलाउने सहज खालको प्रविधि हो (एटम, २०७४, पृ. १८५) । प्रकृतिको मानवीकरण गर्दा इन्द्रेनी, रजनी, वर्षा, फूल, सूर्य, चन्द्र, वायु, जल र मेघ आदिलाई देवत्वका रूपमा लिएर लिइन्छ । यसमा प्रकृतिमा मानव रूप, मानव गुण, मानव क्रिया र मानव भावना आदिको आरोप गरिएको हुन्छ । प्रकृतिप्रेमी कविले अचेतन पदार्थमा आफ्नो सम्बन्ध स्थापित गर्दछ । उसले समस्त प्रकृतिलाई उसका अन्तर्भावका रूपमा सम्झन्छ । उसको सहचरी प्रकृति उसका कष्टमा संवेदना प्रकट गर्दछ र आत्मविभोर हुनपुग्छ । वियोग र व्यथामा छटपटिएका प्राणीका निम्ति प्रकृतिबाट सान्त्वना प्राप्त हुन्छ । प्रकृतिको कष्टमा कवि कराउँछ, हृदयबाट यो के हुन गयो, के कष्ट पऱ्यो भन्दै दुःखी बन्छ ।

कविताको बुनोट-स्तरीय संरचनामा मानवीकरणका साथै सजीवीकरण, मूर्तीकरण र अमूर्तीकरणजस्ता उपकरणहरूको प्रयोग पनि गरिन्छ । अभीष्ट कथ्यलाई बढी प्रभावकारी, संवेद्य र कलात्मक बनाउन कविहरूद्वारा यी उपकरणहरूको प्रयोग गरिन्छ । मानवेतरको मानवीकरण, निर्जीवको सजीवीकरण, अमूर्तको मूर्तीकरण र मूर्तको अमूर्तीकरण आदिबाट कथ्य-सन्दर्भ र त्यसको अभिव्यक्ति-प्रक्रियामा विशेष शक्ति र सौन्दर्य थपिन्छ । कविहरूले यी उपकरणहरूलाई आफ्नो अभिव्यक्ति प्रक्रियाको प्रविधि विशेषका रूपमा स्वीकार गरेको पाइन्छ ।

### ५. प्रकृतिको स्त्रीलिङ्गीकरण

कुनै पनि वस्तु वा जनावरलाई मान्छेका रूपमा व्यवहार गर्ने साहित्यको प्रविधिलाई मानवीकरण हो । मानवीकरणभित्र स्त्रीलिङ्गीकरण पर्दछ । प्रकृतिलाई नारीका रूपमा प्रस्तुत गर्नु प्रकृतिको स्त्रीलिङ्गीकरण हो । स्त्रीका आभूषण पहिऱ्याइदिएर र स्त्रीलिङ्गी विशेषण तथा क्रियापद प्रयोग गरेर प्रकृतिको स्त्रीलिङ्गीकरण गर्ने गरिएको छ ।

### ६. प्रकृतिको मूर्तीकरण र अमूर्तीकरण

अमूर्त कुरालाई मूर्त रूप दिने काम वा प्रक्रियालाई मूर्तीकरण भनिन्छ । मूर्त वस्तुलाई अमूर्त बनाउने कार्य अमूर्तीकरण हो । दृश्य प्रकृतिलाई अमूर्तीकरण गर्ने तथा अमूर्त चेतनालाई प्रकृतिसँग तादात्म्य गरेर मूर्तीकरण गर्ने गरिन्छ ।

## ३.३ *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका पद्धति

*लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका विविध पद्धति अवलम्बन गरिएको छ । मानवीकरण र स्त्रीलिङ्गीकरण पद्धति सबैभन्दा बढी प्रयोग गरिएको छ । यसका साथै मूर्तीकरण, अमूर्तीकरण, इन्द्रिय संवेद्य चित्रण आदि पद्धति अवलम्बन गरेको पाइएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ३.३. १ प्रकृतिको वस्तुपरक चित्रण

प्रकृतिको वास्तविक सौन्दर्यलाई विशुद्ध, निर्मल, अविकृत, स्वच्छ र यथार्थ चित्रण गर्नु नै प्रकृतिको वस्तुपरक चित्रण हो । प्रकृतिको वास्तविक सौन्दर्यलाई त्यसै रूपमा चित्रण गरिन्छ । यसमा प्रकृतिकै लागि प्रकृति प्रयोग भएको हुन्छ, जसमा प्रकृतिको विशुद्ध, निर्मल, अविकृत र यथार्थ रूप निखारिएको हुन्छ । कविको कुनै पनि निजी भावना विशेषले यसलाई बिटुल्याएको हुन्न । विशाल गगन, विस्तृत धरती, सुन्दर पर्वत-माला, प्रशान्त वनस्थली, ग्रामीण परिवेश आदि विषयहरू यस फाँटमा आउँछ (थापा, २०७०, पृ. १३४) । कविका कल्पना अथवा मनोगत भावना यसमा समावेश गरिँदैन ।

*लक्ष्मी कवितासङ्ग्रह*का अधिकांश कवितामा प्रकृतिको वस्तुतपरक चित्रण पाइएको छ । केही कवितामा पूर्ण रूपमा प्रकृतिको वस्तुतपरक चित्रण गरिएको छ भने केही कवितामा आंशिक रूपमा प्रकृतिको वस्तुपरक चित्रण पाइन्छ । 'वसन्त' कवितामा प्रकृतिको वस्तुपरक चित्रण यसरी गरिएको छ :

क्या ऋतु आयो, भू-इन्द्रेनी शश-पागल !
मौरी गुनगुन खग चञ्चल !
स्नायु चपल औ मुटु खलबल ! (पृ. २६)

प्रस्तुत कवितांशमा वसन्त ऋतुको वस्तुपरक चित्रण गरिएको छ । जसमा वसन्त ऋतुको आगमनसँगै रङ्गीविरङ्गी फूलले गर्दा पृथ्वी इन्द्रेनी जस्तै देखिएको वर्णन गरिएको छ । यति बेला मौरी गुनगुन गर्दै फूलका सुवास लिन यताउति उडिरहेका हुन्छन् । आकाशमा पन्छीहरू चञ्चल भएर यताउति गरिरहेका हुन्छन् । वसन्तु ऋतृको प्रभाव मानवजातिमा समेत पर्दछ । खुसी र

आनन्दले स्नायु अस्थिर हुन्छ । मुटुमा अनेक किसिमका तरङ्ग उत्पन्न हुन्छ । यसरी वसन्तु ऋतृको समयमा प्रकृति र मानवमा पार्ने सकारात्मक प्रभावको यथार्थपरक वर्णन गरिएको छ ।

'दोर्जीलिङको बाघचूलीमा' कवितामा प्रकृतिको वस्तुपरक चित्रण यसरी गरिएको छ :

काञ्चनजङ्घा लेक भरिभर
बाह्ममुहूर्तमा मिरमिर, मिरमिर
आँग जोरी भेडा उँग्छन्, दलका दल,
पाठा, माउ सब, बादलका निश्छल ! (पृ. १०१)

प्रस्तुत कवितांशमा दार्जिलिङको बाघचुलीबाट देखिने सूर्योदयकालीन प्राकृतिक सौन्दर्यको वस्तुपरक चित्रण गरिएको छ । कञ्चनजङ्घा हिमालछेउको लेकमा उषाकालीन समयमा भेडाका पाठामाउ आआफ्ना दलमा रहन्छन् । प्रातःकालीन रविकिरणको र्स्पशको आनन्द लिन आँग जोरेर उँग्ने गर्छन् । प्रातःकालीन समयमा बाघचुली र आसपासको प्राकृतिक वातावरण निकै रमणीय देखिन्छ । यसरी कञ्चनजङ्घा, लेक, मिरमिरे उज्यालो, भेडाका माउपाठा र स्वच्छ बादलको वस्तुपरक चित्रण गरिएको छ । *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिको वस्तुपरकभन्दा आत्मपरक चित्रण बढी पाइएको छ । वस्तुपरक चित्रणकै क्रममा आत्मपरकता घुसाइएको पाइन्छ ।

### ३.३. २ प्रकृतिको आत्मपरक चित्रण

प्रकृतिको कुनै पक्षको चित्रण गर्दा मनोगत भाव वा धारणाको प्रस्तुत गर्नु नै आत्मपरक चित्रण हो । यसमा प्रकृतिलाई मानवीकृत रूपमा र नाना मानवीय मनोभाव तथा विभिन्न स्थिति परिस्थितिहरूका अभिव्यञ्जकका रूपमा प्रकृतिको मानवीकरणका साथै त्यसको दिव्याकरण र प्रकृति-मानव-दिव्यताको समीकरण गर्ने गरिन्छ । प्रकृतिलाई आमा, अभिभावक, अध्यापक, ईश्वर, साथी आदिका रूपमा हेरिन्छ । 'नीलकाँटाको आवाज' कवितामा प्रकृतिको आत्मपरक चित्रण यसरी गरिएको छ :

छीः छीः दूरदूर गरिएको हुँ !
सबले आँखा तरिएको हुँ !
आदिम मनुको बदमाशीले
तर पृथिवीमा बरिएको हुँ । (पृ. ३)

प्रस्तुत कवितांशमा नीलकाँटा फूललाई मानवीकरण गरेर प्रस्तुत गरिएको छ । दुःखरूपी नीलकाँटालाई सबैले घृणा गर्ने गरेको सन्दर्भ प्रस्तुत छ । कविको दुःखप्रतिको जीवनदृष्टि र दुःखदर्शनलाई नीलकाँटामार्फत प्रस्तुत गरिएको छ । आत्मकथानात्मक शैलीमा लेखिएको यस

कवितामा नीलकाँटाको रोदन प्रस्तुत गरिएको छ । कविताको आख्यानात्मक संरचना र नीलाकाँटाको मानवीकरणद्वारा प्रकृतिको आत्मपरक चित्रण गरिएको देखिन्छ ।

*लक्ष्मी कवितासङ्ग्रह*का 'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'माघ खुलेको बिहानको जप', 'फूलकी कोपीप्रति', 'झञ्झाप्रति', 'प्रार्थनाकी निशि', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तप्रर्णिमाप्रति', 'हुरीको गीत', 'वर्षा', 'सन्ध्या', 'रातकी आत्माप्रति', 'जुरेलीको गान' आदि कवितामा प्रकृतिको आत्मपरक चित्रण पाइन्छ ।

**३.३. ३ प्रकृतिको मानवीकरण**

कुनै वस्तुलाई मानवको रूप दिने प्रक्रिया वा मानवका रूपमा कल्पित तथा प्रस्तावित गर्ने काम नै मानवीकरण हो । 'वैशाख चतुर्दशीकी चाँदनीसँग' कवितामा प्रकृतिलाई मानवीकरण गरिएको साक्ष्य यस प्रकार छ :

"यति मीठोसँग पृथिवीमा किन मुसका'की ?"

"हरिया हृदय, अधरमा फुस्किन,

छु सिका'की !" (पृ. १३)

प्रस्तुत कविताांशमा कवि र चाँदनीबिच प्रश्नोत्तर भएको वर्णन गरिएको छ । चाँदनीले कविलाई उत्तर दिएको देखिन्छ । चाँदनीले मानिसलाई खुसी हुनु र मुस्कुराउन सिकाएको छ । प्रश्नोत्तर शैलीमा संरचित यस कविताांशमा चाँदनीलाई गुरूका रूपमा समेत प्रस्तुत गरिएको छ । मुस्कुराउने र सिकाउने जस्ता मानवीय कार्य चाँदनीबाट भएको छ भन्ने प्रसङ्ग नै प्रकृतिको मानवीकरण हो ।

यसै गरी 'वसन्तपूर्णिमाप्रति' कविता प्रकृतिको मानवीकरण यसरी गरिएको छ :

गोलवदन ! तिमी, दिन-सुकला जो ज्योतिचदरले ढाकी,

तुहिनाचलको चुली उपरमा निहुरी चियाउन आ'की !

देखी, पश्चिम आशाले दीप सुनौला निभा'की ! (पृ. १४-१५)

प्रस्तुत कविताांशमा वसन्तपूर्णिमालाई मानवीकरण गरिएको छ । वसन्तपूर्णिमाले ज्योतिचदरले मुख ढाकेको, हिमालको चुलीबाट पृथ्वीतर्फ चियाउन आएको र सूर्यास्तको समयमा पश्चिममा देखिने सुनौला रविकिरणलाई निभाएको वर्णन गरिएको छ । वसन्तपूर्णिमाले मानिसले झैँ व्यवहार गरेको देखिन्छ । यस प्रकारले प्रकृतिलाई मानवीय कार्य गराउनु नै मानवीकरण हो ।

'हुरीको गीत' कवितामा प्रकृतिको मानवीकरण यसरी गरिएको छ :

गाउँदछु, पागल वेदना हाँसी, फोएर हावाको बेताल !
विषमको खाडी जन्मस्थल मेरो, रोएर जन्मेथें हूँ, हूँ,
ध्वंसिनी दूत्तिका विधिको बनें, दर्दको आत्मा के कहूँ,
पखेरू नागलाई कोर्रा दी हाँक्नु विकास-आकास-पथ,
क्रोधको दिव्य सुषमा मेरो, वेगको आत्मा नै रथ । (पृ. २१-२२)

प्रस्तुत कवितांशमा हुरीलाई मानवीकरण गरिएको छ । यसमा हुरीले पागल वेदना हाँसेको र गाएको वर्णन छ । यस्तै हुरी हुँहुँ रुँदै खाडीमा जन्मिएको छ । हुरी दर्दको आत्मा कहने वा नकहने भन्ने दोधारमा रहेको छ । हाँस्नु, गाउनु, रुनु, कहनु जस्ता क्रिया हुरीबाट गराइएको छ । मानवले गर्ने कार्य हुरीबाट गराएर यस कवितांशमा प्रकृतिको मानवीकरण गरिएको छ ।

*लक्ष्मी कवितासङ्ग्रह*का 'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'झञ्झाप्रति', 'फूलकी कोपीप्रति', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'हुरीको गीत', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'फागुन फुल्छ संसार सारा', 'वर्षा', 'एक बिहान', 'धोबिनीले पगली बोली', 'ज्वरशमना प्रकृति', 'उघ्रेर बिग्रेको दिन', 'सन्ध्या', 'सिस्नोको गुनासो' आदि कवितामा प्रकृतिलाई मानवीकरण गरिएको पाइन्छ ।

### ३.३. ४ प्रकृतिको स्त्रीलिङ्गीकरण

प्रकृतिलाई नारीका रूपमा प्रस्तुत गर्नु प्रकृतिको स्त्रीलिङ्गीकरण हो । देवकोटा प्रकृतिलाई नारी सौन्दर्य र नारीका रूपमा प्रस्तुत गर्न सिद्धहस्त कवि हुन् । उनले प्रकृतिलाई स्त्रीलिङ्गीकरण गरेर नारी सौन्दर्यको महिमा गर्ने गरेका छन् । 'सन्ध्या' कवितामा प्रकृतिलाई यसरी स्त्रीलिङ्गीकरण गरिएको छ :

केशी ! केश फुहुन्छ्यौ ? जाली पार्न ? रत्न भर्न ?
हृदय हर्न ? विजय गर्न ?
सिम्रिकको वसन्त-भास्कर तुल्य चहकिलो टिको
चट्ट जड ए ! भालमा !
थोरै पानीले पुछ्यौ जो चट् ! यो आँखीभ्यालमा ! (पृ. १६८)

प्रस्तुत कवितांशमा सन्ध्यालाई नारीका रूपमा प्रस्तुत गरिएको छ । सन्ध्याले केश फुकाएर बसेको, रातो टिको लगाएको र पानीले अलिकति टिको पुछेको वर्णन गरिएको छ, जुन एक नारीले आफूलाई सिँगार्न गर्ने कार्यहरू हुन् । यहाँ सन्ध्याले सिँगारपटार गरेको दृश्यबिम्बद्वारा प्रकृतिलाई स्त्रीलिङ्गीकरण गरिएको छ ।

‘दोर्जीलिङको बाघचूलीमा’ कवितामा रविकिरण खुसी भएर उज्याली भएको वर्णन पाइन्छ । ‘भइन्’ स्त्रीलिङ्गी क्रियापद र ‘उज्याली’ स्त्रीलिङ्गी विशेषण प्रयोग गरेर रविकिरणलाई यसरी स्त्रीलिङ्गीकरण गरिएको छ :

विभा खुशीले भइन् उज्याली,
मौन प्रतीक्षा भो बादल !
मानव कल्पना भरखर बिउँझी,
आँखा मिचेझैँ, जिल्ल परी !
सारा प्रथम पुराणकथाका,
आत्मा लागी बुझूँ अलिकति (पृ. १०२-१०३)

‘वर्षा’ कवितामा ‘आइन्’ र ‘पार्छिन्’ जस्ता स्त्रीलिङ्गी क्रियापद प्रयोग गरिएको छ । ‘मोती-लुङ’ पहिरिएको सन्दर्भ स्त्रीसँग सम्बन्धित छ । नारीले पहिरिने आभूषण र स्त्रीलिङ्गी क्रियापदद्वारा वर्षालाई यसरी स्त्रीलिङ्गीकरण गरिएको छ :

आइन् वर्षा हरररर चढी वायुपङ्खी विमान,

पाङ्ग्रा घर्षी शिखर गरजी थर्कियो आसमान ।

फर्फर पार्छिन् चदर हलुका, लत्रिँदो, मेघ ह्वैन,

लाखौँ मोती-लुङ नपहिरी चित्त बुझ्ने हुँदै । (पृ. ७१)

*लक्ष्मी कवितासङ्ग्रह*का ‘इन्द्रेनी’, ‘झञ्झाप्रति’, ‘फूलकी कोपीप्रति’, ‘प्रार्थनाकी निशि’,‘वैशाख चतुर्दशीकी चाँदनीसँग’, ‘वसन्तपूर्णिमाप्रति’, ‘ग्रहण नुहाउँदीप्रति’, ‘रानीवनमा’, ‘पानी’, ‘रातकी आत्माप्रति’, ‘एक असारको बिहान’, ‘सावन’, ‘फागुन फुल्छ संसार सारा’, ‘वर्षा’, ‘एक बिहान’, ‘जुरेलीको गान’, ‘दोर्जीलिङको बाघचूलीमा’, ‘रजनीसँग’, ‘ज्वरशमना प्रकृति’, ‘सन्ध्या’ आदि कवितामा प्रकृतिको स्त्रीलिङ्गीकरण गरिएको छ । प्रकृतिलाई स्त्रीलिङ्गीकरण गर्न स्त्रीलिङ्गी विशेषण र क्रियापदको प्रयोग गर्दै स्त्री-परिधान पहिऱ्याइएको पाइन्छ ।

### ३.३. ५ प्रकृतिको प्रतीकात्मक चित्रण

समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनो नै प्रतीक हो । *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएका छन् । इन्द्रेनीलाई सुन्दर अप्सरा तथा एकताको प्रतीकका रूपमा प्रस्तुत गरिएको साक्ष्य यस प्रकार छ :

भन, किन हो ए ! झल्केकी ?
स्वर्ग र पृथिवी टूट,
सुन-नर-फूट,
जोर्न तिमी छौ पल्केकी ? (पृ. २)

प्रस्तुत कवितांशमा इन्द्रेनीलाई स्वर्ग र पृथ्वीलाई जोड्ने सेतुका रूपमा चित्रण गरिएको देखिन्छ । वर्षा ऋतुको समयमा देखिने इन्द्रेनी स्वर्गबाट पृथ्वी आएको प्रतीत हुन्छ, सो दृश्यलाई आधार बनाएर इन्द्रेनीलाई स्वर्ग-पृथ्वी जोड्ने सेतुको प्रतीक बनाइएको हो । त्यस्तै इन्द्रेनीलाई 'सृष्टिपरी' भनिएको छ । सम्पूर्ण भौतिक जगत्की अप्सराको प्रतीकका रूपमा इन्द्रेनीलाई प्रतीकात्मक रूपमा चित्रण गरिएको देखिन्छ । सप्तरङको समिश्रण र एकताले इन्द्रेनीको सौन्दर्य मनोरम भएको भन्ने प्रतीकात्मक अर्थसमेत कवितामा पाइन्छ । यसरी इन्द्रेनीलाई स्वर्ग-पृथ्वीको सेतु, सुन्दर स्त्री र एकताको प्रतीकका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

यसै गरी वर्षालाई अमृतरसको प्रतीकका रूपमा यसरी चित्रण गरिएको छ :

"लौ लौ गाओ दल दल वनै, वृक्ष हो ऊठ सारा,
बर्षे घैंटा घट घट गरी स्वर्ग-पीयूष धारा ।
दर् दर् दर्के अमित-कनिका, प्यून लागिन् धराले,
उफ्री, नाची चल विटप हो, पाउनेछौ जराले, (पृ. ७१-७२)

प्रस्तुत मन्दाक्रान्त छन्दको पद्यमा वर्षालाई स्वर्गबाट आएको अमृतधाराको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । लामो समयसम्म पानी नपाएका कारण सुकेका, ओइलाएका र कमजोर भएका वृक्षहरू वर्षा भएसँगै दह्रा र गाढा हरिया हुन्छन् । बोटविरुवाले जीवन प्राप्त गर्दछन् । धर्ती रसिलो बन्दछ । उत्पादन बढ्दछ । मानिस पनि आनन्दित हुन्छन् । यसरी वर्षालाई अमृतको प्रतीका रूपमा प्रस्तुत गरिएको देखिन्छ ।

'हुरीको गीत' कवितामा प्रकृतिलाई प्रतीकका रूपमा यसरी प्रस्तुत गरिएको छ :

नाश र निर्माण चक्रका मेरा बाफका उठ्दछन् धूलि,
नागिनी झिल्का झिल्केर ठुँग्छन् निशाका उरमा, दी शूली ।
चीत्कारी उठ्छ, अँध्यारो बाक्लो, प्रलय चाख्दछ एकबार,
अन्त र आदि, शून्य र सृष्टि,
लुका र मारी खेल्दछन्, क्षण-क्षण झल्केर, निभेर संसार । (पृ. २२)

प्रस्तुत कवितांशमा हुरीले विनाशसँगै निर्माण गर्ने भाव व्यक्ति गरिएको छ । विनाश र निर्माणको चक्र निरन्तर रहन्छ । हुरीले जमिनमा रहेका पातपतिङ्गर र धुलोमैलो उडाएर स्वच्छ वातावरण निर्माण गर्दछ । यहाँ हुरीलाई विद्रोहचेतको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । विद्रोहचेतरूपी हुरीले जीवनका विसङ्गति र समाजका विकृतिलाई बढारेर लैजाने सङ्केत गरिएको छ । यसरी कवितामा हुरीलाई विद्रोहचेत तथा क्रान्तिकारी विचारको प्रतीक बनाइएको छ ।

*लक्ष्मी कवितासङ्ग्रह*का कविताका विषय र शीर्षकलाई नै प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ । प्रजातन्त्रपश्चात् शिक्षा, अर्थ र विकासका क्षेत्रमा उल्लेखनीय परिवर्तन हुन नसकेको राजनीतिक परिवेशको प्रतीकात्मक प्रस्तुति 'उघ्रेर बिग्रेको बिहान' कवितामा यसरी गरिएको छ :

रोगी हुन्छ बिहान, दुर्बल तथा रुन्चे, निकम्बा अब !
आँधी हो कि कराउने ? विफल भो विस्फोटको गौरव !
काँपी थुर्थुरि घाम भाग्छ दुनियाँ आशा टुसैमा मरी !
आगो बाल्नुपर्‍यो घरैघर बसी को खप्छ यो थुर्थुरी ! (पृ. १६१)

प्रस्तुत पद्यमा बिहान, घाम र आगोलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ । बिहानी समय दिनको सुरुवात हो । बिहानले देशमा प्रजातन्त्र आएको सङ्केत गर्छ । प्रजातान्त्रिक व्यवस्था सुरु भए पनि देशमा परिवर्तनको लहर नदेखिएकाले बिहान रोगी बन्ने सम्भावनार्थ व्यक्ति गरिएको छ । प्रजातन्त्र ल्याउन गरिएको बलिदान र आन्दोलन विफल भएको निराशावादी स्वरसमेत व्यक्ति गरिएको छ । घाम सकारात्मक परिवर्तनको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । प्रजातान्त्रिक व्यवस्था बलियो नभएका कारण देशबाट सकारात्मक परिवर्तन भाग्ने वा देशमा सकारात्मक परिवर्तन नहुने भाव व्यक्त गरिएको छ । यसकारण सधैँ थुरथुर भएर बस्नुहुन्न अब आगो बाल्नुपर्छ भनिएको छ । यहाँ आगो नवक्रान्तिको प्रतीकका रूपमा प्रस्तुत छ । यसरी प्रस्तुत पद्यमा उघ्रेर बिग्रेको बिहानलाई देशमा प्रजातन्त्र आए पनि देश पुरानै स्वरूपमा फर्केको अवस्थाको प्रतीकका रूपमा प्रयोग गरिएको देखिन्छ ।

*लक्ष्मी कवितासङ्ग्रह*का 'झञ्झाप्रति' कवितामा राजनीतिक क्रान्तिको प्रतीकका रूपमा झञ्झालाई प्रस्तुत गरिएको छ । इन्द्रेनीलाई सुन्दरता र एकताको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । बादललाई किसानको सुखद स्वप्नको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ ।

सिस्नोलाई समाजका गरिब, पीडित र अभावले थिचिएको व्यक्तिको प्रतीकका रूपमा यसरी प्रस्तुत गरिएको छ :

रोप्दछ कसले ? हेर्दछ कसले ?
अछूत जातको नित अपशयले
निन्दित, वर्जित, त्यक्त कुनामा
फस्टिरहेछु विष नमूनामा
परित्यक्त जिमी नै जडले समात्यो
पुरुष वचनले छाती फाट्यो ! (पृ. २१०)

प्रस्तुत कवितांशमा सिस्नोलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । सिस्नो अछुत, गरिब, पीडित र रोगीको प्रतीक हो । कसैले सिस्नो नरोप्ने र यसको हेरचाह नगरेको प्रसङ्गबाट सिस्नोलाई उपेक्षा गरिएको भाव व्यक्त भएको छ । जाति व्यवस्थाका कारण कथित अछुतलाई धार्मिक कार्यमा सहभागी नगराउने तथा घर र मन्दिर भित्र प्रवेश निषेध गर्ने गरिएको सामाजिक कुरुतिमाथि व्यङ्ग्यसमेत गरिएको छ । त्यस्तै सिस्नोलाई विषको प्रतीकका रूपमा समेत प्रस्तुत गरिएको छ । विषलाई कतै कुनामा राख्ने गरिएको सन्दर्भसँग कवितांशमा प्रयुक्त 'वर्जित र त्यक्त कुनामा' पदावलीको सोझो सम्बन्ध रहेको छ । सिस्नोलाई झैँ मानिसलाई जात, रोग, धनका आधारमा परित्याग गरेर कुनै कुनामा राखिरहने हो भने सिस्नोले जलनशक्ति जम्मा गरेझैँ यस्ता व्यक्ति पनि सिस्नोझैँ खतरनाक हुने सङ्केत गरिएको छ ।

### ३.३.६ प्रकृतिको मूर्तीकरण र अमूर्तीकरण

*लक्ष्मी कवितासङ्ग्रह*का विद्रोहचेत भएका कवितामा प्रकृतिको मूर्तीकरण र अमूर्तीकरण गरिएको पाइन्छ । 'हुरीको गीत' कवितामा मूर्त हुरीलाई शाश्वत विद्रोहचेतको अभिव्यञ्जनाद्वारा अमूर्तीकरण गरिएको छ भने अमूर्त विद्रोहचेतलाई हुरीका शाश्वत सन्दर्भ र अर्थचित्रणद्वारा यसरी मूर्तीकरण गरिएको छ :

सत्यलाई गर्छु अभिषेक भूमा, स्वर्गका झारीका जलले,
म नारसिंही शक्तिको माऊ युग-नशा हाँक्दछु बलले,
चण्डीझैँ जन्जीर चट्याङ्ग भाँची फुहुन्छ सिंहको वाहन,
त्यो पशुराज जो मेरो कोपले कल्पेथ्यो दण्डको साधन !
म उग्र शिव, म भीम सत्य, भयङ्कर सुन्दरकी देही (पृ. २२)

### ३.३.७ प्रकृतिको इन्द्रिय संवेद्य चित्रण

प्रकृति जे जस्तो सुनिन्छ, छोइन्छ, देखिन्छ अर्थात् आँखाका निम्ति रङ्ग रूप, कानका निम्ति ध्वनि, नाकका निम्ति गन्ध, जिब्राका निम्ति आस्वाद र छालाका निम्ति स्पर्श विशिष्ट रूपमा रहनु नै

इन्द्रिय संवेद्यता हो । मानिसका इन्द्रियहरूलाई जागृत गराउने किसिमको प्रकृति चित्रण नै इन्द्रिय संवेद्यका रूपमा पर्दछन् । रूप, रस, गन्ध, स्पर्श र श्रवण आदिद्वारा अनुभूति सबै विषय प्रकृतिमा पाइन्छ । यो सबै प्रकृति विषय जसको अवलोकन, रसस्वादन, श्रवण, सुवास, ग्रहण र स्पर्श प्रकृतिअन्तर्गत पाइन्छ । आँखाको निम्ति आनन्दित एवं भयभित गराउने किसिमका रम्य र विराट दृश्य, जिब्राका लागि गुलियो तितो वस्तु, नाकका लागि फूलहरूको वास्ना, छालाको लागि चिसो हावा, तातो हावा, कानका लागि मधुर तथा गम्भीर स्वर सबै प्रकृतिमा पाइन्छ ।

### ३.३.७.१ प्रकृतिको दृश्य संवेद्य चित्रण

दृश्य संवेद्यतालाई चाक्षुषका नामले पनि चिनाइन्छ । यो दृश्य तत्त्व वा रूप तत्त्वसँग सम्बन्धित रहेको हुन्छ । ऐन्द्रियिक संवदेनाका दृष्टिले चक्षुद्वारा अनुभूत हुनु यसको अभिलक्षण हो । आँखाले प्रत्यक्ष अनुभव गर्ने र त्यसको माध्यमबाट सौन्दर्यबोध हुने चाक्षुष बिम्बहरूको प्रयोग गरिन्छ (पहाडी, २०७१, पृ.७४) । यसअन्तर्गत कुनै आकार, आकृति र रङहरूसमेतको बोध हुन्छ । 'इन्द्रेनी' कवितामा दृश्य संवेद्यताको चित्रण यसरी गरिएको छ :

पग्ले सृजन-घन, हे साउन
रङ्ग-धनी !
लच्की ललित रे चुली चुली
गाँसी, कलाकी
इन्द्रेनी ! (पृ. १)

प्रस्तुत कवितांशमा प्रकृतिको दृश्य संवेद्य चित्रण गरिएको छ । साउनताका बादल पग्लिएर वर्षाका रूपमा बर्सिन्छ । वर्षा रोकिएपछि सूर्यको विपरीत दिशातर्फ सप्तरङ्गी इन्द्रेनी देखिन्छ । सप्तरङ्गी इन्द्रेनी र रङ्गीचङ्गी फूलहरूका कारण साउन रङ्ग-धनी बन्दछ । इन्द्रेनीले कहिले स्वर्ग र पृथ्वीलाई जोड्दछ, कहिले दुई चुलीलाई गाँस्दछ भन्ने विचार व्यक्त भएको छ । यस कवितांशमा वर्णित प्रकृतिले आँखालाई आकर्षित गर्दछ । इन्द्रेनीमय साउने प्रकृति निकै नै सुन्दर देखिन्छ ।

'चराको भजन' कवितामा बिहानको समयमा आकाशमा देखिने प्रकृतिको दृश्य संवेद्य चित्रण यसरी गरिएको छ :

पङ्खमा फ्यार फ्यार, यात्रामा ग्वारग्वार बिहानी आकाशमा
बिउँभी चलेका पन्छी हामी हरहर बतासमा !
चुँचुँको स्पन्दन, चींचींको क्रन्दन हर्ष र अतासमा
यो वायुमण्डल गिरिको अर्को चढ्दछौं विश्वासमा (पृ.५२ )

प्रस्तुत कवितांशमा प्रकृतिको दृश्य संवेद्य चित्रण गरिएको छ । चराका हुल बिहानी समयमा फ्यारफ्यार गर्दै आकाशमा उड्छन् । बचेराहरू चुँचुँचिँचीँ गर्छन् । चराहरू हरहर बतासमा उड्दै वायुमण्डल नाघ्दछन् । यस प्रकारको दृश्यले मानुष चक्षुलाई आकर्षित गर्दछ । मानिस चराको उडानको दृश्यप्रति लोभिन्छ र मुन्टो बाङ्गो पारी पारी आकाशतर्फ हेर्दछ । यसरी चरा, बचेरा, गिरि र वायुमण्डल जस्ता चित्रशब्दद्वारा प्रस्तुत कवितांशमा प्रकृतिको दृश्य संवेद्य चित्रण गरिएको छ ।

यसै गरी 'वर्षा' कवितामा प्रकृतिको दृश्य संवेद्य चित्रण यसरी गरिएको छ :

आशङ्काले भुरभुर गुँडै सम्भिँदा पङ्ख नाना
जाओ बच्चाहरू नतरसून् गर्जिंदा स्वर्ग-छाना
लर्बर गर्दा कुशल कमिला ! लौ गरे है हतार,
तेसै ओर्ली चिर चकँरिंदो चील ! होला अबेर । (पृ. ७१)

प्रस्तुत पद्यमा प्रकृतिको दृश्य संवेद्य चित्रण पाइन्छ । वर्षायाममा स्वर्ग-छाना गड्याङगुडुङ गरेर तर्सदा चराहरू गुँड सम्झन्छन्, मानिसका बच्चाहरू तर्सिन्छन् । यस्तो बेला डराउनुहुन्न । वर्षा हुने सङ्केत पाएर कमिला पनि हतारहतार गर्दै आफ्नो वासस्थानतर्फ लाग्दछन् । वायुमण्डलभन्दा माथि पुगेको चीलसमेत तल ओर्लन्छन् । प्रस्तुत पद्य पढ्दा आँखामा वर्षा याममा हुने यस्ता गतिविधि झलझली आउँदछ । यस्ता दृश्यले आँखालाई आकर्षित गर्दै पुलकित पार्दछ ।

'दोर्जीलिङको बाघचूलीमा' कवितामा प्रकृतिको दृश्य संवेद्य चित्रण यसरी गरिएको छ :

फर्के !
फर्के, फर्की नजरले हेर्न, फर्की, फर्की,
अद्भुत हिमाल !
दृश्य कमाल !
अद्भुतताको आदिम सदन त्यो,
काञ्चनजङ्घा गिरिको भाल ! (पृ. १०४-१०५)

प्रस्तुत कवितांशमा कञ्चनजङ्घाको दृश्य संवेद्य चित्रण पाइन्छ । बाघचुलीबाट देखिन कञ्चनजङ्घाको प्राकृतिक छटाले कविलाई आफूतिर खिचेको छ । कविले फर्की फर्की कञ्जनजङ्घालाई हेर्ने गरेका छन् । कवि कञ्चनजङ्घालाई आदिम घरका रूपमा समेत हेर्दछन् । यसरी कञ्जनजङ्घाको कञ्चन रूपाकृतिले मानुष चक्षुलाई आकर्षित गर्ने भएकाले यहाँ प्रकृतिको दृश्य संवेद्य चित्रण गरिएको पाइन्छ ।

*लक्ष्मी कवितासङ्ग्रहका* कवितामा इन्द्रेनी, पानी, वर्षा, हुरी, घाम, रविकिरण, बादल, चरा, सिस्नो, रजनी, हिमगिरि आदि दृश्य प्रकृतिको वर्णन र सौन्दर्यको महिमागान गाइएको छ । प्राकृतिक सौन्दर्यको आस्वादन मानुष-चक्षुले गर्ने भएकाले धेरै कवितामा दृश्य संवेद्य चित्रण पाइन्छ ।

### ३.३.७.२ प्रकृतिको स्पर्श संवेद्य चित्रण

ऐन्द्रिय स्पर्श संवेदनद्वारा स्पृश्य बिम्ब निर्माण हुन्छ । स्पृश्य बिम्ब ऐन्द्रियबोधको सबैभन्दा प्रत्यक्ष र स्थूल स्तर हो । प्रकृतिका माध्यमद्वारा जसलाई स्पर्श गरिन्छ या छोइन्छ या अनुभूत गरिन्छ, त्यसलाई स्पर्श चित्रण भन्ने गरिएको छ । प्रकृतिको स्पर्श संवेद्य चित्रण 'नीलकाँटाको आवाज' कवितामा यसरी प्रस्तुत गरिएको छ :

झल्याँस्स जगाउन च्वास्स म ठुँग्दछु,
मानव प्यारा ।
फूलका कविता लेख्छन्, लेखून्,
काँढाको अझ काम छ तीखो,
अझ ठुलो अभिभारा । (पृ. ३)

प्रस्तुत कवितांशमा नीलकाँटाले मानिसलाई जगाउन च्वास्स ठुँग्ने गरेको प्रतीकात्मक चित्रण गरिएको छ । यस कवितामा नीलकाँटालाई सांसारिक दुःखको प्रतीक बनाइएको छ । सुखको जलधिमा पौडिरहेको मानिसलाई बेलाबेलामा सांसारिक दुःखले च्वास्स घोचेर जीवनको अर्को पाटो बोध गराउने गरेको भावार्थ प्रस्तुत गरिएको छ । नीलकाँटाले च्वास्स घोच्दा दुखाइ अनुभूत हुन्छ, च्वास्स घोच्दा काँडा र चर्मबिच स्पर्शसमेत हुने भएकाले माथिको कवितांशमा प्रकृतिको स्पर्श संवेद्य चित्रण गरिएको पाइन्छ ।

'सिस्नोको गुनासो' कवितामा प्रकृतिको स्पर्श संवेद्य चित्रण निम्नानुसार गरिएको छ :

दप्किरहेछन् शीतका दाना !
कविले गरीकन गिल्ली गाना !
झूसे, पोलाहा, छुच्छो भन्छन्, (पृ. २१०)

प्रस्तुत कवितांशमा सिस्नोलाई झसे, पोलाहा र छुच्चो भनिएकामा गुनासो गरिएको छ । सिस्नोको पातमा झुस हुन्छ, जुन नछामिई महसुस गर्न सकिन्न । त्यस्तै सिस्नोको पातमा हुने जलन-दर्द बोध गर्न सिस्नोलाई स्पर्श गर्नैपर्ने हुन्छ । सिस्नोलाई स्पर्श गरेर मात्र झुसे र पोलाहा जस्ता अनुभूतिजन्य भाव बोध गर्न सकिन्छ ।

यसै गरी 'वैशाख चतुर्दशीकी चाँदनीसँग' कवितामा पनि प्रकृतिको इन्द्रिय संवेद्य चित्रणलाई यसरी प्रस्तुत गरिएको छ :

“ए जून ! दिन के ?” “घाउ, घाउ ?”

“रात के प्यारी ?” “मलम, मलम ?” (पृ. १४)

प्रस्तुत कविताांशमा जूनलाई दिन र रातको कामका सन्दर्भमा प्रश्न गरिएको छ । दिन घाउको प्रतीक हो । घाउले मानिसलाई दुःख दिन्छ, पीडाबोध गराउँदछ । त्यस्तै दिनको आगमनसँगै मानिस जीविकाका लागि यताउति दौडधूप गर्नुपर्ने हुन्छ, कर्मशील भएर काममा घोटिनुपर्ने हुन्छ । यसर्थ दिन घाउ जस्तै हो भन्ने भाव व्यक्त भएको छ । त्यस्तै दिनमा रविकिरणका कारण मानिसलाई काममा बाधा पुगेको हुन्छ । गृष्म र वर्षा ऋतुको समयमा रविकिरणका कारण पृथ्वी अत्यधिक तात्तिएर दिन बिताउन निकै कष्टकर हुन्छ, यिनै सन्दर्भलाई आधार मान्दा दिनलाई घाउको प्रतीक मान्न सकिन्छ । रातलाई मलमको प्रतीक ठानिएको छ । रात्रिकालीन समय निकै शीतल हुने गर्दछ । त्यस्तै शात्रिकालीन समयमा विश्राम गरिन्छ, निद्राको आनन्द लिइन्छ । जसरी मलम लगाएपछि घाउको दर्द कम हुन्छ र घाउ निको हुँदै जान्छ त्यसरी नै रात परेपछि शीतलताबोध हुन्छ, आराम गर्न पाइन्छ । घाउमा मलम लगाउने सन्दर्भ स्पर्शसँग सम्बन्धित छ । घाउलाई स्पर्श नगरीकन मलम लगाउन सकिन्न । यसरी प्रस्तुत कविताांशमा मलम र घाउका माध्यमबाट प्रकृतिको स्पर्श संवेद्य चित्रण गरिएको पाइन्छ ।

‘एक बिहान’ कवितामा प्रकृतिको स्पर्श संवेद्य चित्रण यसरी गरिएको छ :

स्वर्ग र पृथिवी ओठ अरुणझैँ

चुम्बन गर्छन् । मस्कन्छन् !

मिठास पाई स्मितिमा मनोहर

लच्कन्छन् ! (पृ. ७७)

प्रस्तुत कविताांशमा स्वर्ग र पृथ्वीबिचको प्रेमक्रीडाको चित्रण गरिएको छ । प्रेमालापका कारण स्वर्ग र पृथ्वी मुस्कुराएको र रमाएर लच्किएको भनेर प्रकृतिको वर्णन गरिएको छ । प्रेमानुभूतिपश्चात् मस्कने क्रिया अनुभूतिसँग सम्बन्धित छ । चुम्बन क्रिया प्रत्यक्ष स्पर्शसँग सम्बद्ध रहेको छ । यस पङ्क्तिमा स्वर्ग र पृथ्वीबिच प्रेमक्रीडा भएको प्रसङ्गद्वारा प्रकृतिको स्पर्श संवेद्य चित्रण गरिएको छ ।

### ३.३.७.३ प्रकृतिको ध्वनि संवेद्य चित्रण

ध्वनि संवेद्यता कर्णसँग सम्बन्धित हुन्छ । यो ऐन्द्रिय संवेदनको अत्यन्त सूक्ष्म स्तरबाट उद्भुत हुन्छ । कर्णेन्द्रियसँगको सोझो सम्पर्क हुनाले यसलाई श्रव्य वा ध्वनि संवेद्यता भनिन्छ ।

ध्वनि संवेदनाको सबैभन्दा सूक्ष्म स्तर हो । 'वर्षा' कवितामा प्रकृतिको ध्वनि संवेद्य चित्रण यसरी गरिएको छ :

आइन् वर्षा हररर चढी वायुपङ्खी विमान

पाङ्ग्रा घर्षी शिखर गरजी थर्कियो आसमान । (पृ. ७१)

प्रस्तुत पद्यमा वर्षा हुनअघि प्रकृतिमा देखापर्ने ध्वनिको वर्णन गरिएको छ । आसमान गड्यागुडुङ गरेर थर्कन्छ, जुन कर्णेन्द्रियद्वारा बोध गरिन्छ । त्यतिबेला हावा हररर चल्दछ, जसलाई सुन्न सकिन्छ । शिखरहरू गर्जिएकाले आसमान थर्किएको हो भन्ने भाव पनि वर्णित छ । यसरी प्रस्तुत पद्यमा प्रकृतिको इन्द्रिय संवेद्य चित्रण गरिएको छ ।

यसै गरी प्रकृतिको ध्वनि संवेद्य चित्रण 'हुरीको गीत' कवितामा यसरी गरिएको छ :

गाउँदछु, पागल वेदना हाँसी, फोएर हावाको बेताल !

विषमको खाडी जन्मस्थल मेरो, रोएर जन्मेथें हूँ, हूँ, (पृ. २१)

प्रस्तुत कवितांशमा हुरीको जन्म र जन्मस्थलको वर्णन गर्दै प्रकृतिको ध्वनि संवेद्य चित्रण गरिएको छ । हुरी खाडीमा हुँहुँ गर्दै जन्मिएको भनेर मानवीकरण गरिएको छ, हुँहुँ गर्दै जन्मिने क्रिया कानसँग सम्बन्धित छ । त्यस्तै हुरीले गाएको छ, जुन गीत पागल वेदनासँग सम्बन्धित । हुँहुँ गर्दै रुनु र गीत गाउनु जस्ता क्रिया हुरीबाट सम्पन्न भएको वर्णन गरिएको छ, जसले कानलाई आकर्षित गर्दछ । कानलाई गीत कर्णप्रिय लाग्दछ ।

'माघको खुलेको बिहानको जप' कवितामा प्रकृतिको ध्वनि संवेद्य चित्रण यसरी गरिएको छ :

सृष्टि लाउँछे वसन सुन्दर,

मधुर मातले छाली !

चञ्चले भाउले चाली !

पाँच द्वारबाट घुस्दछ उदय-सङ्गीत धारा !

पन्छी मान्छ पिंजरा सन्चो,

दोऱ्याउँछ गीत ती सारा ! (पृ. ५)

प्रस्तुत कवितांशमा गीत सङ्गीतको वर्णनद्वारा प्रकृतिको ध्वनि संवेद्य चित्रण गरिएको पाइन्छ । सृष्टिलाई मानवीकरण गरिएको छ । सृष्टिले सुन्दर लुगा लगाएको र चञ्चले हाउभाउसहित हिँडेको भनेर वर्णन गरिएको छ । पञ्चेन्द्रियबाट सङ्गीत धारा बोध हुने गरेको भाव व्यक्त गरिएको छ । पन्छी पिँजरामा बसेर दोहोऱ्याइ दोहोऱ्याइ गीत गाउने गरेको छ । सङ्गीत पञ्चेन्द्रियबाट दिलमा घुस्नु र पन्छीले गीत गाउनु प्रकृतिको ध्वनि संवेद्य चित्रण हो ।

'चराको भजन' कवितामा प्रकृतिको ध्वनि संवेद्य चित्रणको साक्ष्य यस्तो रहेको छ :

सुन ए कान्छी ! नकराऊ चीँचीं
आशाले उक्ल पङ्खलाई सींची
बोल सधैँ रे आशाका चूँचूँ,
ज्योति नभेटे राख रे छूँछूँ, (पृ. ५२)

प्रस्तुत कवितांशमा चरालाई सुन्न अनुरोध गरिएको छ । चराले निराशाका कुरा बोलेकाले चीँचीँ गरेर नकराउन अनुरोध गरिएको छ । चरालाई आशावादी कुरा बोल्न भनिएको छ । चराले सुन्नु, नकराउनु र आशावादी विचार बोल्नु जस्ता क्रिया कर्णेन्द्रियसँग सम्बन्धित छ । यसरी प्रस्तुत कवितांशमा चराका निराशावादी र आशावादी अभिव्यक्तिमा प्रकृतिको ध्वनि संवेद्य चित्रण पाइन्छ ।

'प्रार्थनाकी निशि' कवितामा नसुनिएको नौलो मनको तारा बज्ने गरेको सन्दर्भमा प्रकृतिको ध्वनि संवेद्य चित्रण यसरी गरिएको छ :

बज्दछ अश्रुतबीच मसिनो
मनको तार !
अन्तर-श्वसनको परी प्रहार !
"ए ! सुन्दर ! (पृ. १२)

### ३.३.७.४ प्रकृतिको गन्ध संवेद्य चित्रण

गन्ध वा घ्राण संवेदनबाट घ्राण बिम्बको सिर्जना हुन्छ । गन्ध बिम्ब वा घ्राण बिम्ब काव्यमा विरलै पाइन्छन् अनि संश्लेषित रूपमा पुष्ट घ्राणबिम्ब विश्वको कुनै भाषाको काव्यमा पाउन कठिन हुन्छ । कवितामा गन्ध संवेदनाबाट र गन्ध रूपका प्रतीक फूल आदिबाट दुई किसिमका घ्राण बिम्बको अस्तित्व पाइन्छ । 'फागुन फुल्छ संसार सारा' कवितामा प्रकृतिको गन्ध संवेद्य चित्रण यसरी गरिएको छ :

लुक्ने कोशिश मोहिनीको
हावाले आधा तोडेर,
मुजुरा सब उचालिदिन्छ
बास्ना अबोला छोडेर ! (पृ. ६७)

प्रस्तुत कवितांशमा फागुनमा फूलहरूको बास्नाको सुगन्ध फैलिने भएकाले हावा र प्रकृति नै मगमगाउने गरेको भाव व्यक्त भएको छ । हावाले फूलको मुजुरामा व्याप्त बास्ना सर्वत्र

फिँजाइदिने गरेको घटनाको वर्णन गरिएको छ । मुजुराको बास्नालाई घ्राणशक्तिद्वारा अनुभूत गर्न सकिन्छ । फूलको बास्नाको वर्णनद्वारा यस पङ्क्तिमा प्रकृतिको गन्ध संवेद्य चित्रण गरिएको छ ।

'वसन्त' कवितामा फूलको सुगन्धसँग सम्बन्धित प्रकृतिको गन्ध संवेद्य चित्रण यसरी गरिएको छ :

सुगन्ध-कणी क्या बोकिरहेछन्
लहर-लहर !
दिलको कोभी फुकी-फुकी आउँछ
छरबर पार्न
बास्ना-भुँवर ! (पृ. २६)

प्रस्तुत कवितांशमा फूलहरूले लहर लहरमा बसेर सुगन्ध-कणी बोकिरहेको र भमरो आएर सुगन्ध-कणी छरबर पारिदिने गरेको घटना वर्णित छ । भमरोले फूलफूल चहार्दै रस चुस्ने क्रममा बास्ना यतततत्र छरिएर वायु नै सुगन्धित बन्ने गर्दछ । सुगन्धित वायुलाई अनुभूत गर्न घ्राणशक्ति आवश्यक पर्छ । यहाँ प्रकृतिको गन्ध संवेद्य चित्रण पाइन्छ ।

'एक असारको बिहान' कवितामा प्रकृतिको गन्ध संवेद्य चित्रण यसरी गरिएको छ :

फुल्दछ, फुल्दछ ढकमक्क बन्दै
रातो-पहेँलो ।
यसका सुगन्ध मशीहा चोर्छन्
सुँघी रहेछु
गरिरहेछु चोर्ने मेलो । (पृ. ५९)

प्रस्तुत कविताांशमा राता पहेँला फूल ढकमक्क फुलेर प्रकृति सुन्दर भएको भाव व्यक्ति गरिएको छ । फूलको सुगन्ध यति चित्ताकर्षक छ कि मसिहासमेत यसप्रति आकृष्ट भएका छन् । कवि स्वयम् पनि फूलको सुगन्ध सुँघिरहेका छन्, अझ बढी चोर्ने दाउ गरिरहेका छन् । माथिका पङ्क्तिमा फूलको बास्नाप्रति मानिस र ईश्वर पनि आकृष्ट भएको र रसपान गरिएको भाव व्यक्त भएको छ ।

'नीलकाँटाको आवाज' कवितामा प्रकृतिको गन्ध संवेद्य चित्रण यसरी गरिएको छ :

स्वर्गमा छ क्या मधुशाला !
बाटुला छन् सुनका प्याला !
फूल सुगन्धी खुब उज्याला । (पृ. ३)

प्रस्तुत कविताांशमा प्रकृतिको गन्ध संवेद्य चित्रण पाइन्छ । स्वर्गमा निकै गजबको मदिरा रहेको कल्पना गरिएको छ । मदिरा सेवन गर्न सुनका बाटुला प्याला राखिएको छ । मदिरागृह वरपर

फूल छन्, जो सुगन्ध फैलाइरहेका छन् । फूलहरू निकै उज्यालासमेत देखिन्छन् । फूलले गर्दा मदिरागृह झनै मनमोहक बनेको छ ।

### ३.३.७.५ प्रकृतिको स्वाद संवेद्य चित्रण

प्रकृतिको स्वाद संवेद्य चित्रण रसनाको अनुभूतिमा आधारित हुन्छ । पदार्थको अम्लता, मधुरता आदि आस्वादपरक विशेषताको ज्ञान रसनाबाट हुन्छ । रसनाबाट प्राप्त आस्वादको अवधि क्षणिक हुन्छ । यसै कारणले स्वाद संवेद्यताको बोध पनि क्षणिक नै हुन्छ । 'वर्षा' कवितामा प्रकृतिको स्वाद संवेद्य चित्रण यसरी गरिएको छ :

मीठा मीठा अमृत रसका बिज्जुले लाख लाखा
भर्दै राम्रा फल तरुहरू पाउँछन् भन्न 'चाख'
दर् दर् दर्के अमित-कनिका, प्यून लागिन् धराले
उफ्री, नाची चल विटप हो, पाउनेछौ जराले । (पृ. ७२)

प्रस्तुत पद्यमा प्रकृतिको स्वाद संवेद्य चित्रण पाइन्छ । पृथ्वीमा वर्षा भएपछि बोटबिरुवाका जराले प्रशस्त पानी प्राप्त गर्छन् । बोटबिरुवा हुर्कन्छन्, बढ्छन् र फल दिन्छन् । फल निकै मिठा हुन्छ । एक अर्कालाई फल चाख भन्न पाइन्छ । त्यस्तै वर्षा हुँदा पृथ्वीले पनि अमृतसरहको पानी पिउँछ । फल चाख्न पाइने र धर्तीले पानी पिउने क्रिया जिब्रोसँग सम्बन्धित छ ।

'म लहरा भएँ' कवितामा प्रकृतिको स्वाद संवेद्य चित्रण यसरी गरिएको छ :

अहा ! म लहरा भए मनहरा हरा भू-जरा
चुसी रस फुलाउँथैं कुसुम वासका सुन्दर । (पृ. २००)

प्रस्तुत कवितांशमा प्रकृतिको स्वाद संवेद्य चित्रण गरिएको छ । कविले आफू लहरा भए भू-जराका रस चुसेर सुगन्धित र सुन्दर फूल फुलाउने इच्छा व्यक्ति गरेका छन् । हरिया जराको रस चुस्ने क्रिया रसनासँग सम्बन्धित छ, त्यसको रसको स्वाद कस्तो होला भन्ने जिज्ञासा पैदा हुन्छ । जराको रस चुस्ने सन्दर्भद्वारा प्रकृतिको स्वाद संवेद्य चित्रण गरिएको छ ।

### ३.३.८ आलम्बनका रूपमा प्रकृति

काव्य वा नाटकमा प्रयुक्त पात्रहरू स्थायी भावको उद्रेकका लागि आलम्बन विभावका रूपमा रहेका हुन्छन् । नायकमा स्थायी भावका प्रकटनमा नायकका लागि नायिका वा नायिकाका लागि नायक आलम्बन विभाव बन्दछन् । 'सन्ध्या' कवितामा प्रकृतिलाई आलम्बन विभावका रूपमा यसरी प्रस्तुत गरिएको छ :

केशी, केश फुहुन्छ्यौ ? जाली पार्न ? रत्न भर्न ?
हृदय हर्न ? विजय गर्न ?
सिम्रिकको वसन्त-भास्कर तुल्य चहकिलो टीको
चट्ट जड ए ! भालमा !
थोरै पानीले पुछ्यौ जो चट् ! यो आँखीझ्यालमा !
ऐनाअगाडि, निहुर, अड !
विजयशक्ति जाँच मुस्की !
मस्त होउ, क्यै तरङ्गी लाली फुस्की !
थोर मेट, थोर थप रे !
कल्प केही रे बराबर ! (पृ. १६८)

प्रस्तुत कविताांशमा सन्ध्यालाई एक स्त्रीका रूपमा चित्रण गरिएको छ । सन्ध्याले केश फुकाएको छ । रातो टिको लगाएको छ, अलि बढी भएकाले ऐन अगि अभिएर भेटेको छ । सन्ध्या मुस्कुराएको छ । यहाँ शृङ्गार रस आस्वादनका लागि सन्ध्यालाई आलम्बन विभावका रूपमा प्रस्तुत गरिएको छ ।

'पानी' कवितामा प्रकृतिलाई आलम्बन विभावका रूपमा यसरी प्रस्तुत गरिएको छ :

पानी-रानी आइरहिछन्
ज्येठको दिनमा गगनमा !
धुवा भुवामा, धुवा भुवामा,
शानी गतिमा, बगुवामा ! (पृ. ४३)

प्रस्तुत कविताांशमा पानीलाई सुन्दरी युवती र प्रकृतिको रानीका रूपमा वर्णन गरिएको छ ।

पानी जेठमा महिनामा गगन, पाखोजग्गा, बगुवा आदिमा पाइन्छ । पानीलाई वरुणकुमारी, सुकुमारी, जादूगर्नी, सब रसकी रानीजस्ता नामले सम्बोधन गरिएको छ । यसरी पानीलाई शृङ्गार रसको आलम्बन विभावका रूपमा चित्रण गरिएको छ ।

यसै गरी 'रजनीसँग' कवितामा प्रकृतिलाई आलम्बन विभावका रूपमा यसरी प्रस्तुत गरिएको छ :

अपूर्व राम्री ए सुकुमारी !
तल फर्केकी मीठी जून !
प्यास पहेँली देखिन्छ्यौ किन ?

विषाद-वदनी सुन्दरतासरि ?

हृदय लिईकन चल्दछ कुन ? (पृ. १५०)

प्रस्तुत कवितांशमा रजनीलाई आलम्बन विभावका रूपमा चित्रण गरिएको छ । चन्द्रमालाई सुन्दरी नायिकाको रूपमा प्रस्तुत गरिएको छ । चन्द्रमालाई सुकुमारी र मिठी जून भनेर सम्बोधन गरिएको छ । चन्द्रमालाई स्त्रीलिङ्गीकरण गरेर प्रस्तुत गरिएको हुँदा चन्द्रमा एक सुन्दर स्त्रीका रूपमा देखिन्छ । उसले गर्ने गतिविधिले भावक पाठकका मनमा रति भाव जागृत गराउँदछ ।

### ३.३.९ उद्दीपनका रूपमा प्रकृति

आलम्बन विभाव रहने पर्यावरण एवम् परिवेशले रसोद्दीपनका विभावको काम गरेको हुन्छ । यसअन्तर्गत आलम्बन विभावका चेष्टाहरूका साथै तिनीहरूको रूप, वेशभूषा, आभूषण तथा देश एवम् कालसँग सम्बन्धित पर्यावरण समेटिएको हुन्छ । 'जुरेलीको गान' कवितामा प्रकृतिलाई उद्दीपनका रूपमा यसरी प्रस्तुत गरिएको छ :

छाती, छाती पुकार्लान् ! जल, जलकणिका बैंसले बैंसलाई !

प्यासी बोल्लान्, चिचोल्लान् समय र पिँजरा, गीतमा बग्न पाई !

घाँसी बाला छहर्लिन् हृदयजल कहीँ, चम्चमाई हँसिया !

उक्लेका क्वै, सुसेली नव दिल-सपना, श्री पुकार्दो घँसीया ! (पृ. ८०)

प्रस्तुत पद्यमा जुरेलीको गानालाई उद्दीपन विभावका रूपमा प्रस्तुत गरिएको छ । प्रकृतिको सुन्दरता र जुरेलीको गानालाई शृङ्गारको उद्दीपनका रूपमा वर्णन गरिएको छ । जुरेलीको गाना सुनेर घाँसीवालामा प्रेमाङ्कुरण भएको छ । उसको हात र हँसिया चम्चमाएको छ । घाँसीवालाले हृदयमा त्यतिबेला कुनै घँसियाको कल्पना गरेको भाव व्यक्ति गरिएको छ । यहाँ घाँसवालीमा रति भाव जागृत गराउन जुरेलीको गानले सहयोग गरेको छ ।

'वैशाख चतुर्दशीकी चाँदनीसँग' कवितामा रात्रीको एकान्तलाई उद्दीपन विभावका रूपमा यसरी प्रस्तुत गरिएको छ :

"सुधावदिनी हे ! स्वर्गकी चरी, किन

हँसिली वदन ?"

"प्रेमी जोडीहरूको देख्दछु, मधुर मिलन !" (पृ. १३)

प्रस्तुत कवितांशमा चाँदनी रातमा प्रेमी जोडीबिच मिलन भएको वर्णन गरिएको छ । प्रेमी जोडीहरूको मधुर मिलन भएको छ । चाँदनी र एकान्त रात्रीले प्रेमी जोडीहरूलाई प्रेमक्रीडा गर्न

झन् सहयोग पुऱ्याएको देखिन्छ । यहाँ चाँदनी र एकान्त रात्रीलाई शृङ्गार रसको उद्दीपन विभावका रूपमा प्रस्तुत गरिएको छ ।

### ३.४ निष्कर्ष

*लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिको इन्द्रिय संवेद्य चित्रण पाइएको छ । मुख्यतः प्रकृतिको दृश्य र ध्वनि संवेद्य चित्रण बढी पाइन्छ । प्रकृतिको गन्ध संवेद्य चित्रणअन्तर्गत फूलको वासको प्रसङ्ग बढी भएको पाइन्छ । प्रकृतिको स्वाद संवेद्य चित्रण एकदमै कम मात्रमा रहेको छ । त्यस्तै प्रकृतिलाई वस्तुपरकभन्दा पनि आत्मपरक ढङ्गबाट चित्रण गरिएको पाइन्छ । प्रकृतिको तन्मय चित्रणसँग कविको व्यक्तिवादी विचार प्रस्तुत भएको छ । 'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'माघ खुलेको बिहानको जप', 'फूलकी कोपीप्रति', 'झञ्झाप्रति', 'प्रार्थनाकी निशि', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'हुरीको गीत', 'वर्षा', 'सन्ध्या', 'रातकी आत्माप्रति', 'जुरेलीको गान' आदि कवितामा प्रकृतिको आत्मपरक चित्रण पाइन्छ । प्रकृतिको आत्मपरक चित्रण निकै कलात्मक र भावसौन्दर्यका दृष्टिले पनि उच्चकोटिको रहेको छ ।

*लक्ष्मी कवितासङ्ग्रह*का 'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'झञ्झाप्रति', 'फूलकी कोपीप्रति', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'हुरीको गीत', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'फागुन फुल्छ संसार सारा', 'वर्षा', 'एक बिहान', 'धोबिनीले पगली बोली', 'ज्वरशमना प्रकृति', 'उघ्रेर बिग्रेको दिन', 'सन्ध्या', 'सिस्नोको गुनासो' आदि कवितामा प्रकृतिका विविध स्वरूपलाई मानवीकरण गरिएको पाइन्छ ।

*लक्ष्मी कवितासङ्ग्रह*का 'इन्द्रेनी', 'झञ्झाप्रति', 'फूलकी कोपीप्रति', 'प्रार्थनाकी निशि', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'ग्रहण नुहाउँदीप्रति', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'एक असारको बिहान', 'सावन', 'फागुन फुल्छ संसार सारा', 'वर्ष', 'एक बिहान', 'जुरेलीको गान', 'दोर्जीलिङको बाघचूलीमा', 'रजनीसँग', 'ज्वरशमना प्रकृति' र 'सन्ध्या' कवितामा प्रकृतिलाई स्त्रीलिङ्गीकरण गरिएको छ । प्रकृतिलाई स्त्रीलिङ्गीकरण गर्न स्त्रीलिङ्गी विशेषण र क्रियापदको प्रयोग गर्दै स्त्री-परिधान पहिऱ्याइएको देखिन्छ ।

प्रकृति चित्रणका तन्मय र मन्मय, मानवीकरण, स्त्रीलिङ्गीकरण, मूर्तीकरण, अमूर्तीकरण, प्रतीकात्मकता र इन्द्रिय संवेद्यता जस्ता पद्धतिका आधारमा *लक्ष्मी कवितासङ्ग्रह*का कविताको अध्ययन तथा विश्लेषण गर्दा देवकोटा प्रकृतिलाई स्त्रीलिङ्गीकरण गर्न सिद्धहस्त प्रतिभा भएको निष्कर्ष प्राप्त भएको छ । प्रकृतिको मन्मय तथा आन्तरिक चित्रण गरिएको कविताको सङ्ख्या र गुणस्तर बढी भएको पाइएको छ ।

इन्द्रेनी, नीलकाँटा, झञ्झा, हुरी र वर्षालाई आलम्बन विभावका रूपमा चित्रण गरिएको छ भने रजनी, एकान्त रात, दोर्जीलिङ्गको बाघचूली, चाँदनी, हिमाल, फूलको कोपी आदिलाई उद्दीपन विभावका रूपमा चित्रण गरिएको छ ।

# चौथो परिच्छेद

## *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिसम्बन्धी दृष्टिकोण

### ४.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा प्रकृतिसम्बन्धी देवकोटाको दृष्टिकोणको चर्चा गरिएको छ । उनले *लक्ष्मी कवितासङ्ग्रह*का प्रकृतिपरक कवितामा स्वच्छन्दतावादी प्रगतिवादी काव्यचेतनालाई संयमित, परिष्कृत र स्तरीकृत रूप प्रदान गर्ने प्रयास गरेका छन् । उनले प्रकृतिलाई ज्ञानको स्रोत, ईश्वर, सम्पन्नता, गुरु, मित्र र औषधीका रूपमा प्रस्तुत गर्दै प्रकृतिसम्बन्धी विविध दृष्टिकोण व्यक्त गरेका छन् ।

### ४.२ प्रकृतिप्रतिको दृष्टिकोणसम्बन्धी अवधारणा

कुनै विषयका बारेमा विशेष रूपले हेर्ने वा सोच्ने परिपाटी, विचार वा विवेचना गर्ने ढङ्ग नै दृष्टिकोण हो । दृष्टिकोणलाई खास विषयमा प्रतिपादित कसैको मत वा चिन्तनबाट बनेको राय पनि भन्ने गरिन्छ । देवकोटाले प्रकृतिप्रति विविध दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले प्रकृतिलाई ज्ञानको स्रोत, ईश्वर, सम्पन्नता, गुरु, औषधी, मित्र, सौन्दर्यको खानी आदिका रूपमा प्रस्तुत गरेका छन् ।

### ४.३ *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिप्रतिको दृष्टिकोण

*लक्ष्मी कवितासङ्ग्रह*का प्रकृतिपरक कवितामा प्रकृतिलाई ज्ञान र सम्पन्नताको स्रोत, औषधी, सौन्दर्यको खानी, सुखको खानी, सर्जक आदिका रूपमा प्रस्तुत गरिएको छ । यसमा प्रकृति ज्ञान र सम्पन्नताको स्रोत हो भन्ने लेखकीय दृष्टिकोण धेरै कवितामा व्यक्ति भएको छ । प्रकृतिले मानवज्वर शमन गर्ने दृष्टिकोणसमेत पाइन्छ । त्यस्तै प्रकृतिलाई सर्जकका रूपमा प्रस्तुत गरिएको छ । प्रकृतिले मानिस र ईश्वरबिचको सम्बन्ध सुमधुर बनाउने दृष्टिकोण पनि व्यक्त भएको छ । कवितामार्फत व्यक्त प्रकृतिप्रतिको लेखकीय दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ४.३.१ ज्ञानको स्रोतका रूपमा प्रकृति

प्रकृतिलाई सम्पूर्ण ज्ञान, कला, साहित्य सिकाउने गुरुका रूपमा लिइएको छ । देवकोटा प्रकृतिबाट मानिसले जीवन र जगत्सम्बन्धी अमूल्य ज्ञान हासिल गर्न सक्छ भन्ने दृष्टिकोण राख्दछन् । प्रकृतिका क्रियाकलापद्वारा मानिसले नयाँ ज्ञान र अनुभव सिकिरहेको हुन्छ । प्रकृति मानिसका लागि ज्ञानको स्रोत तथा गुरुसमेत बन्न सक्छ भन्ने उदाहरण 'इन्द्रेनी' कवितामा यसरी प्रस्तुत भएको छ :

मर्न सिकाऊ बादललाई
बलिदानी ।
फुर्न सिकाऊ भू-लाई हे !
इन्द्रानी । (पृ. २)

प्रस्तुत कवितांशमा प्रकृतिसम्बन्धी दृष्टिकोण व्यक्त भएको छ । बादलले आफूलाई बलदानी दिएर पानीका रूपमा पृथ्वीमा आउँदछ, सारा पृथ्वी भिजाउँछ, पृथ्वीलाई हराभरा पार्दछ, बोटविरुवा र प्राणीलाई जीवनदान दिन्छ । आफू मरेर वा आफ्नो अस्तित्व सकेर अरूलाई जीवनदान दिनुपर्ने शिक्षा बादलबाट प्राप्त हुने भाव व्यक्त भएको छ । इन्द्रेनीले पृथ्वीलाई फुर्न सिकाउँछ । इन्द्रेनी फुर्दा निकै सुन्दर देखिन्छ, चित्ताकर्षक हुन्छ । यसै गरी पृथ्वी फुर्ने हो भने हराभरा हुन्छ, जताजतै रसिलो हुन्छ, अन्न उत्पादनमा वृद्धि हुन्छ भन्ने व्यञ्जनार्थ व्यक्त गरिएको छ । यसरी बादल र पृथ्वीको गुरुका रूपमा इन्द्रेनीलाई प्रस्तुत गरिएको छ ।

**४.३.२ ईश्वरका रूपमा प्रकृति**

सम्पूर्ण विश्वब्राह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परम पुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्ता नै ईश्वर हो । परमेश्वर नै संसारको सिर्जनाहार, पालनहार र तारणहार हो भन्ने गरिन्छ । यस्तै किसिमको दृष्टिकोण देवकोटाका कवितामा व्यक्त भएको पाइन्छ । *लक्ष्मी कवितासङ्ग्रह*को 'झञ्झाप्रति' कवितामा प्रकृतिलाई ईश्वरका रूपमा यसरी प्रस्तुत गरिएको छ :

नाची नागिनी बिजुली ! स्वर्गले डसिई, क्रन्दन गायो !
नर-भविष्य बदलीमा छ ! निफन्दे सृष्टिको डाली !
ढुक्क रहेको शोषण-मुटुमा मृत्युको असिना फाली ! (पृ. ७)

प्रस्तुत कवितांशमा झञ्झालाई मानिसको भविष्य बदल्ने र शोषकहरूको विनाश गर्ने ईश्वरीय शक्तिका रूपमा प्रस्तुत गरिएको छ । झाञ्झाले डालीरूपी पृथ्वीलाई निफनेर असल र खराब छुट्याउँछ र शोषण-मुटु भएका मानिसको विनाश गर्छ भन्ने भाव व्यक्त भएको छ । ईश्वरले सत्यको बचाउ र असत्यको नाश गर्दछन् । यस्तै किसिमको कार्य झञ्झाबाट गराउन खोजिएको छ । यसरी हुरीसहितको वर्षा अर्थात् झञ्झालाई ईश्वरीय शक्तिका रूपमा चित्रण गरिएको छ ।

'वर्षा' कवितामा प्रकृतिलाई ईश्वरका रूपमा यसरी प्रस्तुत गरिएको छ :

"लौ लौ दल दल वनै, वृक्ष हो ऊठ सारा,
वर्षे घैंटा घट घट गरी स्वर्ग-पीयूष धारा । (पृ. ७२)

प्रस्तुत पद्यमा वर्षालाई अमृतको धाराका रूपमा चित्रण गरिएको छ । स्वर्ग-पीयूष धारा (वर्षा) ले वृक्षलाई बचाएर अमर राख्ने भाव व्यक्त भएको छ । वर्षाले वृक्षलाई मात्र होइन, सारा प्राणीलाई जीवित रहन मद्दत गर्छ । वर्षासँग प्राणीलाई जीवत राख्ने र मार्ने दुवै शक्ति रहेको सङ्केत गरिएको छ । यसर्थ वर्षा ईश्वरकै प्रतिरूप हो ।

'ज्वरशमना प्रकृति' कवितमा प्रकृतिसम्बन्धी दृष्टिकोण यसरी प्रस्तुत भएको छ :

सहस्रकोटि सागरका मोती गीत गाएर झरर !
विफलताका हजार ज्वाला मारेर सरर !
बादलभुवाले मलम लाए छातीमा चरर !
निधारको ज्वरो शीतल भो, आत्मा आँखामा बरर ! (पृ. १५८)

प्रस्तुत पद्यमा सांसारिक ज्वरोको शमनकार्यमा प्रकृतिको असामान्य भूमिका हुने भाव व्यक्ति गरिएको छ । मानिसको शारीरिक रोग निको पारेर मृत्युमुखबाट बचाइएको सङ्केत गरिएको छ । कुनै व्यक्तिको अस्तित्व जोगाउन प्रकृतिलाई प्रयोग गरिएको छ । आरोग्यता र जीवन ईश्वरीय शक्तिबाट प्राप्त हुन्छ भन्ने भावार्थमार्फत प्रकृतिलाई ईश्वरका रूपमा चित्रण गरिएको छ ।

### ४.३.३ सम्पन्नताको स्रोतका रूपमा प्रकृति

प्रकृतिलाई सबै वस्तुको स्रोतका रूपमा लिइन्छ । प्रकृतिबाटै मानिसले गाँस, वास र कपासका लागि आवश्यक सामग्री प्राप्त गर्छ । अन्यत्रबाट पाउन नसकिने आनन्द प्रकृतिको काखमा पाइन्छ । प्रकृतिमा सबथोक रहेको छ । 'पानी' कवितामा प्रकृतिलाई सम्पन्नताको स्रोतका रूपमा यसरी चित्रण गरिएको छ :

हेमन्त-कुहर भै क्या झछ्र्यौ
अथवा सानो पुत्लो मन्त्री,
उपत्यका नै क्या भछ्र्यौ !
पहाड पाखा-पटुकी भै वा,
कोमल मलमल क्या बेछ्र्यौ ! (पृ. ४७ )

प्रस्तुत कविताांशमा पानी विविध रूप र स्वरूपमा पृथ्वीवासीको सेवा गर्न हाजिर हुने गरेको भाव व्यक्त भएको छ । पानीले हेमन्तमा कुहिरो बनेर धरणीमा सिँञ्जन गर्छ । कुहिरोले उपत्यका नै ढाक्दछ । यो दृश्य अति नै मनोहर हुन्छ । पानी मौसमअनुसार विविध रूपमा पृथ्वीमा झर्ने वा आउने गरेको भाव प्रस्तुत कविताांशमा व्यक्त भएको छ । पानीकै कारण सारा प्राणी आनन्दित हुन्छन्, कृषक झन् रमाउँछन् । पृथ्वी हराभरा हुन्छ । गर्मीका कारण देखिने रोगव्याधि निर्मूल

हुन्छन् । पानीले वृक्ष र प्राणीलाई असीमित खुसी दिएको छ । पानीकै कारण प्रकृतिमा सुख, सौन्दर्य र धनसम्पत्तिमा वृद्धि हुँदै गएको छ । यसरी प्रकृति सर्वगुण सम्पन्ताको स्रोत हो भन्ने दृष्टिकोण प्रस्तुत भएको पाइन्छ ।

### ४.३.४ औषधीका रूपमा प्रकृति

प्रकृति अनेक रूप र स्वरूपमा प्रस्तुत हुन्छ । कहिलेकाहीँ प्रकृतिले मानवीय कार्य गर्दछ । प्रकृतिसँग रोग शमन गर्ने सामर्थ्य हुन्छ । प्रकृति कहिले औषधी त कहिले उपाचारकका रूपमा पनि प्रस्तुत हुन्छ । 'ज्वरशमना प्रकृति' कवितामा प्रकृति औषधीका रूपमा यसरी प्रस्तुत भएको छ :

प्रकृतिदेवी काम गर्छिन् कहीँ नजरका घेरामा
बादल-फूल लगाउन झुल पृथ्वीका डेरामा
कलिला करले मुसार्छिन् मलाई हावाले निधारमा
जुन वायु नीला वनबाट धाउँछ झोपडी किनारमा,
कलिलो पर्श ! कलिली सँगी !   एकान्त गुल्जार छ !
संसारको जरो रन्केको अब शीतल निधार छ ! (पृ. १५५)

प्रस्तुत कवितांशमा ज्वरोग्रस्त कवि प्रकृतिको शरणमा पुगेको र हावाको स्पर्शले ज्वरो निको भएको भाव व्यक्त भएको छ । प्रकृतिसँग शारीरिक र मानसिक रोग निको पार्ने सामर्थ्य हुन्छ । प्रकृति रोगका निम्ति अचुक औषधी तथा मानिसका निम्ति चिकित्सक बन्ने भाव व्यक्त भएको छ ।

'वसन्तपूर्णिमाप्रति' कवितामा पनि प्रकृतिलाई औषधीका रूपमा प्रस्तुत गरिएको छ :

मौनी धवल हिमाल-समाधि भित्र फुरेकी ज्योतिसरि,
विष्णुवदनकी छवि मधुरी !
मृत्युभन्दा परतिर लग्ने तिम्रो मोहन, मृदु मुसकान !
औषधीका बिरुवा छर्छ्यौ रसले भिजाई हिमालभरि !
ज्वर जर्जर यो जगमा दी अमृतमय वरदान !
अमृतवनकी मालिनी, मुस्क ! (पृ. १६)

प्रस्तुत कवितांशमा हिमालभरि औषधीका बिरुवा छरिएको सन्दर्भ उल्लेख गरिएको छ । हिमाली हावाले औषधीको काम गर्दछ । हिमाली परिवेशमा मृत्युभन्दा पर लग्ने सामर्थ्य हुने भावसमेत व्यक्त भएको छ ।

### ४.३.५ सौन्दर्य भण्डारका रूपमा प्रकृति

*लक्ष्मी कवितासङ्ग्रह*का प्रकृतिपरक कवितामा प्राकृतिक सौन्दर्यको महिमा गाइएको छ । 'इन्द्रेनी', 'सन्ध्या', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'दोर्जीलिङको बाचचूलीमा' आदि कवितामा प्रकृतिको सौन्दर्य पक्षको वर्णन गरिएको पाइन्छ । 'रजनीसँग' कवितामा प्रकृतिलाई सौन्दर्यको भण्डारका रूपमा यसरी प्रस्तुत गरिएको छ :

अम्बरभित्र अम्बर हुन्छ,
सुन्दर पनि के तिमीतिर रुन्छ ?
यस्ती जगबीकी तिमी अहो !
कस्तो कल्पिनसक्नु सुन्दर
होला त्यो ? (पृ. १५१)

प्रस्तुत कवितांशमा चन्द्रमाको सौन्दर्यको महिमा गाइएको छ । चन्द्रमा अम्बरभित्र रहेर अम्बर हुन्छ । रात्रीकालीन समयमा चन्द्रमाको सुन्तरता भव्यतासाथ प्रकट भएको हुन्छ । चन्द्रमाको सुन्दरता अल्कपनीय रहेको छ । चन्द्रमाका अघि अन्य सुन्दर वस्तुसमेत फिक्का लाग्न सक्ने भाव प्रकट भएको छ ।

उषाकालीन समयमा आकाशको सुन्दरताको महिमा 'दोर्जीलिङको बाघचूलीमा' कवितामा यसरी प्रस्तुत गरिएको छ :

यस्तो रङ्गिएको आकाश !
हरेक ठाउँमा अद्भुतताले
चुम्बित,
होइन, सेता तपस्या-चूली
उपर खुलेको स्वर्ग हि खास ? (पृ. १०३)

प्रस्तुत कवितांशमा उषाकिरणले कञ्चनजङ्घालाई स्पर्श गर्दा आकाश स्वर्ग जस्तो देखिने भाव प्रकट भएको छ । उषाकिरणले गर्दा आकाश रङ्गीन देखिन्छ । हिमाल तपस्या-चुली जस्ता देखिन्छन् । रङ्गीन आकाश, डाँडा र सेता हिमालको परिदृश्य निकै मनमोहक देखिन्छ ।

### ४.३.६ सृजकका रूपमा प्रकृति

प्रकृतिमा शक्तिको खानी छ, त्यो शक्तिमा विनाश र नव सिर्जना गर्ने क्षमता रहेको छ । प्रकृतिले विनाश मात्र गर्दैन, नव सिर्जना पनि उत्तिकै गर्छ । प्रकृति सिर्जनाहार हो भन्ने लेखकीय दृष्टिकोण 'झञ्झाप्रति' कवितामा यसरी प्रस्तुत भएको छ :

नाची नागिनी बिजुली ! स्वर्गले डसिई, क्रन्दन गायो !
नर-भविष्य बदलीमा छ ! निफन्दे सृष्टिको डाली !
ढुक्क रहेको शोषण-मुटुमा मृत्युको असिना फाली !
ध्वंसिनी ! हे ! तेरा क्रूर गतिमा करुणा हुन्छन् !
सक्रिय शान्त मुटुमा तेरो सुन्दरले स्वपना बुन्छन्
भोलि हुन्छ धौत गगन, पवन निर्मल सन्त !
ऋतु वसन्त हाँस्छ मधुर, शिशिर हुन्छ अन्त ! (पृ. ७)

प्रस्तुत कवितांशमा प्रकृतिलाई सृजकका रूपमा चित्रण गरिएको छ । आँधीबेहरीसहितको हुरीले नर-भविष्य बदल्न सक्ने भाव व्यक्त भएको छ । शिशिरको जाडाले धुम्मिएको गगन र शुष्क पवनका कारण जनजीवन निकै कष्टकर बनेको छ । कष्टकर समय परिवर्तन गरेर वसन्तको आगमन हुन झञ्झा अनिवार्य हुने गर्दछ । झञ्झाकै कारण गगन धोइने, पवन निर्मल हुने र शिशिरको अन्त भई वसन्त ऋतु सुरु हुने भाव प्रस्तुत गरिएको छ । यसरी प्रकृतिले नयाँ मौसम, परिवेश र खुसियाली ल्याउँदछ भन्ने लेखकीय दृष्टिकोण व्यक्त भएको पाइन्छ ।

यस्तै दृष्टिकोण 'हुरीको गीत' कवितामा यसरी व्यक्त गरिएको छ :

नाश र निर्माण चक्रका मेरा बाफका उठ्छन् धूलि,
नागिनी झिल्का झिल्केर ठुँग्छन् निशाका उरमा, दी शूली ।
चीत्कार उठ्छ अँध्यारो बाक्लो, प्रलय चाख्दछ एकबार,
अन्त र आदि, शून्य र सृष्टि,
लुका र मारी खेल्दछन्, क्षण-क्षण झल्केर, निभेर संसार । (पृ. २२)

प्रस्तत् कवितांशमा हुरीलाई नाश र निर्माणको चक्रलाई क्रियाशील गराउने तत्त्वका रूपमा लिइएको छ । हुरीले पृथ्वीका फोहोरलाई पखालेर तथा बढारेर नव परिवेश सिर्जना गर्ने भाव व्यक्त भएको छ । हुरीद्वारा प्रकृति स्वच्छ र मनोरम हुने गर्दछ । यसरी हुरीलाई नव परिवेश, वातावरण र सौन्दर्यको सर्जकका रूपमा चित्रण गरिएको छ ।

### ४.३.७ मित्रका रूपमा प्रकृति

*लक्ष्मी कवितासङ्ग्रह*का 'तारा तारा', 'ज्वरशमना प्रकृति' आदि कवितामा प्रकृतिलाई एक असल मित्रका रूपमा चित्रण गरिएको छ । प्रकृतिलाई बातचित गर्ने तथा दुःखसुखमा साथ दिने मित्रका रूपमा हेरिएको छ । 'तारा तारा' कवितामा अन्धकारमा तारा मानिसका लागि एक असल मित्र हुने दृष्टिकोण यसरी व्यक्त गरिएको छ :

अहो ! निसासिस् किन ए काँतर !
अन्धकार पौडिन केवल,
ज्योति छ यसको दूर किनारा !
जब छन् राती, यस्ता साथी !
छैनस् अकेला ! जल् सारा !
जीव ए ! शिव हो ! जीव ए शिव हो !
चम्किरहेछन् तारा, तारा ! (पृ. १९०)

प्रस्तुत कवितांशमा अन्धकारका कारण निसासिनुपरेको सन्दर्भ उल्लेख गरिएको छ । अन्धकार र डराएको बेला मानिसले साथीको खोजी गरिरहेको हुन्छ । रात्रीकालीन समयमा प्रायः मानिस विश्राममा हुन्छन् । राति जागा रहने मानिसका लागि मानिस साथी नहुन सक्छ तर ताराले मानिसलाई साथ दिइरहेको हुने भाव व्यक्त भएको छ । ताराकै कारण रात्रीकालीन समयमा डराउनु नपर्ने अवस्था रहेको छ ।

त्यस्तै 'ज्वरशमना प्रकृति' कवितामा पनि यस किसिमको दृष्टिकोण प्रस्तुत भएको छ :

सुखका घडी भएनन् त्यस्ता
बिताएँ मैले अकेला जस्ता
प्रकृतिसाथमा !
मानिसलाई देखाएँ दुःख, देखायो लाचारी
प्रकृतिलाई देखाउँदा मुस्किन्, माथलाई मुसारी
काँढालाई फूलले जान्दछिन् मार्न प्रकृति केवल ॥ (पृ. १५७)

प्रस्तुत कवितांशमा प्रकृति मानिसको असल साथी हो भन्ने प्रकृतिप्रतिको दृष्टिकोण व्यक्त भएको छ । मानिसलाई दुःख देखाउँदा कुनै किसिमको सहयोग अथवा सान्त्वना नपाइएको र प्रकृतिलाई देखाउँदा शिर मुसारेर सान्त्वना दिएको भाव व्यक्त भएको छ । प्रकृतिद्वारा दुःखरूपी काँढा झारेर हृदयमा मलम लगाइएको छ । यसरी दुःखमा मानिस मानिसको साथी बन्न नसके तापनि प्रकृति एक असल साथीका बन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ ।

**४.४ निष्कर्ष**

*लक्ष्मी कवितासङ्ग्रह*का प्रकृतिपरक कवितामा देवकोटाले प्रकृतिलाई ज्ञानको स्रोत, गुरु, ईश्वर र सम्पन्नताको स्रोत, औषधी, मित्र आदिका रूपमा चित्रण गरेका छन् । अत्याचार, शोषण निर्मूल पार्ने ईश्वरीय शक्तिका रूपमा प्रकृतिको चित्रण गरिएको छ । 'झञ्झाप्रति', 'हुरीको गीत', 'वर्षा'

कवितामा यस प्रकारको प्रकृतिसम्बन्धी दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । त्यस्तै प्रकृतिलाई गुरुका रूपमा चित्रण गरिएका कवितामा 'इन्द्रेनी', 'सिस्नोको गुनासो', 'ज्वरशमना प्रकृति' आदि पर्छन् । प्रकृतिलाई सम्पन्नताका रूपमा चित्रण गरिएका कवितामा 'झञ्झाप्रति', 'हुरीको गीत', 'वर्षा', 'पानी' आदि पर्छन् । प्रकृतिको काख निकै आनन्ददायी हुने दृष्टिकोण पनि धेरै कवितामा व्यक्त भएको छ ।

# पाँचौँ परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

*लक्ष्मी कवितासङ्ग्रह*का *कवितामा प्रकृति चित्रण* शीर्षकको प्रस्तुत शोधप्रबन्धलाई पाँचओटा परिच्छेदमा विभाजन गरिएको छ । यस शोधप्रबन्धमा *लक्ष्मी कवितासङ्ग्रह*का 'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'माघ खुलेको बिहानको जप', 'फूलकी कोपीप्रति', 'झञ्झाप्रति', 'प्रार्थनाकी निशि', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'हुरीको गीत', 'वसन्त', 'बिहानको आकाशलाई', 'ग्रहण नुहाउँदीप्रति', 'पानी', 'चराको भजन', 'रातकी आत्माप्रति', 'एक असारको बिहान', 'सावन', 'फागुन फुल्छ संसार सारा', 'वर्षा', 'एक बिहान', 'जुरेलीको गान', 'दार्जीलिङको बाघचूलीमा', 'सघन तमिस्राप्रति', 'धोबिनीको पगली बोली', 'रजनीसँग', 'पोखरा', 'ज्वरशमना प्रकृति', 'हुरीपछिको गृहागमन', 'रानीवनमा', 'उघ्रेर बिग्रेको बिहान', 'एक तरङ्ग', 'बादलको स्वागत', 'सिस्नोको गुनासो', 'गौँथली र देवकोटा', 'म लहरा भएँ', 'क्षितिजतिर', 'तारा तारा', 'अतिथिहरू', 'गधा बोल्छ' र 'शुक्रबार एघार बजे राति' कवितालाई प्रकृतिको रसात्मक स्वरूप, प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको दृष्टिकोणका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधमा प्रकृतिको रसात्मक स्वरूप, प्रकृतिको वस्तुपरक र आत्मपरक चित्रण, प्रकृतिको इन्द्रिय संवेद्य चित्रण, प्रकृतिको मानवीकरण, स्त्रीलिङ्गीकरण, मूर्तीकरण तथा अमूर्तीकरण र प्रकृतिप्रति लेखकीय दृष्टिकोणको विश्लेषण गरिएको छ । शोधसार तथा निष्कर्षलाई प्रस्तुत गरिएको यस परिच्छेदमा शोधप्रबन्धका पहिलो परिच्छेद र पाँचौँ परिच्छेदबाहेक दोस्रोदेखि चौथो परिच्छेदमा विश्लेषण गरिएका सामग्रीको सारांश दिई शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा प्रकृतिका रसात्मक स्वरूपको व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा प्रकृतिका विविध रसात्मक स्वरूपको चर्चा गरिएको छ । प्रकृतिको रसात्मक स्वरूप पहिल्याउन रस सिद्धान्तको सहयोग लिइएको छ । रस सिद्धान्तका स्थापनाका क्रममा भरतमुनिले सर्वप्रथम *नाट्यशास्त्र*मा रससूत्र प्रस्तुत गरेपछि यस सिद्धान्तले विकासको परम्परालाई पछ्याएको र रससूत्रका व्याख्याताले यसलाई अघि बढाउने काम गरेका हुन् । आचार्य भरतमुनिद्वारा प्रतिपादित रसनिष्पत्ति सूत्रअनुसार विभाव, अनुभाव र व्यभिचारी वा सञ्चारी भावको संयोगले रस निष्पत्ति हुन्छ । रसका उपरकणमा स्थायी भाव, विभाव, अनुभाव र सञ्चारी भावहरू पर्दछन् । स्थायी भावमा प्रेम, हाँसो, रिस, उत्साह, घृणा, आश्चार्य, क्रोध, शोक र वैराग्य पर्छन् ।

स्थायी भावलाई प्रकट वा प्रकाशित गर्ने कारण, हेतु वा निमित्तलाई विभाव भन्ने गरिएको छ । रसानुभूतिको बाह्य कारणका रूपमा विभावलाई लिइन्छ । विभाव आलम्बन र उद्दीपन गरी दुई प्रकारका हुन्छन् । अनुभावको व्युत्पत्तिजन्य अर्थ कुनै भावको अनुभव गराउनु भन्ने हुन्छ । नाटकमा अभिनय गर्दा उत्पन्न हुने भावलाई व्यक्त गर्ने विभिन्न चेष्टाहरूलाई पनि अनुभाव भनिन्छ । अनुभावलाई कायिक, वाचिक, सात्त्विक र आहार्य गरी चार प्रकारमा वर्गीकरण गरिएको पाइन्छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा *लक्ष्मी कवितासङ्ग्रहका* कवितालाई इन्द्रिय संवेद्यता, मानवीकरण, स्त्रीलिङ्गीकरण, मूर्तीकरण तथा अमूर्तीकरण, उद्दीपन विभाव र आलम्बन विभाव तथा प्रकृतिको प्रतीककात्मक चित्रणका आधारमा विश्लेषण गरिएको छ । मुख्यतः यस सङ्ग्रहका कवितामा प्रकृतिको दृश्य र ध्वनि संवेद्य चित्रण बढी मात्रामा पाइएको छ । प्रकृतिको गन्ध संवेद्य चित्रणअन्तर्गत फूलको वासको प्रसङ्ग बढी भएको पाइन्छ । प्रकृतिको स्वाद संवेद्य चित्रण एकदमै कम मात्रमा रहेको छ । त्यस्तै प्रकृतिलाई वस्तुपरकभन्दा पनि आत्मपरक ढङ्गबाट चित्रण गरिएको छ । प्रकृतिको तन्मय चित्रणसँग कविको व्यक्तिवादी विचार प्रस्तुत भएको छ । 'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'माघ खुलेको बिहानको जप', 'फूलकी कोपीप्रति', 'झञ्झाप्रति', 'प्रार्थनाकी निशि', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'हुरीको गीत', 'वर्षा', 'सन्ध्या', 'रातकी आत्माप्रति', 'जुरेलीको गान' आदि कवितामा प्रकृतिको आत्मपरक चित्रण पाइन्छ । प्रकृतिको आत्मपरक चित्रण निकै कलात्मक र भावसौन्दर्यका दृष्टिले पनि उच्चकोटिको रहेको छ ।

'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'झञ्झाप्रति', 'फूलकी कोपीप्रति', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'हुरीको गीत', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'फागुन फुल्छ संसार सारा', 'वर्षा', 'एक बिहान', 'धोबिनीले पगली बोली', 'ज्वरशमना प्रकृति', 'उघ्रेर बिग्रेको दिन', 'सन्ध्या' र 'सिस्नोको गुनासो' कवितामा प्रकृतिका विविध स्वरूपलाई मानवीकरण गरिएको पाइन्छ । *लक्ष्मी कवितासङ्ग्रहका* 'इन्द्रेनी', 'झञ्झाप्रति', 'फूलकी कोपीप्रति', 'प्रार्थनाकी निशि', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'ग्रहण नुहाउँदीप्रति', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'एक असारको बिहान', 'सावन', 'फागुन फुल्छ संसार सारा', 'वर्षा', 'एक बिहान', 'जुरेलीको गान', 'दोर्जीलिङको बाघचूलीमा', 'रजनीसँग', 'ज्वरशमना प्रकृति' र 'सन्ध्या' कवितामा प्रकृतिको स्त्रीलिङ्गीकरण गरिएको पाइन्छ । प्रकृतिलाई स्त्रीलिङ्गीकरण गर्न स्त्रीलिङ्गी विशेषण र क्रियापदको प्रयोग गर्दै स्त्री-परिधान पहिऱ्याइएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा प्रकृतिसम्बन्धी देवकोटाको दृष्टिकोणको चर्चा गरिएको छ । *लक्ष्मी कवितासङ्ग्रहका* कवितामा देवकोटाले प्रकृतिलाई गुरु, ईश्वर, ज्ञान र

सम्पन्नताको स्रोत, औषधी, मित्र र सौन्दर्यको खानीका रूपमा चित्रण गरेको पाइएको छ । अत्याचार, शोषण निर्मूल पार्ने ईश्वरीय शक्तिका रूपमा प्रकृतिको चित्रण गरिएको छ । 'झञ्झाप्रति', 'हुरीको गीत' र 'वर्षा' कवितामा यस प्रकारको प्रकृतिसम्बन्धी दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । त्यस्तै प्रकृतिलाई गुरुका रूपमा चित्रण गरिएका कवितामा 'इन्द्रेनी', 'सिस्नोको गुनासो' आदि पर्छन् । प्रकृतिलाई सम्पन्नताका रूपमा चित्रण गरिएका कवितामा 'झञ्झाप्रति', 'हुरीको गीत', 'वर्षा', 'पानी' आदि पर्छन् ।

## ५.२ निष्कर्ष

*लक्ष्मी कवितासङ्ग्रह*का *कवितामा प्रकृति चित्रण* शीर्षकको प्रस्तुत शोधमा प्रकृतिको रसात्मक स्वरूप, प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको दृष्टिकोणका आधारमा कविताहरूको विश्लेषण गरिएको छ । यस शोधमा निर्धारण गरिएका तीनवटा शोधसमस्या र ती समस्याका समाधानका लागि *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लेषण गरी प्राप्त भएका निष्कर्षलाई यसरी प्रस्तुत गरिएको छ :

१. *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका केकस्ता रसात्मक स्वरूपको चित्रण गरिएको छ भन्ने पहिलो शोध समस्या समाधानका सन्दर्भमा *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लेषण गर्दा निम्नानुसारका निष्कर्ष प्राप्त भएका छन् :

(क) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिका शृङ्गार, हास्य, करुण, रौद्र, भयानक, बीभत्स, अद्‌भुत, वीर र शान्त स्वरूपको चित्रण गरिएको छ ।

(ख) 'इन्द्रेनी', 'फूलकी कोपीप्रति', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्त पूर्णिमाप्रति', 'वसन्त', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'फागुन फुल्छ संसार सारा', 'जुरेलीको गान', 'रजनीसँग' र सन्ध्या' कवितामा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण पाइन्छ । प्रकृतिको हास्य स्वरूपको चित्रण कमै मात्रामा पाइएको छ ।

(ग) 'सिस्नोको गुनासो', 'उघ्रेर बिग्रेको बिहान' र 'ज्वरशमना प्रकृति' कवितामा करुण स्वरूप, 'हुरीको गीत' र 'झञ्झाप्रति'मा रौद्र स्वरूप, 'वर्षा'मा भयानक स्वरूप, 'नीलकाँटाको आवाज' र 'सिस्नोको गुनासो'मा बीभत्स स्वरूप, 'एक बिहान'मा अद्‌भुत स्वरूप, 'एक तरङ्ग', 'रातकी आत्माप्रति' र 'माघ खुलेको बिहानको जप'मा प्रकृतिको शान्त स्वरूपको चित्रण गरिएको छ ।

२. *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका के कस्ता पद्धतिको उपयोग गरिएको छ भन्ने दोस्रो शोध समस्या समाधानका लागि *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लेषण गर्दा निम्नानुसारका निष्कर्ष प्राप्त भएका छन् :

(क) 'इन्द्रेनी', 'नीलकाँटाको आवाज', 'झञ्झाप्रति', 'फूलकी कोपीप्रति', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'हुरीको गीत', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'फागुन फुल्छ संसार सारा', 'वर्षा', 'एक बिहान', 'धोबिनीले पगली बोली', 'ज्वरशमना प्रकृति', 'उघ्रेर बिग्रेको दिन', 'सन्ध्या' र 'सिस्नोको गुनासो' कवितामा प्रकृतिलाई मानवीकरण गरिएको छ ।

(ख) *लक्ष्मी कवितासङ्ग्रह*का 'इन्द्रेनी', 'झञ्झाप्रति', 'फूलकी कोपीप्रति', 'प्रार्थनाकी निशि', 'वैशाख चतुर्दशीकी चाँदनीसँग', 'वसन्तपूर्णिमाप्रति', 'ग्रहण नुहाउँदीप्रति', 'रानीवनमा', 'पानी', 'रातकी आत्माप्रति', 'एक असारको बिहान', 'सावन', 'फागुन फुल्छ संसार सारा', 'वर्ष', 'एक बिहान', 'जुरेलीको गान', 'दोर्जीलिङको बाघचूलीमा', 'रजनीसँग', 'ज्वरशमना प्रकृति' र 'सन्ध्या' कवितामा प्रकृतिलाई स्त्रीलिङ्गीकरण गरिएको छ ।

(ग) 'हुरीको गीत' र 'झञ्झाप्रति' कवितामा हुरी र झञ्झालाई शाश्वत विद्रोहचेतको अभिव्यञ्जनाद्वारा अमूर्तीकरण गरिएको छ भने अमूर्त विद्रोहचेतलाई हुरी र झञ्झाका शाश्वत सन्दर्भ र अर्थचित्रणद्वारा मूर्तीकरण गरिएको छ ।

(घ) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिको दृश्य संवेद्य चित्रण सबैभन्दा बढी रहेको छ भने स्वाद संवेद्य चित्रण एकदमै कम छ । प्रकृतिको ध्वनि संवेद्य, गन्ध संवेद्य र स्पर्श संवेद्य चित्रण पनि प्रशस्तै पाइन्छन् । गन्ध संवेद्य चित्रणअन्तर्गत फूलको वास्नाको प्रसङ्ग बढी प्रयोग भएको छ ।

(ङ) इन्द्रेनी, नीलकाँटा, झञ्झा, हुरी र वर्षालाई आलम्बन विभावका रूपमा चित्रण गरिएको छ भने रजनी, एकान्त, रात्री, दोर्जीलिङको बाघचूली, चाँदनी, हिमाललाई उद्दीपन विभावका रूपमा चित्रण गरिएको छ ।

३. *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृतिप्रति के कस्तो दृष्टिकोण व्यक्त भएको छ भन्ने तेस्रो शोध समस्या समाधानका लागि *लक्ष्मी कवितासङ्ग्रह*का कविताको विश्लेषण गर्दा निम्नानुसारका निष्कर्ष प्राप्त भएका छन् :

(क) *लक्ष्मी कवितासङ्ह*का कवितामा प्रकृतिलाई ईश्वर, ज्ञान र सम्पन्नताको स्रोत, औषधी, सौन्दर्यको भण्डार, नव सृजक र मित्रका रूपमा चित्रण गरिएको छ ।

(ख) 'झञ्झाप्रति', 'हुरीको गीत' र 'वर्षा' कवितामा प्रकृतिलाई ईश्वर रूपमा, 'इन्द्रेनी' र 'सिस्नोको गुनासो' मा प्रकृतिलाई गुरु र 'झञ्झाप्रति', 'हुरीको गीत', 'वर्षा' र 'पानी'मा प्रकृतिलाई सम्पन्नताको स्रोत, 'ज्वरशमना प्रकृति' र 'वसन्तपूर्णिमाप्रति'मा प्रकृतिलाई औषधी, 'रजनीसँग' र 'दोर्जीलिङको बाघचूलीमा' कवितामा प्रकृतिलाई सौन्दर्य भण्डार, 'झञ्झाप्रति' र 'हुरीको गीत'मा प्रकृतिलाई नव सृजक तथा 'तारा तारा' र 'ज्वरशमना प्रकृति' कवितामा प्रकृतिलाई मित्रका रूपमा चित्रण गरिएको छ ।

(ग) *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा मनुष्य र प्रकृतिबिच गहिरो अन्तर्सम्बन्ध हुनुपर्ने, प्रकृतिको काखमा समस्त सांसारिक दुःख शमन हुने गरेको, मानिसले फूलैफूल मात्र होइन काँढालाई पनि मन पराउनुपर्ने, पृथ्वी स्वर्गभन्दा विचित्र रहेको र प्रकृतिबाट मानिस जति जति टाढा जान्छ उति उति सांसारिक ज्वरोले रुग्ण बन्ने जस्ता प्रकृतिसम्बन्धी दृष्टिकोण व्यक्त भएको छ ।

*लक्ष्मी कवितासङ्ग्रह*को अध्ययन परम्परामा प्रकृतिका रसात्मक स्वरूप, प्रकृति चित्रणका पद्धति र प्रकृतिप्रतिको लेखकीय दृष्टिकोणका आधारमा विश्लेषण तथा मूल्याङ्कनसम्बन्धी ज्ञानको नव प्रतिपादन यस शोधको प्राप्ति हो । लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित फुटकर कविताको विधागत स्वरूप, बिम्ब, प्रतीक, स्वच्छन्दतावादलगायतका विभिन्न कोणबाट चर्चा, परिचर्चा, अध्ययन, अनुसन्धान तथा विश्लेषण भइसकेका छन् । कुमारबहादुर जोशी, सञ्जय राई बान्तवा, टुनराज भट्टराई, नरेन्द्रराज प्रसाईं, कुरेश पाण्डेलगायतले *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रण भएको जुन सङ्केत गरेका छन्, त्यसका पृष्ठभूमिमा *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा प्रकृति चित्रणका पद्धतिसम्बन्धी ज्ञानको नव प्रतिपादन यस शोधले थप गरेको छ ।

प्रस्तुत शोधमा *लक्ष्मी कवितासङ्ग्रह*का कवितामा चित्रित प्रकृतिको विविध रसात्मक स्वरूप, प्रकृतिको इन्द्रिय संवेद्य चित्रण, मानवीकरण, मूर्तीकरण तथा अमूर्तीकरण र स्त्रीलिङ्गीकरणको चित्रणबारे जुन विश्लषेण गरिएको छ, त्यो नै यस शोधको नयाँ प्राज्ञिक प्राप्ति हो । देवकोटाले यस सङ्ग्रहमा प्रकृतिका विविध बान्कीलाई कल्पनाको अधिकतम उचाइबाट प्रस्तुत गरेका छन् । रस, इन्द्रिय संवेद्य र मानवीकरणका दृष्टिले यस सङ्ग्रहका प्रकृतिपरक कविता निकै उच्चकोटिका रहेका छन् भन्ने ज्ञानको नवप्रतिपादन नै यस शोधको खास प्राज्ञिक उपलब्धि हो ।

# सन्दर्भसामग्री सूची


अवस्थी, महादेव (२०६१), *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,* काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ।

अवस्थी, महादेव (२०७५), 'लक्ष्मीप्रसाद देवकोटाका कवितात्मक योगदानको आँकलन', *समसामयिक नेपाली समालोचना,* राजेन्द्र सुवेदी (सम्पा.), काठमाडौँ : शब्दार्थ प्रकाशन ।

आचार्य, कृष्णप्रसाद (२०६७), 'लक्ष्मीप्रसाद देवकोटा : ज्वरशमना प्रकृति', *कुञ्जिनी,* १६ : १३, पृ. ११३-१२८ ।

आचार्य, जयराम (२०७३), *लक्ष्मी कवितासङ्ग्रहका कवितामा स्वच्छन्दतावाद,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

उपाध्याय, केशवप्रसाद (२०६७), *पूर्वीय साहित्य सिद्धान्त* (पाँचौँ सं.), ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०५७), *देवकोटाका कविता-यात्राको विश्लेषण र मूल्याङ्कन* (दोस्रो सं.) ललितपुर : साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५३), *देवकोटाका कविताकृतिमा प्रकृति,* काठमाडौँ : सरस्वती प्रकाशन ।

जोशी, कुमारबहादुर (२०६५) 'देवकोटाको जीवनादर्श र जीवनदर्शन', *महाकवि देवकोटा र उनका महाकाव्य* (चौथो सं.), ललितपुर : साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०६७), *देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना* (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन ।

थापा, राजेन्द्रकुमार (२०७०), *राजेश्वरी खण्डकाव्यमा प्रकृति चित्रण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७६), *लक्ष्मी कवितासङ्ग्रह* (सातौँ सं.), ललितपुर : साझा प्रकाशन ।

पहाडी, ढुण्डिराज (२०७१), *आधुनिक नेपाली गीत (१९९१-२०१६) मा बिम्बविधान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

पाण्डे, कुरेश (२०७१), *लक्ष्मी कवितासङ्ग्रहको कृतिगत विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, ज्ञानेन्द्रप्रसाद (२०६८), 'ज्वरशमना प्रकृति कविताको संरचनात्मक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, बुटवल बहुमुखी क्याम्पस, बुटवल ।

प्रधान, दिवाकर (सन् १९९४), *अध्यात्म चेतनामूलक आधुनिक नेपाली कविताको विश्लेषण तथा मूल्याङ्कन,* अप्रकाशित विद्यावारिध शोधप्रबन्ध, उत्तर बङ्गाल विश्वविद्यालय, दार्जिलिङ ।

प्रश्रित, मोदनाथ (२०६६), *महाकवि देवकोटाको वैचारिक विकास,* काठमाडौँ : महाकवि देवकोटा शताब्दी महोत्सव ।

प्रसाई, नरेन्द्रराज (२०७१), *देवकोटाको जीवनशैली* (तेस्रो सं.), काठमाडौँ : नइ प्रकाशन ।

बराल, ईश्वर (२०५५), 'काव्य क्षेत्रमा श्री देवकोटाज्यू', *देवकोटा र उनका काव्य,* काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

बराल, ईश्वर सं. (२०७९), *नेपाली साहित्यकोश* (दोस्रो सं.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०६७), *देवकोटा* (चौथो सं.), ललितपुर : साझा प्रकाशन ।

भट्ट, आनन्ददेव (२०६६), 'काव्यात्मक आलोकमा महाकवि देवकोटा', *मधुपर्क,* ४२ : ६, पृ. ४०४१ ।

भट्टराई, टुनराज (सन् २०१२), *लक्ष्मीप्रसाद देवकोटाका फुटकर कवितामा प्रतीक-योजनाको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काशी हिन्दू विश्वविद्यालय, वाराणसी ।

भण्डारी, रामकृष्ण (२०७७), *लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा रसविधान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भुसाल, पुष्पा (२०६८), *कुञ्जिनी खण्डकाव्यमा प्रकृति चित्रण,* अप्रकाशित स्नातकोत्तर शोधप्रत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, सञ्जय (सन् २००२), *महाकवि लक्ष्मीप्रसाद देवकोटाका फुटकर कवितागत बिम्ब-विधानको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित विद्यावारिध शोधप्रबन्ध, उत्तर बङ्गाल विश्वविद्यालय, दार्जिलिङ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको विकासक्रम,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०७६), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (पाँचौँ सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सक्सेना, लालताप्रसाद (सन् २०१९), *हिंन्दी-काव्य में मानव तथा प्रकृति,* लखनऊ : हिंन्दी साहित्य भण्डार ।

सिग्द्याल, सोमनाथ (२०२८), *साहित्य प्रदीप* (दोस्रो सं.), काठमाडौँ : पुस्तक संसार ।

सुवेदी, राजेन्द्र (२०६६), *काव्य, निबन्ध केन्द्रका देवकोटा,* काठमाडौँ : महाकवि देवकोटा शताब्दी महोत्सव ।